२७६

# भक्तपुर मासिक

Bhaktapur Monthly

मंसिर २०७६

ISSN 2705-4454




# सुगौली सन्धि मान्ने कि १९५० को ?

- अपांगता दिवसमा बोसियो र एथ्लेटिक्स प्रतियोगिता
- 'देशघातीहरू पुस्तौंसम्म 'नर्क'मा जाने छन्'
- ईन्जिनियरिङ कलेजमा नेपालको सिमानाबारे प्रवचन कार्यक्रम
- नेवार समाजको एक मौलिक संस्कार इहि
- विस्तारवादी भारतले हेक्का राखून्
- सरकार बिउँझने कहिले हो ?
- भक्तपुर नपाका गतिविधिहरू



हालै पुनर्निमाण सम्पन्न नासमना टोलको वत्सला मन्दिर



देशकै सबभन्दा अग्लो ङातापोँल मन्दिरको संरक्षण कार्यको लागि मंसिर ७ गतेबाट खट बाँध्न शुरु ।



गय:भिन्द्योनिरको पुलको निर्माणकार्य अन्तिम चरणमा पुगेको छ ।



छाती पुन:स्थापना केन्द्रको निर्माण कार्य तीव्रगतिमा भइरहेको छ ।

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

भक्तपुर

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३७ ✯ अङ्क १ ✯ नेसं ११४० ✯ विसं २०७६ मंसिर ✯ A.D.2019

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स


ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : रेणु

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

**‘आफ्नो अज्ञानताको आभास हुनु नै ज्ञानको पहिलो चरण हो ।’**

\- डिजरायली

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | अपांगता दिवसमा बोसियो र एथ्लेटिक्स प्रतियोगिता | – | ३ |
| २) | भक्तपुर नगरपालिकाबाट सैनिक मुख्यालयलाई प्रसिद्ध मयुरको झ्याल उपहार | – | ४ |
| ३) | जनता र सेनाबीचको सुमधुर सम्बन्ध निरन्तरता हुने विश्वास | – | ५ |
| ४) | लिम्पियाधुरासहितको नेपालको नक्सा सरकारलाई हस्तान्तरण | – | ७ |
| ५) | जनस्वास्थ्य सेवा केन्द्र, च्याम्हासिंहमा सामान्य शल्यक्रिया सेवा शुरु | – | १० |
| ६) | बढ्दो गर्भपतनको समस्या विकृति | – | ८ |
| ७) | नेपाल ट्रष्टका सुरक्षा गार्डलाई कब्जामा लियो भन्ने कुरा सत्य होइन | – | १२ |
| ८) | इन्द्रायणीपीठमा पाठेघर र स्तन क्यान्सर शिविर | – | १२ |
| ९) | ईन्जिनियरिङ कलेजमा नेपालको सिमानाबारे प्रवचन कार्यक्रम | – | १३ |
| १०) | ‘देशघातीहरू पुस्तौंसम्म ‘नर्क’ मा जाने छन्’ | – | १४ |
| ११) | भक्तपुर नपाद्वारा पसल व्यवसायीहरूको भेला | – | १६ |
| १२) | डर्बेन्ट शहर र रसियन कल्चरका प्रतिनिधिमण्डल भक्तपुरमा | – | १७ |
| १३) | देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको जग्गाधनी–मोही भेला | – | १९ |
| १४) | भक्तपुर नगरलाई गौरव गर्न लायक सहरको रूपमा विकास गर्ने | – | २० |
| १५) | समाजको हितको निम्ति काम गर्नुपर्ने | – | २० |
| १६) | बंगलादेशका राष्ट्रपतिको नेपाल भ्रमण | – | २१ |
| १७) | राष्ट्रपति हमिदले सोधे–यी दुई भवन किन भिन्न शैलीका ? | उपेन्द्र लामिछाने | २२ |
| १८) | अध्यक्ष बिजुक्छेँसित प्रजग कोरियाली प्रतिनिधिमण्डलको भेट | – | २३ |
| १९) | नरसिंह मन्दिर र इखालाछि मठ पुनःनिर्माण गर्न उपभोक्ता समिति गठन | – | २४ |
| २०) | भक्तपुर नपाद्वारा विद्यालयहरूको अनुगमन | – | २४ |
| २१) | प्रजग कोरियाली प्रतिनिधिमण्डलबाट भक्तपुरको अवलोकन | – | २५ |
| २२) | नगरव्यापी विद्यालयस्तरीय खेलकूद प्रतियोगिता सम्पन्न | – | २६ |
| २३) | भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सर सर्भाइभर मिट | – | ३१ |
| २४) | वडा नं. ३ मा शारीरिक व्यायामशाला उद्घाटन | – | ३२ |
| २५) | मेधा माविको भवन शिलान्यास | – | ३२ |
| २६) | राजनीतिक पार्टी विचारको विद्यालय | – | ३३ |
| २७) | उपत्यकाका बागमतीसमेत कानदीहरू संरक्षणको विषयमा सरोकारवालाहरूबीच छलफल | – | ३५ |
| २८) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ३८ |
| २९) | नेवार समाजको एक मौलिक संस्कार इहि | ओम धौभडेल | ५५ |
| ३०) | विस्तारवादी भारतले हेक्का राखून् | सञ्जय दुवाल | ५८ |
| ३१) | महेन्द्र–सेना–गुगल | विकास श्रेष्ठ | ६२ |
| ३२) | सरकार बिउँझने कहिले हो ? | केदार केसी | ६४ |
| ३३) | सुगौली सन्धि मान्ने कि १९५० को ? | प्रकाश नेपाल | ६८ |
| ३४) | उत्तरी नर्वेको एक हप्ता यात्रामा जाँदा (२) | अनिता प्रजापति | ७० |
| ३५) | रोलमोडल भक्तपुर:शिक्षा, स्वास्थ्य र संस्कृतिबाट अरुले के सिक्ने ? | सुदर्शन अर्याल | ७३ |
| ३६) | स्थानीय पाठ्यक्रम कति प्रभावकारी ? | कल्पना भट्टराई | ७७ |
| ३७) | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | – | ७८ |
| ३८) | ‘भक्तपुर’ वर्ष ३६ को विषय सूची | – | ८१ |
| ३९) | अतिक्रमित भूमि फिर्ता लिन (सम्पादकको पृष्ठ) | – | ९२ |


**साथमा :**


वागीश्वरी कलेजको सातौं कलेज सभा सम्पन्न–९/मालपोत क्षेत्रमा अनुगमन–८/आधारभूत तह परीक्षा समिति २०७६ गठन–१०/वडा नं. २ मा तीनदिने कौसी खेती तालिम–११/वडा नं. ३ मा कौसी खेती तालिम–११/सामुदायिक विद्यालयका प्रध्यानाध्यापकहरूको भेला सम्पन्न–१५/श्री पद्मको वार्षिकोत्सव–१६/कुस्मा नपाका वडाध्यक्ष भक्तपुर नपामा–१७/उपत्यकाव्यापी तेक्वान्दो प्रतियोगिता सम्पन्न–१८/विदेशबाट सिकेको ज्ञान स्वदेशमा प्रयोग गर्नुपर्छ–प्रमुख प्रजापति–१८/उपनिर्वाचन सम्पन्न–३१/बससिबियाँलो–३६/निर्देशन पालना नगर्नेलाई कडा कारवाही–३७/वडा नं. १० कार्यालय परिसरमा सरफाइ–३७/ टोलटोलमा जिमखाना–७५/भक्तपुरका वडामा अब ‘रनिङ मेसिन’ सहितका दुइटा निःशुल्क जिमखाना–७६/SKETCHES FROM NIPAL (43) Henry Ambrose Oldfield–७९/भान्छा–बदामले लम्ब्याउँछ आयु–९०/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ कार्तिक महिनाको प्रतिवेदन–९०/कार्तिक महिनाको पर्यटक तथ्याङ्क– ९१ ।

# अपाङ्गता दिवसमा बोसियो र एथ्लेटिक्स प्रतियोगिता

भक्तपुर नगरपालिकाको आयोजनामा २८ औं विश्व अपाङ्गता दिवसको उपलक्ष्यमा मंसिर ७ गते अपाङ्गता भएका व्यक्तिहरूको लागि बोसियो र एथ्लेटिक्स खेलकुद प्रतियोगिता ख्वप कलेज प्राङ्गणमा सम्पन्न भयो ।




कार्यक्रमका प्रमुख अतिथि नपा प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले अपाङ्गतासम्बन्धी विशेष अधिकार प्रयोग गरी अपाङ्गतामैत्री खेल प्रतियोगिताको आयोजना गरेको बताउनुहुँदै नगरपालिकाले सोही समूहका व्यक्तिहरूको लागि विशेष किसिमको विद्यालय सञ्चालनको लागि स्वीकृति प्रदान गरिसकेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले नपाभित्र अवस्थित सरकारी तथा सार्वजनिक संस्था, स्वास्थ्य केन्द्र तथा पार्कहरूलाई अपाङ्गमैत्री बनाउँदै लगेको बताउनुहुँदै उहाँले नगरपालिकाद्वारा सञ्चालित घरदैलो नर्सिङ सेवा अपाङ्गता भएका व्यक्तिहरूको सेवा निम्ति पनि सुरु भएको हो भन्नुभयो ।

अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण गरी आवश्यकताअनुसारको परिचय पत्र वितरणको थालनी पनि नगरपालिकाले गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले शारीरिक र मानसिक विकासको निम्ति खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने स्पष्ट पार्नुभयो ।

कार्यक्रमका सभापति, भक्तपुर नपा अपाङ्गतासम्बन्धी अस्थायी समन्वय समितिका संयोजक एवम् भक्तपुर नपाका



PYn]6S;

उपप्रमुख रजनी जोशीले अपाङ्गता भएका व्यक्तिहरूमा पनि आ–आफ्ना प्रतिभा हुन्छन् र त्यसलाई प्रदर्शन गर्ने दबु नगरपालिकाले सिर्जना गरेको बताउनुहुँदै कार्यक्रम सफल रूपमा सम्पन्न गर्ने सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् भक्तपुर नपा अपाङ्गतासम्बन्धी अस्थायी समन्वय समितिका सदस्य श्यामकृष्ण खत्रीले अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी आयोजना भएको खेलमा १९५ जना खेलाडीहरूको सहभागिता रहेको जानकारी दिनुहुँदै पुरस्कृत हुने सम्पूर्णलाई बधाईज्ञापन गर्नुभयो ।

अर्का सदस्य ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले नगरपालिकाद्वारा सञ्चालित विशेष किसिमका खेलकुद प्रतियोगिताले विद्यार्थीहरूमा उत्साह थपेको बताउनुहुँदै उनीहरूको उच्च शिक्षाको लागि परिवारले पनि हौसला दिनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपा अपाङ्गतासम्बन्धी अस्थायी समन्वय समितिका सदस्य हिमालयश्वरलाल मूलले यस किसिमको



:jf:Yo lzlj/

प्रतियोगिताले अपाङ्गता भएका विद्यार्थीहरूको प्रतिभा प्रस्फुटनमा टेवा मिल्ने बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैया सुवालले पनि बोल्नुभएको थियो । विश्व अपाङ्गता दिवसको अवसरमा भक्तपुर नगरपालिकाले प्रतियोगिता स्थलमा स्वास्थ्य शिविर पनि सञ्चालन गरेको थियो ।

कार्यक्रममा विजयी खेलाडीहरूलाई प्रमुख अतिथि सुनिल प्रजापतिले मेडल, सेरामिक कप र प्रमाणपत्र वितरण गर्नुभयो भने खेल सफल सञ्चालनको लागि सहयोगी भूमिका खेल्ने रेफ्री तथा प्रशिक्षकहरूलाई पनि मायाको चिनो वितरण गर्नुभएको थियो ।

**मायाको चिनो आदानप्रदान**

# भक्तपुर नगरपालिकाबाट सैनिक मुख्यालयलाई प्रसिद्ध मयुरको झ्याल उपहार

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाली सेनाका प्रधान सेनापति महारथी पूर्णचन्द्र थापालाई मंसिर १८ गते भक्तपुरको प्रसिद्ध 'मयूर झ्याल' उपहारस्वरूप प्रदान गर्नुभयो ।



भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित लोपोन्मुख अवस्थामा रहेको भक्तपुरको ऐतिहासिक एवम् पुरातात्त्विक महत्त्व बोकेको रानी पोखरी जीर्णोद्धार कार्यमा नेपाली सेनाबाट भएको सहयोग र समन्वयप्रति हार्दिक आभार प्रकट गर्दै भक्तपुर नगरपालिकाको तर्फबाट सम्झनाको चिनो 'मयुर झ्याल' उपहार प्रदान गरिएको थियो ।

भद्रकालीस्थित नेपाली सेनाको मुख्यालयमा नेपाली सेनाले आयोजना गरेको मायाको चिनो आदानप्रदान कार्यक्रममा सम्बोधन गर्नुहुँदै नेपाली सेनाका प्रधान सेनापति महारथी पूर्णचन्द्र थापाले कलात्मक 'मयूर झ्याल' प्रदान गरेकोमा नेपाली सेनाको तर्फबाट धन्यवाद दिनुहुँदै भक्तपुरको मौलिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा जगेर्ना गर्न नेपाली सेना, स्थानीय नागरिकसँग सहकार्य गर्न सँधै तयार रहेको बताउनुभयो ।

महारथी थापाले नागरिक र सेनाबीचको सम्बन्ध परापूर्वकालदेखि कायम रहेको र त्यो सम्बन्धलाई मजबुत पार्न भक्तपुर नगरपालिकाले खेलेको भूमिका सकारात्मक रहेको चर्चा गर्नुहुँदै नेपाली सेनाले अन्य नगरपालिकासँग पनि सहकार्य र समन्वय गर्दै प्राचीन ऐतिहासिक ठाउँहरूको संरक्षणमा लागिपरेको बताउनुभयो ।

नेपाली सेना र भक्तपुरबासीबीच अन्योन्याश्रित सम्बन्ध रहेको जिकिर गर्नुहुँदै महारथी थापाले इतिहास संरक्षण गर्ने क्रमसँगै हरियाली प्रवर्द्धनको लागि ठाउँ ठाउँमा बोटविरुवा रोप्ने कार्यलाई पनि प्राथमिकतामा राखी विभिन्न योजनाहरू कार्यान्वयन भइरहेको जानकारी गराउनुभयो ।

नेपालको इतिहास युवा पुस्ताले बिर्सदै जाने खतरा भएकोमा चिन्ता व्यक्त गर्नुहुँदै उहाँले राष्ट्रिय सार्वभौमिकता र भू-अखण्डता रक्षाको निम्ति पनि युवा पुस्तालाई नेपालको इतिहास, संस्कृति, संस्कार र मौलिकताबारे सचेत बनाउन आवश्यक भएको बताउनुभयो । उहाँले नेपाली सेना राष्ट्रको निम्ति आवश्यक अनुशासित नागरिक तयार गर्न प्रयासरत रहेको बताउनुभयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरबासी जनता र नेपाली सेनाबीच सुमधुर सम्बन्ध स्थापित गर्दै जाने उद्देश्यले नगरपालिकाको तर्फबाट मायाको चिनोस्वरूप प्रसिद्ध मयुर झ्याल उपहार प्रदान गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले भक्तपुरको प्रख्यात मयूर झ्यालले जनता र सेनाबीचको सुमधुर सम्बन्धलाई निरन्तरता दिइरहने विश्वास प्रकट गर्नुभयो ।



k|wfg ;]gfklt k0f{Gb|yfkfaf6 dfofsf]rgf]u|x0f ug{b]eQmk'/ gkfsf k|d'v ;'lgn k|hfklt

# जनता र सेनाबीचको सुमधुर सम्बन्ध निरन्तरता हुने विश्वास

भक्तपुरवासी जनता र नेपाली सेनाबीच सुमधुर सम्बन्ध स्थापित गर्दै जाने उद्देश्यले नगरपालिकाको तर्फबाट मायाको चिनोस्वरूप प्रसिद्ध मयूर झ्याल उपहार प्रदान गर्न



k|d'v ;lgn k|hfklt dGtJo /fVg'xF'b}

पाउँदा हामी ज्यादै खुशी छौं । यो उपहार २०७६ कार्तिक १७ गते नगरपालिकाद्वारा सञ्चालित विद्यालयस्तरीय खेलकुद प्रतियोगिता उद्घाटन कार्यक्रममै प्रदान गर्ने योजना थियो ।

भक्तपुर कला र संस्कृतिले भरिपूर्ण ऐतिहासिक र सांस्कृतिक नगर हो । १२ औंदेखि १५ औं शताब्दीसम्म नेपाल मण्डलको राजधानीसमेत रहेको भक्तपुरमा वास्तुकला, प्रस्तरकला र धातुकलाका उत्कृष्ट नमुनाहरू प्रशस्त पाइन्छ । समयक्रमसँगै कयौं मूर्त र अमूर्त कलाहरू लोप भएर गए भने कयौं लोपोन्मुख अवस्थामा छन् । हाम्रो कला र संस्कृति हाम्रो साझा सम्पत्ति हुन् । भक्तपुर नगरपालिकाले कला र संस्कृति संरक्षणमा उत्कृष्टता हासिल गर्दै आएको छ ।

२०७२ सालको भूकम्पले भक्तपुरमा ठूलो धनजनको क्षति भयो । त्यतिबेला नेपाली सेनाले गरेको उद्धार कार्य अत्यन्त प्रशंसनीय छ । संकटको बेला सहयोग गर्ने नेपाली सेनालाई भक्तपुरका जनताले बिर्सने छैनन् ।

विपद्को बेला कसरी नागरिकहरूलाई जोगाउन सकिन्छ भन्नेतर्फ हाम्रो ध्यान गयो । नेपाली सेनासँगको समन्वयमा हामीले ३ वटा समूहमा १२२ जना युवाहरूलाई विपद् व्यवस्थापन तथा उद्धारको तालिम सम्पन्न गरिसकेका छौं । प्रत्येक महिनाको १ र १५ गते हुने नियमित सफाइ कार्यक्रममा पनि समय समयमा नेपाली सेनाका जवानहरूको सहभागिताले सफाइमा नमुना नगर बनाउने हाम्रो योजनामा थप मनोबल बढाएको छ ।

भूकम्पले करिब ८ हजार घर र ११५ भन्दा बढी

---

➲➲ प्रमुख प्रजापतिले भक्तपुर नपा वडा नं. १ स्थित सिद्धपोखरी उत्तरतर्फको खेल मैदान स्थानीय नगरवासी खेलाडीहरूले समेत खेल्न उपलब्ध गराउनुभएकोमा नेपाली सेना र प्रधान सेनापति थापालाई धन्यवाद ज्ञापन गर्नुभयो ।

नेपाली सेनासँगको समन्वयमा ३ वटा समूहबाट १२२ जना युवाहरूलाई विपद् व्यवस्थापन तथा उद्धारको तालिम सम्पन्न गरिसकेको जानकारी गराउनुहुँदै प्रमुख प्रजापतिले महिनाको १ र १५ गते हुने नियमित सफाइ कार्यक्रममा पनि समय–समयमा नेपाली सेनाका जवानहरूको सहभागिताले सफाइमा नमुना नगर बनाउने योजनामा थप मनोबल बढाएको बताउनुभयो ।

उहाँले भन्नुभयो – 'भूकम्पले करिब ८ हजार घर र ११५ भन्दा बढी सम्पदाहरू बिग्रेकोमा निजी घरहरू र सम्पदाहरूको पुन:निर्माण तीव्र गतिमा अगाडि बढिरहेको छ ।'

'वि.सं. २०७२ सालको विनाशकारी भूकम्पले क्षति पुऱ्याएका ११६ वटा सम्पदाहरूमध्ये भक्तपुर नगरपालिकाले हालसम्म ९१ वटा सम्पदाहरू पुन:निर्माण सम्पन्न गरिसकेको छ भने डेढ दर्जनभन्दा बढी सम्पदा निर्माणाधीन अवस्थामा छन्' – उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले च्वङा गणेश मन्दिर परिसर ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्त्वको भएकोले उक्त स्थानमा स्थानीय जनताले सेनासँगको समन्वयमा भौतिक संरचना निर्माण, सरसफाइ तथा संरक्षणको काम गर्दै आएको छ भन्नुभयो ।

कार्यक्रममा नेपाली सेनाका रथी, उपरथी, अधिकृत र भक्तपुर नगरपालिकाका वडाध्यक्षहरू रबिन्द्र ज्याख्व, उकेश कवां, श्यामकृष्ण खत्री, प्रमुख प्रशासकीय अधिकृत दिपक कोइराला र प्रशासकीय अधिकृत दामोदर सुवालको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रममा महारथी पूर्णचन्द्र थापाले प्रमुख प्रजापतिलाई सैनिक चिन्ह अंकित मायाको चिनो र 'द नेपाली आर्मी' नामक पिक्टोरियल बुक प्रदान गर्नुभयो ।

सम्पदाहरू बिग्रेकोमा निजी घरहरू र सम्पदाहरूको पुन:निर्माण तीव्र गतिमा भइरहेको छ। भक्तपुर नगरपालिकाले हालसम्म ९१ वटा सम्पदाहरू पुन:निर्माण सम्पन्न गरिसकेको छ भने डेढ दर्जनभन्दा बढी सम्पदा निर्माणाधीन अवस्थामा छन्।

भक्तपुरको रानीपोखरी निर्माणाधीन सम्पदाहरू मध्ये एक हो। नेपाल संवत् ७५० (वि.सं. १६८७) मा राजा जगज्योति मल्लको पालामा बनेको उक्त पोखरी काठमाडौंको रानी पोखरीभन्दा ४० वर्ष पुरानो इतिहास छ। लामो समयदेखि जीर्ण अवस्थामा रहेको उक्त पोखरीले सांस्कृतिक र धार्मिक महत्त्व पनि बोकेको छ। वरिपरि कुल देवता र देवाली पूजा गर्ने महत्त्वपूर्ण थलो पनि हो – रानीपोखरी।

आजभन्दा ठीक ८ महिनाअघि २०७६ मंसिर १८ गते हामीले प्रधानसेनापति श्री पूर्णचन्द्र थापाज्यूसँग भेट्ने अवसर पायौं। त्यतिबेला हामीले उक्त ऐतिहासिक पोखरी जीर्णोद्धारबारे छलफल गर्‍यौं। उहाँले सकारात्मक सन्देश दिनुभयो। २०७६ जेठ १ गते लिखित रूपमै उक्त ऐतिहासिक रानी पोखरी जीर्णोद्धार र संरक्षणको साथै सर्वसाधारण जनताको लागि खुला गर्ने पत्र प्राप्त भयो। यसलाई जनता र सेनाबीचको सम्बन्धको एउटा महत्त्वपूर्ण पाइलाको रूपमा लियौं।

भक्तपुर नगरपालिकाले रानी पोखरीको नापजाँच, नक्सा तयार गरी ल.इ. पास गरी जीर्णोद्धार कार्य थालनी गर्‍यो। हाल रानी पोखरीले मौलिक स्वरूप ग्रहण गर्दैछ। आजभन्दा झण्डै चार सय वर्षअघिको स्वरूपमा निर्माण गर्न भक्तपुर नगरपालिका लाग्दैछ। त्यहाँकोबारे अध्ययन अनुसन्धानको लागि संस्कृतिविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठको संयोजकत्वमा समिति गठन गरी कार्य भइरहेको छ। उत्खननको क्रममा प्राप्त हुने पुरातात्त्विक महत्त्वका वस्तुहरूको रेकर्ड राख्दै छिटै नै त्यसबारे प्रतिवेदन बुझाउने तयारी भइरहेको छ।

सिद्धपोखरी उत्तरतर्फको खेलमैदानमा सर्वसाधारण जनताले खेल्न पाएका छन्। मैदानको वरिपरि तारजाली राखी मैदान निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको छ। च्वङा गणेश मन्दिर परिसर ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्त्वको भएकोले उक्त स्थानमा स्थानीय जनताले सेनासँगको समन्वयमा भौतिक संरचना निर्माण र सरसफाइ तथा संरक्षण गर्दै आएका छन्। पुन:निर्माण कार्यको सिलसिलामा सेनाबाट कहिलेकाहीं अवरोध सिर्जना गरेको गुनासो आउने गरेको छ। जनताको आस्थाको केन्द्रको रूपमा रहेको त्यस्ता ठाउँहरूमा कहींकतैबाट बाधा अवरोध नपुर्‍याई दिन हाम्रो अनुरोध छ।

**प्रधान सेनापतिज्यूलगायत रथी उपरथीज्यूहरू,**

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा पनि उत्कृष्टता हासल गर्दै आएको छ। ६ वटा शिशु स्याहार केन्द्र, २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरेर देशभरका जनताको सेवा गर्दै आएको छ। घरदैलो नर्सिङ सेवा प्रदान गर्ने देशको एकमात्र नगरपालिका भक्तपुरले सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ।

देशको सार्वभौमिकता रक्षाको मामिलामा हामी अत्यन्त सचेत छौं। संसद, प्रदेश सभा, स्थानीय तह र सेना सबैको उद्देश्य देश र जनताको सेवा हो। हामी जनप्रतिनिधिहरूमा जनताको सेवाबाहेक अर्को कुनै स्वार्थ छैन।

भक्तपुरको प्रख्यात मयूर झ्यालले जनता र सेनाबीचको सुमधुर सम्बन्धलाई निरन्तरता दिइरहने हाम्रो विश्वास छ। यो अवसरमा प्रधानसेनापति र रथी तथा उपरथीहरूमा खुशी व्यक्त गर्दै यसको अवसर जुटाइ दिने मेजर जर्नेल अनन्त कार्की र कर्णेल शिवप्रसाद पौडेललगायतका पदाधिकारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

*(२०७६ मंसिर १८ गते नेपाली सेनाको आयोजनामा भएको मायाको चिनो आदानप्रदान कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार संक्षेप)*

नगरपालिका नगरवासीहरूको संस्था हो।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं।**

# लिम्पियाधुरासहितको नेपालको नक्सा सरकारलाई हस्तान्तरण

सीमा बचाऔँ अभियान, नेपालले आफूअन्तर्गत वरिष्ठ पत्रकार भैरव रिसालको संयोजकत्वमा गठित नक्सा उप–समितिले तयार गरेको लिम्पियाधुरालाई समेत समेटेर तयार पारिएको नयाँ नक्सा गृहमन्त्री रामबहादुर थापालगायतलाई बुझाएको छ। अभियानले त्यसअघि उक्त नक्सा भूमि सुधार,



सहकारी तथा गरिबी निवारणमन्त्री पद्मा कुमारी अर्यालमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुझाउने गरी हस्तान्तरण गरिएको थियो। साथै मंसिर ११ गते नै पूर्णकुमारी सुवेदी सभापति रहेको संसद्‌को कृषि समितिलाई पनि उक्त नक्सा प्रदान गरेको थियो।


सो अवसरमा गृहमन्त्री थापाले कालापानीमा नेपालको स्वामित्व कायम गर्न भारतीय सेना हटाउने र त्यहाँ नेपाली सुरक्षा निकाय खडा गर्ने तयारीमा सरकार लागेको बताए।

मन्त्री अर्यालले कालापानीबाट भारतीय सेना फिर्ता पठाउनका लागि नेपालसँग यथेष्ट प्रमाण रहेको र थप खोज्नसमेत जरुरी नभएको बताएकी थिइन्।

यता कृषि समितिकी सभापति पूर्णकुमारी सुवेदीले पनि कालापानीबाट भारतीय सेना हटाउने कार्यले सफलता प्राप्त गर्ने र त्यसमा नागरिक स्तरबाट सहयोग र दबाबको आवश्यकता पर्ने बताएकी थिइन्।

अभियानमा माधवप्रसाद घिमिरे, सत्यमोहन जोशी, डा. गौरीशंकर लाल दास, हिमालयशमशेर जवरा, भैरव रिसाल, प्राध्यापक उपेन्द्रमान मल्ल, केदारभक्त माथेमा, गौरीबहादुर कार्की, डा.चैतन्य मिश्र, डा. तुलसीराम वैद्य, द्वारिकानाथ ढुंगेल, प्रा.डा नरेन्द्रराज खनाल, डा. पिताम्बर शर्मा, बैरागी काइँला, शान्त श्रेष्ठ, सन्तबहादुर पुन, स्वनाम साथी, हिरण्यलाल श्रेष्ठ लगायतले हस्ताक्षर गरेको १० बुँदे माग पत्र पनि बुझाइएको छ।

माग पत्र बुझाउने क्रममा उहाँहरूले कालापानी नेपाल भएको भन्नलाई नेपालसँग अनगिन्ति प्रमाण भएको, त्यसका आधारमा नेपालले भारतसँग वार्ता गर्न विलम्व गर्न नहुने र त्यो वार्तालाई अर्थपूर्ण बनाउन आफूहरूले सहयोग गर्ने बताएका थिए।




Note 1: Rivers were generated from Advanced Spaceborne al Emission and Reflection Radiometer (ASTER) 30-Meter-Resolution Digital Elevation Model (DEM), National Aeronautics and Space Administration's (NASA) Earth Observing System (EOS) May 14, 2010.
Note 2: In addition to the encroachment of Nepali territory east of the Limpiyadhura tri-junction (the source of the Kali River), there is also encroachment of Nepali territory by India in numerous places in almost all districts bordering India.
Prepared by: Save the Border Campaign, Nepal: Mapping Sub-committee.

# बढ्दो गर्भपतनको समस्या विकृति

भक्तपुर नगरपालिका वडा नं ६ को आयोजनामा मंसिर १६ गते लैङ्गिक हिंसाविरुद्धको कानुनी साक्षरता कार्यक्रम सम्पन्न भयो ।




कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले समाजमा महिलाले महिलामाथि नै हिंसा गरेका घटनाहरू बढी हुने गरेको र कतिपय महिलाहरू हिंसामा परे पनि पीडितहरूले लुकाउने गरेको बताउनुभयो । समाजमा महिला र पुरुषबीच भेदभाव कायम रहेका कारण २१ औं शताब्दीमा प्रविधिको विकासले गर्भपतनको समस्या विकृतिको रूपमा देखापरेकाले यसलाई नियन्त्रण गर्न समाज अगाडि बढ्नुपर्ने कुरामा पनि जोड दिनुभयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष हरिराम सुवालले महिला हिंसाका घटना न्युनिकरण गर्न महिलाहरू शिक्षित हुनुपर्ने र यसमा सम्पूर्ण महिला दिदीबहिनीहरू लाग्नुपर्ने बताउनुभयो ।

त्यस्तै वडा सदस्य गोविन्द दुवालले मूलतः महिला र पुरुषबीच समानताको अधिकार हुनुपर्ने तर त्यसो हुन नसकेको बताउनुभयो । उहाँले समाजमा महिलाहरूबीचमा पनि धनी र गरिबको असमानता रहेका कारण धनी वर्गका महिलाहरू मात्र उच्च तहसम्म पुगेको छ भन्नुभयो ।

कानुन अध्ययन समाजका सदस्य तथा अधिवक्ता अनिता जधारीले लैङ्गिक समानता कायम गर्न र घरेलु हिंसाविरुद्ध एक दिने महिला साक्षरताबारे प्रशिक्षण दिनुभएको उक्त कार्यक्रममा वडा सदस्य रोशनमैया सुवालले पनि बोल्नुभएको थियो ।

# मालपोत क्षेत्रमा अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा भक्तपुर मालपोत क्षेत्रमा लेखापढी व्यवसायलगायत अन्य व्यवसायको मंसिर १७ गते अनुगमन गरेकोमा अधिकांश दर्ता नभएकोले अनुगमन कै क्रममा व्यवसाय दर्ता गरेको थियो ।

तर केही व्यवसायीलाई सहज दर्ता गर्नको लागि यथास्थानमा दर्ता प्रमाणपत्रसहित दिएर सुविधा दिने अनुरोध गर्दा समेट अटेर भई दर्ता नगरेकोले तीन दिनभित्र दर्ता गर्न, सेवाग्राहीलाई दिएको सेवाको विविध शुल्कको सुची राख्न, शुल्क लेनदेन गर्दा पान वा भ्याट भएको रसिद कारोबार गर्न र लेखापढीलगायत अनुमतिको प्रमाण पत्र फर्ममा देखिने गरी राख्न निर्देशन दियो ।

अनुगमनको क्रममा यथास्थानमा नै विभिन्न आठ व्यवसायीले दर्ता गरेको थियो ।

अनुगमनमा समितिका सदस्य रोशनमैया सुवाल, सचिव भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्जू, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, महानगरीय प्रहरी परिसरका प्र.स.नि राजबहादुर डगौरा, उद्योग वाणिज्य संघका सञ्जय जोन्छे सहभागी थिए ।

त्यस्तै समितिले मंसिर १८ गते पनि सोही क्षेत्रमा अनुगमन गऱ्यो । व्यवसायीहरूको अनुरोधमा अनुगमनस्थल मै ९ वटा व्यवसाय दर्ता गरी व्यवसायीहरूलाई सजिलो बनाइदिएको थियो । धेरै व्यवसायीहरूले दर्ता नगरेकोले समयमै दर्ता गर्न सबै व्यवसायीहरूलाई संयोजक गोराले अनुरोध गर्नुभयो ।

अनुगमनमा समितिका सदस्य रोशनमैया सुवाल, सदस्य सचिव भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्जू, वडासचिव पुण्यराम लाखा, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, महानगरीय प्रहरी परिसरका प्र.स.नि सिताराम नेपाल र उद्योग वाणिज्य संघका सञ्जय जोन्छे सहभागी थिए ।

# वागीश्वरी कलेजको सातौं कलेज सभा सम्पन्न

वागीश्वरी कलेजको सातौं कलेज सभा मंसिर ७ गते सम्पन्न भएको छ ।

कार्यक्रमका विशेष अतिथि कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संघीय सरकारले स्थानीय तहलाई शिक्षा नियमावलीअनुसार काम गराउन खोज्नु गलत परम्परा भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा ऐन जारी गरी विना अवरोध कार्यान्वयन गरिरहेको छ भन्नुभयो ।

प्राध्यापकहरूले व्यापारिक मनसाय बोक्न नहुने विषयमा स्पष्ट पार्नुहुँदै उहाँले शिक्षकअनुसार विद्यार्थी तयार हुने हुँदा देशभक्त, इमानदार विद्यार्थी तयार गर्न शिक्षकहरू आफै देशभक्त हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।




उहाँले भन्नुभयो, 'अहिले छरेको देशभक्तिको शिक्षाको परिणाम २० वर्षपछि देखिन्छ ।'

मर्न लागेको मान्छेलाई बचाउने डाक्टरजस्तै विग्रन लागेको विद्यार्थीलाई सपार्न शिक्षकको महत्त्वपूर्ण भूमिका रहनेमा स्पष्ट पार्नुहुँदै उहाँले विद्यार्थीहरूलाई सामाजिक विकृति विसंगतिबारे शिक्षकले सचेत पार्नुपर्छ भन्नुभयो ।

प्रदेश नं. ३ का सांसद सुरेन्द्रराज गोसाईले वागीश्वरी मात्र गहना नभएर गहन चिन्तन स्थलको रूपमा विकास गर्न शुभकामना दिनुहुँदै साहित्यिक, सांस्कृतिक, सामाजिक समस्याको समाधान गर्न प्राध्यापक तथा विद्यार्थीहरूलाई जिम्मेवार बनाउनुपर्छ भन्नुभयो ।

कक्षाकोठामा मात्र सीमित शिक्षाले समाज परिवर्तन सुस्त हुने तथ्य प्रस्तुत गर्नुहुँदै उहाँले नमूना कलेज बनाउने उद्देश्य राखेको वागीश्वरीले विद्यार्थीलाई सही राजनीतिक दृष्टिकोणको जलप लाउन सक्नुपर्छ भन्नुभयो ।

प्रदेश नं. ३ का सांसद एवं वागीश्वरी कलेजका पूर्व विद्यार्थी सृजना सैंजूले देशलाई आवश्यक दक्ष जनशक्ति र २१ औं शताब्दीको लागि योग्य नागरिक तयार गर्न वागीश्वरी अगाडि बढ्न सकोस् भनी शुभकामना दिनुभयो ।

वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले शिक्षामा भइरहेको निजीकरण र व्यापारिकरणलाई चिर्दै सम्पूर्ण जनताका सन्तानको पहुँच पुऱ्याउने उद्देश्यले कलेजलाई अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कलेजले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न मिहिनेत भइरहेकोमा खुशी व्यक्त गर्नुहुँदै उहाँले कलेजले उत्पादित जनशक्तिले समाजको प्रगतिका निम्ति गरेको योगदानको विषयमा अध्ययन अनुसन्धान गर्नुपर्नेमा जोड दिनुभयो ।

नयाँ पुस्तामा देशको सार्वभौमिकताको बारेमा कम संवेदनशीलता भएको बताउनुहुँदै उहाँले भारतले गरेको सीमा अतिक्रमणको विषयमा शिक्षकहरूले थप गहिराइका साथ बुझाउनुपर्छ भन्नुभयो ।

कार्यक्रममा वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद धन्छा, वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापति, प्रा.डा. सिद्धिवीर कर्माचार्य, डा. बलराम दुवाल, डा. राजुभाइ त्यात, उद्धव सुजखु, भानुभक्त हुमागाईलगायतले बोल्नुभएको थियो ।

कलेज व्यवस्थापन समितिका उपाध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न कलेज सभामा कलेजका प्राचार्य धनकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको प्रतिवेदन संशोधनसहित पारित गरियो ।

# आधारभूत तह परीक्षा समिति २०७६ गठन

नगर शिक्षा समिति भक्तपुरले मंसिर ६ गते भक्तपुर नगरपालिकाभित्र अध्ययनरत विद्यार्थीहरूको आधारभूत तह (कक्षा ८) को परीक्षा सञ्चालन, समन्वय तथा आवश्यक व्यवस्था गर्न भक्तपुर नगरपालिका शिक्षा ऐन २०७४ को परिच्छेद ६ दफा १५ बमोजिम भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यको अध्यक्षतामा आठ सदस्यीय आधारभूत तह परीक्षा समिति २०७६ गठन गरेको छ।

उक्त समितिका सदस्यहरूमा भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, सार्वजनिक परीक्षा समितिका गंगाधर हाडा, संयुक्त परीक्षा समितिका पुष्पलाल सुजखु, प्याब्सनका रमेशचन्द्र श्रेष्ठ, एनप्याब्सनका पुण्यराम कवां, इसानका कृष्णराम त्वानाबासु रहनुभएको छ।

समिति गठनपश्चात नगर प्रमुख सुनिल प्रजापतिले सम्पूर्ण पदाधिकारीहरूलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो। कार्यक्रममा प्रमुख प्रजापतिले समितिलाई परीक्षालाई स्वच्छ, मर्यादित एवम् अनुशासित रूपमा सम्पन्न गर्न निर्देशन दिनुभयो।

संविधानले माध्यमिक तह कक्षा १२ सम्मको परीक्षा व्यवस्थापन गर्ने जिम्मा स्थानीय सरकारलाई दिइसकेको सन्दर्भमा एसईई लगायत कक्षा ११ र १२ को परीक्षा पनि नगरपालिकाबाट सञ्चालन गर्नु परेमा नगरपालिका तयार रहेको जानकारी गराउनुहुँदै उहाँले कक्षा ८ को आधारभूत तहको परीक्षा सफल रूपमा सञ्चालन गर्न आग्रह गर्नुभयो।

# जनस्वास्थ्य सेवा केन्द्र, च्याम्हासिंहमा सामान्य शल्यक्रिया सेवा शुरु

भनपा प्रमुख सुनिल प्रजापतिले जनस्वास्थ्य सेवा केन्द्र, च्याम्हासिंहमा सामान्य शल्यक्रिया सेवाको मंसिर ६ गते उद्घाटन गर्नुभयो।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भनपाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रहरूमा सस्तोमा गुणस्तरीय सेवा दिन इमर्जेन्सी सेवालाई स्तरोन्नती गरिसकेकोमा आजबाट सामान्य शल्यक्रिया सेवा शुरु गरिएको जानकारी दिनुभयो।




नगरपालिकाले घरदैलो नर्सिङ सेवाका साथै दीर्घ रोग लागेका बिरामीहरूलाई आर्थिक सहयोग पनि प्रदान गर्दै आएको जानकारी दिनुहुँदै उहाँले नगरमा सर्नेभन्दा नसर्ने रोगका बिरामी बढेको देखिएको हुँदा सबै वडाहरूमा निःशुल्क व्यायामशाला स्थापना गरेको बताउनुभयो।

प्रमुख प्रजापतिले तिलगंगा आँखा अस्पतालमा भन्दा सस्तो दरमा आँखाको अपरेसन शुरु गरिसकेको बताउनुहुँदै नगरपालिकाको जनताको सेवा बाहेक अन्य केही स्वार्थ नभएको तथा आधुनिक साधन सम्पन्न ख्वप अस्पताल सञ्चालन गर्न लागेको बताउनुभयो।

कार्यक्रममा बोल्नुहुँदै भनपा-९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले जनस्वास्थ्य केन्द्रले कम आयश्रोत भएका बिरामीलाई सस्तोमा गुणस्तरीय नयाँ सेवा शुरु गर्दै आएको र जनस्वास्थ्य केन्द्रलाई नै ख्वप अस्पतालमा स्तरोन्नती गरी टाढा-टाढाका बिरामीलाई समेत फाइदा पुग्ने बताउनुभयो।

उहाँले आँखाको शल्यक्रिया शुरु भैसकेको जनकारी गराउनुहुँदै सेवा विस्तारको लागि जनताको रचनात्मक सहयोगको अपेक्षा गर्नुभयो।

कार्यक्रममा जनरल सर्जन डा. पुण्यराम खर्बुजाले सामान्य शल्यक्रिया सम्बन्धी जानकारी दिनुहुँदै हाल एनेस्थेसिया बिना गरिने अपरेशन शुरु भएको हुँदा शरीरमा रगत नबग्ने गरी हुने शरीरमा आएको कुनै गाँठागुठीको शल्यक्रिया हुने बताउनुभयो। जनस्वास्थ्य सेवा केन्द्रले कुनै अपरेशन गर्नु परे डाक्टरको परामर्शमा कम शुल्कमा गर्ने बताउनुभयो।

कार्यक्रममा जनस्वास्थ्य सेवा केन्द्रका व्यवस्थापक प्रमुख डा.रत्नसुन्दर लासीवाले पनि बोल्नुभएको थियो।

# वडा नं. २ मा तीनदिने कौसी खेती तालिम

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा वडा नं. २ द्वारा आयोजित तीनदिने कौसी खेती तालिमको कार्तिक २८ गते उद्घाटन भयो।



कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले कम जग्गामा धेरै उत्पादन कसरी गर्न सकिन्छ भन्ने हिसाबले नगरपालिकाले कौसी खेती तालिमलाई प्राथमिकता दिएको बताउनुहुँदै नगरवासीहरूले नक्साबमोजिम घर बनाउनुपर्ने बताउनुभयो।

उहाँले मौलिक शैलीमा घर निर्माण गर्नेलाई नगरपालिकाले अनुदानको व्यवस्था गरेको जानकारी दिनुहुँदै तरकारी, फलफूल दिनदिनै महँगिदै गएको अवस्थामा आफ्नै कौसीमा तरकारी उत्पादन गर्न सके आर्थिक र स्वास्थ्यमा सहयोग पुग्ने बताउनुभयो।

कृषि प्राविधिकको सहयोगमा कृषि कर्म गरे उत्पादनमा वृद्धि गर्न सकिने उल्लेख गर्नुहुँदै उहाँले बालीमा कीटनासक औषधिको प्रयोगमा गम्भीर ध्यान दिनु आवश्यक भएको बताउनुभयो।

वडा नं. ३ का वडाध्यक्ष एवम् कृषि समितिका संयोजक राजकृष्ण गोराले अन्य देशबाट आयात हुने विषादीयुक्त तरकारी र फलफूलहरूको सेवनले स्वास्थ्यमा नकारात्मक असर पुगेको हुँदा नगरपालिकाले प्रत्येक परिवारलाई पुग्दो तरकारी उत्पादन गर्न सहयोग मिल्ने ढङ्गले कौसी खेती तालिममा जोड दिइरहेको बताउनुभयो।

उहाँले बजार अनुगमनको क्रममा मिठाइ पसलहरूमा अत्यधिक अखाद्य रङ मिसावट गरेको पाइएको हुँदा उपभोक्ताहरू सचेत हुनुपर्ने बताउनुभयो।

वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले नगरपालिकाले गरेको विभिन्न गतिविधिअन्तर्गत सबै वडामा कौसी खेती तालिम सञ्चालन गरिरहेको बताउनुहुँदै देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजनाबारे जनतासँग छलफल गरी अगाडि बढ्ने बताउनुभयो।

कार्यक्रममा प्रशिक्षक रमेश वैद्यले युवा कृषकहरूलाई कृषि क्षेत्रमा अगाडि बढाउन तालिम आवश्यक भएको जानकारी गराउनुहुँदै कृषि पेशालाई सम्मानजनक ढङ्गले हेर्नु आवश्यक छ भन्नुभयो।

कार्यक्रममा वडाका कृषि समितिका संयोजक एवम् सभापति रत्नकाजी नायभारी र कृषक राजाराम बासुकलाले पनि बोल्नुभएको थियो।

# वडा नं. ३ मा कौसी खेती तालिम

भक्तपुर नगरपालिकाका उपप्रमुख श्री रजनी जोशीले भनपा-३ को आयोजनामा तीन दिने कौसी खेती तालिमको मंसिर ५ गते उद्घाटन गर्नुभयो।

कार्यक्रममा उपप्रमुख जोशीले भनपाले शिक्षा र स्वास्थ्यलाई प्रमुख प्राथमिकतामा राखी इन्जिनियरिङ लगायत ७ वटा कलेजहरू सञ्चालन गरिरहेको, नगरका हरेक वडामा व्यायाम स्थल स्थापना गरेको, दम खोकी रोगको उपचारका लागि छाती पुनर्स्थापना केन्द्र तथा १०० शय्या क्षमताको ख्वप अस्पतालको निर्माण भैरहेको जानकारी गराउनुभयो। उहाँले नगरको वातावरण स्वच्छ र सफा बनाउन घर-घरबाट निस्किने कुहिने तथा नकुहिने फोहोर छुट्याएर मात्र आफ्नो फोहोर संकलन गर्न आउने ट्राइसाइकललाई पठाउनुहुन अनुरोध गर्नुभयो।

उप्रमुख जोशीले भक्तपुर नगरमा जग्गा जमिनको अभाव हुँदै गएको हुँदा कौसी खेती तालिम पश्चात वडावासीहरूले आफ्नै कौसीमा विषादीमुक्त तरकारी खेती गर्न सक्षम बनाउन यो तालिम महत्त्वपूर्ण भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले वर्षै भरी नगरवासीहरूका लागि विभिन्न तालिमहरू सञ्चालन गरिरहेको बताउनुहुँदै उहाँले भूगोलशास्त्र, राजनीतिशास्त्र, संस्कृति, कानुन तथा कलाशास्त्र विषय अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको उहाँले जानकारी गराउनुभयो।

कार्यक्रम वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले नगरवासीहरू स्वस्थ रहन खानपानमा ध्यान दिई नियमित व्यायाम गर्नुपर्ने बताउनुहुँदै बजारमा सामान खरिद गर्दा ती सामानहरूको म्याद नाघेका हो वा होइन एकीन गरेर मात्र खरिद गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा प्रशिक्षक सविन ख्याजुले आफ्नो घरको लागि आवश्यक विषादीमुक्त तरकारी आफ्नै कौसीमा उत्पादन




गर्न सकिने तथा कौसी खेतीले घरबाट निस्किने फोहोर व्यवस्थापन गर्न सघाउ पुग्ने बताउनुभयो।

कार्यक्रममा कार्यपालिका सदस्य सुनिता अवाल, वडा सदस्य कृष्णगोपाल चौगुठी र समाजसेवी रामसुन्दर खाताखोले पनि बोल्नुभएको थियो।

# नेपाल ट्रष्टका सुरक्षा गार्डलाई कब्जामा लियो भन्ने कुरा सत्य होइन

'नेपाल ट्रष्टको जग्गा संरक्षणमा खटिएका सुरक्षा गार्ड कब्जामा लियो' भन्ने समाचारप्रति भक्तपुर नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको मंसिर ३ गते जनाएको छ ।

भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा संरक्षणको अभावमा निरन्तर अतिक्रमण भई हाल १०६ रोपनी मात्रै बाँकी रहेको नापजाँचबाट देखिन आएको हुँदा तत्काल संरक्षण गर्न नसकेमा थप अतिक्रमण हुने सम्भावनालाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले नेपाल ट्रष्टलाई लिखित जानकारी दिएर संरक्षण सुरु गरेको हो ।

उक्त जग्गामा जथाभावी पार्किङ गर्ने, निर्माण सामग्रीहरू थुपार्ने तथा फोहर फाल्ने गरेको कारण नगर प्रवेश हुने ठाउँमा त्यस्तो राख्नु उपयुक्त नदेखिएको र ठाउँ-ठाउँमा विभिन्न व्यक्तिहरूले टहरासमेत बनाई उपभोग गरिरहेको हुँदा नगरपालिकाले नियमानुसार ती टहराहरू हटाउन लगाएको थियो । पर्खाल निर्माणकै क्रममा नेपाल ट्रष्टका सचिव गजेन्द्रकुमार ठाकुरसहितको टोली र सदस्य यामजोङ शेर्पाको नेतृत्वको टोलीले अनुगमन गरेका थिए । उहाँहरूसँग पटक-पटक बसेको बैठकले 'भक्तपुर नगरपालिकाले आफ्नै लगानीमा पर्खाल लगाएको सकारात्मक भन्दै भक्तपुरवासी जनताको अधिकत्तम हितमा उक्त जग्गा सदुपयोग गर्ने' निर्णयसमेत गरेको थियो ।

नेपाल ट्रष्टको जग्गा संरक्षण गर्ने बाहेक भक्तपुर नगरपालिकाको कुनै स्वार्थ नभएको, नगरपालिका र ट्रष्टबीच छलफलभै संरक्षणको काम भइरहेकोमा मिति २०७६ मंसिर ३ गते नगरपालिकाले लगाएको साँचो फोडी फालिराखेको सूचना प्राप्त भएपछि के कसो हो भनी उक्त ठाउँमा बसिरहेको एक व्यक्तिसँग सोधपुछ गरिएको र नेपाल ट्रष्टबाट खटाइएको पाइएपछि प्रहरी प्रशासनमा जानकारी दिइ फर्काइएको थियो । 'नेपाल ट्रष्टका सुरक्षा गार्डलाई कब्जामा लियो' भन्ने समाचार सत्य होइन ।

सञ्चारमाध्यमहरूमा प्रकाशित समाचारहरूमा भक्तपुर नगरपालिकाले उक्त जग्गामा 'स्वामित्व लिन खोज्यो' भन्ने आशय अत्यन्त गलत हो । नगरपालिका नियमानुसार चल्ने एक वैधानिक संस्था हो । नेपाल ट्रष्टको नाउँमा ३ वटा ठूल्ठूला साइन बोर्ड उक्त स्थानमा राखेको पाइयो । उक्त बोर्डहरूमा भक्तपुर नपा १ सल्लाघारी ठेगाना नलेखी कटुन्जे ९ (ख) कित्ता नं. ५४० लेखिएकोले जनतामा गलत सन्देश जाने र भ्रम सृजना हुने हुँदा त्यसलाई सच्याउन नेपाल ट्रष्टलाई भक्तपुर नगरपालिकाले यस अगाडि पनि आग्रह गरेको कुरा यहाँ प्रस्ट पार्न चाहन्छ ।

# इन्द्रायणीपीठमा पाठेघर र स्तन क्यान्सर शिविर

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपा वडा नं. २ कार्यालयको आयोजना तथा भक्तपुर क्यान्सर अस्पतालको सहयोगमा महिलाहरूको पाठेघर र स्तन क्यान्सरसम्बन्धी एकदिने शिविरको कार्तिक ३० गते उद्घाटन गर्नुभयो ।

इन्द्रायणी पीठमा भएको उक्त शिविरमा वडाका २५४ जना महिलाहरूले पाठेघर र स्तन परीक्षण गराए ।

उद्घाटन समारोहमा उपप्रमुख जोशीले महिलाहरू शिक्षित र सक्षम भए परिवार शिक्षित र सक्षम हुने विचार व्यक्त गर्नुभयो । महिलाहरू स्वस्थ नभए परिवारै बिरामी हुने भएकोले आफ्नो स्वास्थ्य स्थितिको विषयमा जानकारीको लागि शिविर महत्त्वपूर्ण हुने उहाँले बताउनुभयो ।

नगरका जनताको स्वास्थ्य स्थिति राम्रो बनाउन जनस्वास्थ्य सेवा केन्द्र सञ्चालनमा रहेको र ख्वप अस्पताल निर्माण गरिरहेको विचार राख्नुहुँदै उहाँले गरिब जनताका छोराछोरीको शिक्षाको लागि शैक्षिक ऋण र एमडी वा सोसरह अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरेको बताउनुभयो ।

शिविर उद्घाटन समारोहमा भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले जनताको स्वास्थ्य सुधारको




लागि शिविर आयोजना गरेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका डा. रक्षा भुजु, वडा सदस्य श्यामसुन्दर मातां र तुल्सीलक्ष्मी दुमरु (बाटी) ले पनि बोल्नुभएको थियो ।

# ईन्जिनियरिङ कलेजमा नेपालको सिमानाबारे प्रवचन कार्यक्रम

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ख्वप ईन्जिनियरिङ्ग कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ्गको संयुक्त आयोजनामा मंसिर ३ गते नेपालको सिमानाबारे प्रबचन कार्यक्रम भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भारत आफूभन्दा साना र कमजोर देशहरूमाथि हस्तक्षेप र भूमि अतिक्रमण गर्दै अन्तराष्ट्रिय स्तरमा शक्तिशाली बन्ने होडमा लागिरहेको बताउनुहुँदै अन्तर्राष्ट्रिय जगतमा भारतीय विस्तारवादको विरोध गर्नु आवश्यक भएको बताउनुभयो ।

देशलाई अप्ठ्यारो पर्दा आवाज नउठाउने र विरोध नगर्ने नागरिक देशभक्त हुन नसक्ने भन्नुहुँदै उहाँले यो समयमा हरेक न्यायप्रेमी र देशभक्त नागरिकले सशक्त रूपमा कुटनीतिक लडाइँ लडेर भारतलाई पराजित गर्नुपर्ने बताउनुभयो ।

भारतीय विस्तारवादले नेपाललाई कहिल्यै स्वतन्त्र देशको रूपमा स्वीकार गर्न नचाहेको बताउनुहुँदै उहाँले "सानो दशेको राजनैतिक अस्तित्व हुँदैन भन्ने तरिकाले भारत अगाडि बढेको देखिन्छ" भन्नुभयो ।

आर्थिक रूपले स्वतन्त्र नभएको देश राजनैतिक रूपले पनि स्वतन्त्र नहुने भएकोले भारतले नेपालको आर्थिक क्षेत्र ध्वस्त पार्न खोजिरहेको जिकीर गर्नुहुँदै अन्यायको विरोध नगर्ने नागरिकले कसैको हितमा काम नगर्ने हुँदा देशभक्त नागरिक तयार गर्ने नगरपालिकाको उद्देश्य रहेको बताउनुभयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका सदस्य एवं वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नेपालको पूर्वी र पश्चिमी सीमा कहाँसम्म छ भन्ने राजनीतिक स्तरबाट स्पष्ट नहुँदा भारतीय सरकारसँग आफ्नो भूमि दाबी गर्न नेपालीहरूलाई समस्या भइरहेको बताउनुभयो ।

उहाँले देशभक्त नेपाली जाताले लिम्पियाधुरा अतिक्रमणको विषयमा आवाज बुलन्द गर्नुपर्ने र यो विषयमा नेपाल सरकारलाई स्पष्ट धारणा सार्वजनिक गराउन बौद्धिक समुदायले दबाब दिनु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा बोल्नुहुँदै ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य ई. सुनिल दुवाल र ख्वप इन्जिनियरिङ्ग कलेजका प्रचार्य सुजन माकले लिम्पियाधुरा, कालापानी, लिपुलेकको वास्तविकताबारे विद्यार्थीहरूलाई जानकार गर्न र सचेत पार्न यो कार्यक्रम आयोजना गरेको र देशैभरका युवा तथा विद्यार्थीहरू भारतीय हस्तक्षेपको विरोधमा सडकमा उत्रेका छन् भन्नुहुँदै यसको सशक्त विरोध गर्नु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा सीमाविद् रतन भण्डारीले "लिम्पियाधुरा सीमा अतिक्रमणः नेपालको सार्वभौमिकता र क्षेत्रीय अखण्डता माथिको नाँगो आक्रमण" विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सीमाविद् रतन भण्डारीलाई मायोको चिनोस्वरूप मयुरको झ्याल प्रदान गर्नुभयो ।



# 'देशघातीहरू पुस्तौंसम्म 'नर्क' मा जाने छन्'

- सुनिल प्रजापति



भारतले २०७६ कार्तिक १८ गते नयाँ नक्सा सार्वजनिक गर्दै कालापानी, लिपुलेक र लिम्पियाधुरा आफ्नो भागमा पाऱ्यो। जनस्तरबाट भारतको चर्को विरोधपछि कार्तिक २० गते परराष्ट्र मन्त्रालयले 'कालापानी नेपालको भू–भाग भएको' दाबी गर्दै विज्ञप्ति जारी गऱ्यो। परराष्ट्र मन्त्रालयले नेपाली भाषामा मात्रै विज्ञप्ति जारी गरेको र जारी गर्ने अधिकारीका नाम उल्लेख नभएकोबारे चर्को आलोचना भयो। भारतले नक्सामा सुधार गर्नुको सट्टा परराष्ट्र मन्त्रालयले पत्रकार सम्मेलननै गरेर प्रवक्ता रविस कुमारले जवाफ दिए। उनले भने 'नक्सामा सिमाना परिवर्तन भएको छैन।'

भारतले सार्वजनिक गरेको नक्साअनुसार करिव ३७२ वर्ग कि.मी. अर्थात भक्तपुर जिल्ला जस्तो ३ वटा भू–भाग उसको भागमा पारेको छ। नेपालका शासक दलका नेताहरूमा देखिएका लम्पसारवादी नीतिकै कारण भारतले हाकाहाकी जग्गा अतिक्रमण गर्ने आँट गरेको हो। देशको ७१ ठाउँमा ६० हजार हेक्टरभन्दा बढी जग्गा मिच्दासमेत नेपालमा सरकारमा गएका पार्टीहरू चुँसम्म नबोलेको कारण यो स्थिति आएको हो। भारतले नेपालको भूमि अतिक्रमण गर्नु आश्चर्यको कुरा होइन, मुख्य कुरा त हाम्रा सरकारहरूले आफ्नो भूमि सुरक्षित गर्न सकेन।

भारत विश्व शक्तिको होडमा लागेको देश हो। हात हतियार, भौतिक संघर्षमा भन्दा कुटनैतिक र कानुनी लडाइँमा नेपालले भारतलाई हराउन सकिन्छ। नेपालको भूमि अतिक्रमणलाई लिएर भारतलाई अन्तर्राष्ट्रिय रूपमा नङ्ग्याउन आवश्यक छ। वैदेशिक रोजगारमा गएका ४० लाखभन्दा बढी युवाहरू विभिन्न देशमा कार्यरत छन्। तिनीहरूमार्फत विश्वका विभिन्न देशहरूका राजदूतावासमा विरोध पत्र दिने, सडकहरूमा विरोध–ऱ्यालीहरू गर्ने र सीमा अतिक्रमणको मुद्दालाई अन्तर्राष्ट्रियकरण गरेर अघि बढ्नु पर्ने देखिन्छ। परराष्ट्र मन्त्रालयका सीमा विज्ञ, कानून विज्ञहरूले गम्भीरता पूर्वक अध्ययन गरी अन्तर्राष्ट्रिय अदालतमा भारतविरुद्ध मुद्दा दर्ता गर्नेतर्फ ध्यान दिनुपर्छ। नेपाल सरकारले अहिलेसम्म यसतर्फ ध्यान दिएको पाइँदैन। कानूनी प्रकृया अबलम्वन गर्न ढिलाइ भएमा त्यसको घातक परिणाम हुनसक्छ।

सीमा विज्ञहरू र नेपालमा प्राप्त प्रमाणहरू अनुसार महाकाली नदी नै नेपाल भारत सीमा नदी हो। तर महाकालीको मुहान कहाँ हो ? भन्नेमा नै विवाद छ। भारतले धेरै तल आएर नेपालको भू–भागमै काली नदीको मुहान बनायो। यसबारे नेपाल सरकार बेखबर भयो वा सरकारले चासो नै दिएन। वास्तवमा सीमाविद्हरूका अनुसार लिम्पियाधुराको कुटियाङ्दी नै काली नदीको मुहान हो। नेपाल सरकारको त्यस क्षेत्रमा उपस्थितिनै छैन। जबकि भारतले स्वतन्त्रतापछि सन् १९५२ देखि नै कालापानीमा सेना राख्दै आएको छ।

नेपाल सरकारले सुगौली सन्धि अघि कै भू–भाग दाबी गर्नुपर्छ किनभने सन् १८१६ मा भएको सुगौली सन्धि प्रकृया नै नपुऱ्याई वैधानिकता दिएको पाइन्छ। उक्त सन्धिमा वैधानिकता पाउन के कति प्रकृया पुरा गरेपछि वैधानिकता पाउने भन्ने विधि नै उल्लेख छ। राजा गिर्वाण युद्ध विक्रम शाहको पालामा सम्पन्न उक्त सन्धिमा गजराज मिश्र र चन्द्र शेखर अधिकारीले हस्ताक्षर गरेका थिए। इष्ट इण्डिया कम्पनीको तर्फबाट कर्णेल ब्राड्शाले हस्ताक्षर गरेको उक्त सन्धिले वैधानिकता पाउन सन्धिमा हस्ताक्षर भएको १५ दिन भित्र नेपालका राजाको हस्ताक्षर हुनुपर्ने र लालमोहर लागेको २० दिन भित्र कर्णेल ब्राड्शामार्फत गभर्नर जर्नललाई दिने भन्ने स्पष्ट उल्लेख देखिन्छ। तर सन् १८१६ मार्च ४ मा मात्रै राजाको प्रतिनिधिको रूपमा चन्द्र शेखर अधिकारीले हस्ताक्षर गरे। सुरुको सम्झौतामा पनि अधिकारीले नै हस्ताक्षर गरेको हुँदा उनले नै राजाको हैसियतले पुनः हस्ताक्षर गरी हस्तान्तरण गरेकालाई त्यसबेला जे जस्ता भएपनि अहिले प्रकृया पुरा नगरी गरेको सन्धिले वैधानिकता पाउन नसक्ने दाबी गर्दै कानूनी प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ।

राष्ट्रघात गर्नेहरूलाई अंग्रेजहरूले पुरस्कार पनि ➲➲

# सामुदायिक विद्यालयका प्रध्यानाध्यापकहरूको भेला सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा मंसिर १८ गते भक्तपुर नपाको सभाकक्षमा भएको सामुदायिक विद्यालयहरूका प्रधानाध्यापकहरूको भेलामा बोल्नुहुँदै प्रमुख सुनिल प्रजापतिले नेपालको संविधान २०७२ बमोजिम भनपाले शिक्षा ऐन बनाइ लागू गरेको जानकारी दिनुहुँदै भक्तपुरका सामुदायिक विद्यालयहरूका शिक्षकहरूको लगनशीलता अनुकरणीय रहेको बताउनुभयो।

उहाँले अवकाश प्राप्त शिक्षकहरूको अनुभवलाई उपयोग गर्नुपर्ने उल्लेख गर्नुहुँदै विद्यालयको कमाण्डर प्रधानाध्यापक हुने भएकोले विद्यालय राम्रो बनाउने जिम्मा पनि प्रअमै निहित हुने बताउनुभयो।

प्रमुख प्रजापतिले विद्यालयले शिक्षकहरूलाई क्षमता अनुसारको जिम्मा लगाई कार्य गराउनुपर्ने आवश्यकता औंल्याउनुहुँदै विद्यालय र शिक्षक/शिक्षिकाहरूको क्षमता अभिवृद्धिका लागि नगरपालिकाले सहयोग गर्ने बचनबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा भनपा-५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले आधारभूत परीक्षा प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि कक्षा ८ को प्रश्नपत्र निर्माणकर्ता र उत्तरपुस्तिका परीक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम छिट्टै सञ्चालन गरिने जानकारी दिनुभयो।

प्रमुख प्रशासकीय अधिकृत दीपक कोइरालाले केन्द्रबाट निर्देशित नीतिहरू स्थानीय तहबाट आवश्यकतानुसार परिवर्तन गर्नुपर्नेमा जोड दिनुहुँदै एउटा विद्यालयको असल अभ्यास अर्को विद्यालयसँग साटासाट गर्नुपर्ने बताउनुभयो।



;fdbflos lj\Bfnox¿sf k|wfgfWofksx¿sf] e]nfdf af]Ng'xF'b} k|d'v ;'gLn k|hfklt

कार्यक्रममा भनपा शिक्षा शाखाका उपसचिव हरिप्रसाद निरौलाले शिक्षकहरूले गुणस्तरीय शिक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउनुहुँदै समाजलाई सुसंस्कृत र विकसित तुल्याउन स्थानीय पाठ्यक्रमलाई विशेष जोड दिनुपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा सार्वजनिक परीक्षा समितिका गंगाधर हाडा, संयुक्त परीक्षा समितिका अम्बिका न्याईच्याई र नपा शिक्षा शाखाका कृष्णप्रसाद कर्माचार्यले पनि बोल्नुभएको थियो।

---

दिएका थिए। चन्द्र शेखर अधिकारीलाई भारतको मजफपुर जिल्लाका ३६ मौजा जमिन प्रदान गरे भने चन्द्र शेखरका सन्तान दर सन्तानलाई मेजेस्ट्रेट र कलेक्टरको जागिरको सुनिश्चितता गरे भने गजराज मिश्रलाई बनारसको दुर्गाकुन्ज नजिक 'मिश्र पोखरा' र पटनाको गान्धी मैदान नजिक पनि 'मिश्र पोखरा' नामाकरण गरी दिए। आफ्नो व्यक्तिगत स्वार्थका कारण देशघात गर्ने गद्दारहरूलाई मालिकहरूले पुरस्कार दिने गर्छन् यस्ता देशघातीहरू पुस्तौं 'नर्क' मा जानेछन्। आज ती गद्दारहरूकै कारण नेपालको झण्डै आधा जमिन गुम्न पुग्यो। नेपालमा अहिले पनि थुप्रै चन्द्र शेखरहरू र गजराज मिश्रहरू जन्मेका छन् जस्ले आफ्नो पदको लागि देशका जलश्रोत भारतलाई सुम्पे। कोशी, गण्डक र महाकाली सन्धि त्यसका उदाहरणहरू हुन्।

हुनत सन् १९५० को सन्धिमा त्यस अघि भएका सबै खाले सन्धि सम्झौताहरू खारेज गरियो भनी लेखिएको छ। त्यस सन्धिअनुसार सुगौली सन्धि पूर्वका सिमाना पूर्वमा टिस्टा र पश्चिममा किल्ला काँगडासम्म नेपालले दावी गर्नुपर्ने हो। कानूनी रूपमा त्यो हाम्रो भूमि भइसकेको छ। तर कस्ले त्यसबारे वैधानिक रूपमा आवाज उठाउने ?

नेपालको सुस्ता मिच्दा नेपालीहरूले चर्को विरोध गरे। भारतले वेवास्ता गर्दै थप धेरै जग्गा अतिक्रमण गऱ्यो। भारत कुनै हालतमा नेपालको अस्तित्व स्वीकार गर्न चाहँदैन। नेपालको सरकार परिवर्तनदेखि सबै खालका महत्त्वपूर्ण निर्णय उसको जानकारीमा हुनुपर्ने मान्यतामा छ। बेलायती साम्राज्यवादले सन् १९४७ मै भारत छोडे पनि छिमेकी देशहरूमाथि थिचोमिचो गर्ने बेलायती मानसिकता भारतीय नेताहरूमा अद्यापि छँदैछ। त्यसैले भारत नेपालले स्वतन्त्र रूपमा अर्थतन्त्रको विकास भएको चाहँदैन। नेपालको जलश्रोत, उद्योग धन्दाहरू एक एक गरेर आफ्नो कब्जामा लिनु यसैको उदाहरण हो।

*(मंसिर ३ गते ख्वप इ.कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ कलेजको संयुक्त आयोजनामा भएको नेपालको सीमा बारे प्रवचन कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार)*

# श्री पद्‌मको वार्षिकोत्सव

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा श्री पद्‌म मा.वि.को ९६ औं तथा पद्‌म कलेजको १० औं वार्षिकोत्सवको उपलक्ष्यमा सातौं पद्‌म कप जिल्लाव्यापी अन्तर विद्यालयस्तरीय भलिबल प्रतियोगिताको उद्‌घाटन मंसिर २ गते भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले खेलकुद स्वस्थ जीवनको लागि अपरिहार्य भएको बताउनुहुँदै नागरिक स्वस्थ र शिक्षित भए समाज सभ्य र सुसंस्कृत हुने बताउनुभयो ।

नगरपालिकाले विभिन्न खेलको नियमित प्रशिक्षण गरिरहेको, राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडी तयार गर्न खेलाडी सम्मान र नगरका सबै वडामा व्यायामशाला स्थापना गरिसकेको बताउनुहुँदै नगरपालिकाद्वारा सञ्चालित घरदैलो नर्सिङ्ग अभियानबाट भक्तपुरमा नसर्ने रोगको जोखिम बढेको तथ्य पत्ता लागेको बताउनुभयो ।

आफूले हासिल गरेको विशेषज्ञता देशको निम्ति प्रयोग गर्न प्रेरित गर्नुहुँदै उहाँले भारतीय विस्तारवादले देशको सिमाना मिचेर देशको सार्वभौमिकता नै खतरामा पारेको हुँदा सम्पूर्ण नेपालीले भारतीय विस्तारवादको विरोध गर्नु आजको मुख्य विषय बनेको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ३ का वडाध्यक्ष एवं कलेज व्यवस्थापन समितिका सदस्य राजकृष्ण गोराले विद्यार्थीमा अध्ययनका साथै अतिरिक्त क्रियाकलाप र खेलकुद क्षेत्रमा संलग्न हुँदा अनुशासन र मित्रता कायम रहने बताउनुभयो । उहाँले भारतीय विस्तारवादी नीतिका कारण देशको सार्वभौमिकता संकटमा परेको अवस्थामा विद्यार्थीहरूलाई देशको सार्वभौमिकता रक्षा गर्न प्रतिबद्ध र सचेत रहन उहाँले आग्रह गर्नुभयो ।

कार्यक्रममा वडा नं. १ का वडाध्यक्ष एवं युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले प्रतियोगिताको पूर्ण सफलताको कामना गर्नुहुँदै कलेजले विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्न गरिरहेको प्रतियोगिता सऱ्हानीय रहेको बताउनुभयो ।




कार्यक्रममा अन्तर्राष्ट्रिय रेफ्रि गौतमप्रसाद लासीवा, शिक्षा विकास तथा समन्वय ईकाई, भक्तपुरका खेमराज पोखरेल, नेपाल पत्रकार महासंघका अध्यक्ष पुष्कर बुढाथोकी, कलेज व्यवस्थापन समितिका सदस्य विनोदचरण राय, पद्‌म मा.वि.का प्राचार्य राम हाडाले पनि बोल्नु भएको थियो ।

प्रमुख अतिथि प्रजापतिले पद्‌म कप टुर्नामेन्टका रेफ्रि सत्यराम न्हिसुतुलाई बल हस्तान्तरण गर्नुभयो भने रेफ्रिको तर्फबाट सुजन बासी, प्रशिक्षकको तर्फबाट मणि तामाङ र खेलाडीको तर्फबाट प्रदीप कोलाङ्ले खेललाई अनुशासित ढंगले सञ्चालन गर्न सपथ ग्रहण गर्नुभएको सो कार्यक्रममा कार्यक्रमका सभापति बाबुराजा जोशी र शिक्षक दिपक मूलले पनि बोल्नुभएको थियो ।

# भक्तपुर नपाद्वारा पसल व्यवसायीहरूको भेला

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरभित्रका पसल व्यवसायीहरूको भेला मंसिर ३ गते नपाको सभाकक्षमा भयो ।

भेलालाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले बजारमा राखिएको जथाभावी सामानका कारण यातायातलाई अप्ठेरो पर्ने र दुर्घटना पनि हुनेतर्फ सचेत पार्नुहुँदै सडक आवागमनमा बाधा नपुग्ने ढङ्गले आफ्नो व्यवसायलाई सञ्चालन गर्न अनुरोध गर्नुभयो ।

बजार अनुगमनको क्रममा अधिकांश पसलमा म्याद नाघेको सामान, किरा परेको, नक्कली सामान तथा अत्यधिक अखाद्य रंगरोगन भएको भेटिएको हुँदा जनताको स्वास्थ्यमा असर पुग्ने कार्य गर्न नहुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका वडा नं. ३ का वडाध्यक्ष एवम् बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराले बजार अनुगमनका क्रममा अधिकांश पसलमा म्याद नाघेको खाद्यान्न बिक्री गरेको पाइएको र उक्त खाद्यान्न जफत गरी नष्ट गरेको बताउनुभयो । उहाँले उपभोक्ताको स्वास्थ्यलाई नकारात्मक असर पर्ने काम गरेमा कानुनी सजाय हुनेमा सजग हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा उपस्थित व्यवसायीहरूबाट बाटोमा सामान राखे हटाउनुपर्ने, हकर्स नियन्त्रणमा ध्यान दिनुपर्ने, साना व्यापारीसँग थोरै कर लिनुपर्ने, निर्माणाधीन सार्वजनिक शौचालय समयमै सम्पन्न गर्नुपर्नेलगायतका सुझावहरू दिइयो ।

# डर्बेन्ट शहर र रसियन कल्चरका प्रतिनिधिमण्डल भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग मित्रराष्ट्र रसियाको डर्बेन्ट शहर र रसियन कल्चर सेन्टरका प्रतिनिधिमण्डलले मंसिर २ गते भेट गर्‍यो ।



भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगर आठौं शताब्दीमा स्थापित ऐतिहासिक एवं साँस्कृतिक महत्त्व बोकेको नाचगानको राजधानी र सम्पदाको नगरको रूपमा परिचित भएको जानकारी गराउनुहुँदै १२–१५ औं शताब्दीसम्म नेपाल मण्डको राजधानीको रूपमा रही १८ औं शताब्दीमा छुट्टै राज्यको रूपमा रहेको जानकारी गराउनुभयो ।

भक्तपुरको मुख्य स्थानहरूबारे जानकारी दिनुहुँदै उहाँले भक्तपुरलाई जीवित सङ्ग्रहालयको रूपमा चिनिने गरेको बताउनुभयो । वास्तुकला, काष्ठकला, हस्तकलालगायतमा धनी भक्तपुर सन् १७७९ मा विश्व सम्पदा सूचीमा सूचिकृत भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले ९० प्रतिशत नेवार समुदायको बसोबास रहेको भक्तपुरमा हिन्दु, बौद्ध, मुस्लिमलगायतका धर्मावलम्बीहरूको बसोबास रहेको र यहाँ नेपालकै अग्लो छाने शैलीको पाँचतले मन्दिर रहेको अवगत गराउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य क्षेत्रमा गरिरहेको गतिविधिहरूबारे जानकारी गराउनुहुँदै नगरपालिकाले इन्जिनियरिङ्ग कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

भेटमा डर्बेन्ट शहरका प्रतिनिधि मण्डलले डर्बेन्ट शहर भक्तपुर जस्तै ऐतिहासिक र पुरातात्त्विक शहर रहेको जानकारी गराउनुहुँदै भक्तपुर र डर्बेन्ट शहर बीच भगिनी सम्बन्ध स्थापना गर्न इच्छुक रहेको जानकारी गराउनुभयो ।

भेटमा प्रमुख प्रजापतिले प्रतिनिधि मण्डललाई मयूर झ्याल उपहार प्रदान गर्नुभएको थियो ।

भेट पश्चात प्रतिनिधि मण्डलले भक्तपुरका विभिन्न ऐतिहासिक र पुरातात्त्विक सम्पदा स्थलहरूको अवलोकन गर्‍यो ।

# कुस्मा नपाका वडाध्यक्ष भक्तपुर नपामा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कुस्मा नगरपालिका वडा नं. ७, पर्वतका वडाध्यक्ष सुवासचन्द्र पौडेलले मंसिर २ गते भेट गर्नुभयो ।



भेटमा भनपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी नपाद्वारा इन्जिनियरिङ कलेजसहित ७ वटा कलेजहरू सञ्चालन गरिरहेको, ३ वटा जनस्वास्थ्य केन्द्रहरू सञ्चालनमा रहेको तथा ख्वप अस्पताल निर्माणाधीन अवस्थामा रहेको जानकारी गराउनुभयो ।

उहाँले स्वायत्तता माथिको हस्तक्षेप हुनेगरी संघीय सरकारबाट समायोजनमा पठाइएका कर्मचारीहरूलाई नपामा लिने नगरेको जानकारी दिनुभयो ।

कुस्मा नपा–७ का वडाध्यक्ष पौडेलले भनपाले गरिरहेको विकास निर्माण, शिक्षा, स्वास्थ्यलगायत फोहोरमैला व्यवस्थापन, जग्गा एकीकरण र नगरस्तरीय र वडाको बजेट विनियोजन सम्बन्धी जिज्ञासा राख्नुका साथै भनपाद्वारा सञ्चालित ब्यायाम केन्द्रहरूको बारेमा जानकारी लिनुभयो । उहाँले कुस्मा नपामा पनि शारीरिक ब्यायामशाला राख्ने योजना रहेको अवगत गराउनुभयो ।

# उपत्यकाव्यापी तेक्वान्दो प्रतियोगिता सम्पन्न



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा द च्यालेन्जर तेक्वान्दो दोजाङ भक्तपुरको आयोजनामा कार्तिक २९ र ३० गते भएको उपत्यकाव्यापी तेक्वान्दो प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम शहीद स्मृति खेल मैदानमा कार्तिक ३० गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले खेलाडीहरूले देशको सार्वभौमिकता रक्षा र आत्मसुरक्षाको निम्ति खेल खेल्नु आवश्यक भएको बताउनुहुँदै खेललाई मानव जीवनको अभिन्न अंगको रूपमा विकास गर्ने उद्देश्यअनुरूप भक्तपुर नगरपालिकाले खेलाडी केन्द्रित गतिविधिमा जोड दिइरहेको बताउनुभयो ।

खेलाडी तथा प्रशिक्षकहरूलाई प्रोत्साहित गर्ने उद्देश्यले वर्षका उत्कृष्ट खेलाडी, रेफ्री तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी भई मेडल जित्न सफल खेलाडीहरूलाई भक्तपुर नपाले हरेक वर्ष सम्मान गर्दै आएको उहाँले बताउनुभयो ।

नेपाल तेक्वान्डो संघ प्रदेश नं. ३ का अध्यक्ष केशव पुरीले तेक्वान्दो खेललाई राज्यले प्राथमिकतामा नराखेको गुनासो पोख्नुहुँदै अन्तर्राष्ट्रिय स्तरका प्रतियोगितामा प्रतिस्पर्धा गर्न सक्षम खेलाडी उत्पादन गर्न यस किसिमका खेलकुद प्रतियोगिताले टेवा पुऱ्याउने बताउनुभयो ।

कार्यक्रममा प्रमुख प्रायोजकको तर्फबाट बोल्नुहुँदै लीलानाथ गौतम, कार्यक्रमका सभापति एवम् दोजाङ प्रमुख विश्वराम मुस्याख्व र समितिका कोषाध्यक्ष सुरेश ब्वँजुले पनि बोल्नुभएको थियो ।

प्रतियोगितामा विजयी र सहभागी खेलाडीहरूलाई प्रमुख अतिथि तथा अतिथिहरूले सम्मान पत्र, शिल्ड तथा मायाको चिनो वितरण गर्नुभयो ।

# 'विदेशबाट सिकेको ज्ञान स्वदेशमा प्रयोग गर्नुपर्छ'– प्रमुख प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नर्सिङ अध्ययन गर्ने विद्यार्थीको प्रमुख उद्देश्य समाजको सेवा गर्ने हुनुपर्ने र आफ्नो क्षेत्रबाट व्यापक रूपमा बिरामीहरूको सेवा गर्नु आवश्यक भएको बताउनुभएको छ ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागको आयोजनामा कार्तिक २९ गते धुलिखेलमा भएको वनभोज कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले स्वास्थ्य क्षेत्रमा कार्यरत स्वयम्सेविकाहरूले ज्येष्ठ नागरिक, शारीरिक रूपमा अशक्त र बालबालिकाहरूलाई प्राथमिकता दिएर सेवा गर्नुपर्ने बताउनुभयो ।

उहाँले विदेशबाट सिकेर आएको ज्ञान र सीपबाट आफ्नो देशको सेवा गर्न विद्यार्थीहरूलाई प्रेरित गर्नुहुँदै प्रमुख प्रजापतिले सेवा नै धर्म हो र बिरामीको विश्वास जितेर काम गर्न आह्वान गर्नुभयो ।

सरकारले समाजको सेवा गर्ने सरकारी संस्थाहरूलाई भन्दा निजी क्षेत्र र विदेशी संस्थाहरूलाई पोस्ने काम गरिरहेको छ भन्नुहुँदै प्रमुख प्रजापतिले चुनौतीसँग डटेर बढ्ने विद्यार्थीहरूको जीवन सफल हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागका विभागीय प्रमुख सुमित्रा बुढाथोकी र शिक्षिका शोभा प्रजापतिले पनि बोल्नुभएको थियो ।

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।**

# देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको जग्गाधनी–मोही भेला

भक्तपुर नगरपालिकाको सञ्चालनमा रहेको देको–मिवा–ईतापाके जग्गा एकीकरण आयोजनाभित्र परेका जग्गा धनी र मोहीहरूको भेला कार्तिक २८, २९ र मंसिर १ गते सम्पन्न भयो ।




जग्गा योगदान प्रतिशतबारे जानकारी दिने उद्देश्यले भएका उक्त भेलाहरूमा नेमकिपाका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले व्यवस्थित र स्वस्थ बसोबासको लागि आवास योजना आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'एकीकृत आवास योजनामा सकेसम्म कम जग्गा कटौती गर्ने र कम लगानी हुनेगरी समयमा सम्पन्न गर्न योजनाले विशेष ध्यान दिनु आवश्यक छ ।'

ब्लकको रिप्लटिङ नक्सा तयार भएको सकारात्मक रहेको धारणा राख्नुहुँदै उहाँले सरोकारवालाको सुझाव र समस्यालाई सम्बोधन गरी आयोजनाले काम गर्न सके जनताको मन जित्न सकिने बताउनुभयो ।



सांसद सुवालले भन्नुभयो, 'भूकम्प पीडित जनतालाई समयमा बसोबास गर्न पाउने गरी जग्गा फिर्ता गरिनुपर्छ । आवास योजनामा बन्ने घरहरू एउटै शैली, उचाइ र रङरोगन गराउनेतर्फ पनि सरोकारवालाले ध्यान दिनु आवश्यक छ ।'

'अव्यवस्थित बसोबास वृद्धि भएकैले बागमती, विष्णुमती, मनोहरालगायत खोलामा अतिक्रमण बढेको र सार्वजनिक जग्गा, कमलपोखरी व्यक्तिको नाममा दर्ता र बेचबिखन भएको हो', उहाँले स्पष्ट पार्नुभयो ।

देशको सन्तुलित विकास गर्न र नयाँ पुस्ताको लागि भक्तपुरमा पनि आवास योजना सञ्चालन गरेको बताउनुहुँदै उपत्यकाको खाली जमिन अतिक्रमण गरी आवास योजनामा परिणत हुनसक्ने खतरा बढेकोले व्यवस्थित आवास योजनाले पर्ती जग्गा संरक्षणमा टेवा पुग्ने बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले व्यवस्थित सहर बनाउने उद्देश्यले जग्गा एकीकरण सञ्चालन भएको उल्लेख गर्नुहुँदै जनताको साथ भएमात्र आयोजना सजिलै सञ्चालन हुने बताउनुभयो ।

उहाँले जग्गाधनी र मोहीलाई बढीभन्दा बढी सहुलियत र सेवा दिन आयोजना लागिपर्ने र त्यसको लागि भनपाले सहयोग गरिरहेको बताउनुभयो ।

'आयोजनाभित्र रहेका कसैलाई पनि आयोजनाले विस्थापित गर्नेछैन', प्रमुख प्रजापतिले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

तुमुचो दुगुरे र लिबाली आवास योजनाको शिक्षा लिँदै देको–मिवा–इतापाके जग्गा एकीकरण आयोजनालाई अझ व्यवस्थितरूपमा सञ्चालन गर्न ढल र आकाशे पानीको लागि छुट्टाछुट्टै पाइप राखिएको, पोखरी सुधार गर्ने अवसर यस आवास सञ्चालनले दिएको उहाँले जानकारी गराउनुभयो ।

भनपा वडा नं. २ का वडाअध्यक्ष हरिप्रसाद बासुकला, वडा नं. ३ का वडाअध्यक्ष राजकृष्ण गोराले पनि बोल्नुभएको उक्त कार्यक्रमहरू उपभोक्ता समितिका कार्यवाहक अध्यक्ष तुलसीराम धुख्वाको सभापतित्वमा भएको थियो ।

आयोजनाबारे आयोजना प्रमुख इ. ओमहरि थाले प्रस्तुतिकरण गर्नुभएको थियो ।

**ज्ञानकुञ्जको साधारणसभा सम्पन्न**

# भक्तपुर नगरलाई गौरव गर्न लायक सहरको रूपमा विकास गर्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ज्ञानकुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.को १० औं वार्षिक साधारणसभाको कार्तिक ३० गते उद्घाटन गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले समुदायमा केन्द्रित भएर काम गरेको हुँदा नगरपालिकाले सबै क्षेत्रमा सफलता प्राप्त गरेको बताउनुहुँदै भक्तपुर नपाद्वारा सञ्चालित कलेजले देशैभरिका विद्यार्थीहरूलाई सस्तोमा गुणस्तरी शिक्षा प्रदान गर्दै आएको र अनुसन्धान र प्रविधिमा अगाडि बढेको देशले छिटो प्रगति गर्छ त्यसैले कलेजहरूमा पनि अध्ययन र अनुसन्धानमा जोड दिँदै आएका छ भन्नुभयो ।

भक्तपुर नगरलाई गौरव गर्न लायक सहरको रूपमा विकास गर्ने सोचका साथ अगाडि बढिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले नगरपालिकालाई तिर्नुपर्ने कर समयमा तिर्न र नक्साबमोजिम घर र संरचनाहरू निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले गलत तरिकाबाट सञ्चालन भइरहेका सहकारी संस्थाहरूको भक्तपुर नगरपालिकाबाट अनुगमन भइरहेको बताउनु भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष कृष्णप्रसाद दुमरु, प्रशासक पियुस दुमरु, लेखा संयोजक नवराज धौगोडा, कोषाध्यक्ष विनयराज रेग्मी, सचिव मोहनकृष्ण श्रेष्ठ, महिला उपसमितिका सुभद्रा कोजु र सञ्चालक समिति उपाध्यक्ष सुस्मिता घिसिङले पनि आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले संस्थाका संस्थापक सदस्यहरूलाई सम्मान पत्र र मायाको चिनो प्रदान गर्नुभएको थियो ।

**सिद्धि गणेशको साधारणसभा**

# समाजको हितको निम्ति काम गर्नुपर्ने

सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को २५ औं वार्षिक साधारणसभा क्षेत्र नं. १ र २ (क्षेत्रगत) भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा कार्तिक ३० गते भक्तपुर बैंक्वेट हाकुफोहिटीमा सम्पन्न भयो ।




कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले सहकारी संस्थाहरूमा जम्मा भएका रकम रोजगारी सिर्जना, उद्योग स्थापना र मौलिक वस्तु उत्पादन आदिमा लगानी गर्नु आवश्यक भएको बताउनु हुँदै भन्नुभयो– 'संस्थाका सदस्यहरूलाई देशभक्तिपूर्ण भावनाबाट अभिप्रेरित भई समाजको हितको निम्ति काम गर्न पनि प्रेरित गर्दै जानु आवश्यक छ ।'

छिमेकी देश भारतले नेपालको भू–भागमा गरेको अतिक्रमण र थिचोमिचोको विरोध गर्न सम्पूर्ण नेपालीहरू एक हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, खेलकुद र विकास निर्माणका क्षेत्रमा देशकै लागि नमुनाको रूपमा कार्य गरिरहेको चर्चा गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, संस्थाका पूर्वअध्यक्ष कृष्णगोविन्द लाखाजु, लेखा समितिका सदस्य हेरा ख्याजु, सञ्चालक सदस्य पञ्चरत्न सैंजुले बोल्नुभएको कार्यक्रममा भक्तपुर जिल्ला बचत संघका सचिव जगन्नाथ प्रजापति र सञ्चालक समिति सदस्य रमेश दुमरुले पनि बोल्नुभएको थियो ।

# बंगलादेशका राष्ट्रपतिको नेपाल भ्रमण



बङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिदले नेपालको चारदिने औपचारिक भ्रमण सम्पन्न गर्नुभयो ।

राष्ट्रपति विद्यादेवी भण्डारीको निमन्त्रणामा कार्तिक २६ गते नेपाल आउनु भएका राष्ट्रपति हमिद २९ गते स्वदेश प्रस्थान गर्नुभयो ।

नेपाल बसाइको क्रममा राष्ट्रपति हमिदले उच्च स्तरीय भेटवार्ता गर्नुका साथै देशका विभिन्न भागको अवलोकन भ्रमण गर्नुभयो ।

राष्ट्रपति हमिद काठमाडौंमा आउनु भएकै दिन भक्तपुर नगरको अवलोकन भ्रमण गर्नुभयो ।

## राष्ट्रपति हमिदद्वारा भक्तपुर नगर अवलोकन

राष्ट्रपति हमिदलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र कार्यपालिका सदस्यको टोलीले भक्तपुर



दरबार क्षेत्रको मुख्य प्रवेशद्वारमा स्वागत गर्नुहुँदै भक्तपुर दरबार क्षेत्रमा अवस्थित सांस्कृतिक र पुरातात्त्विक महत्त्व बोकेका सम्पदाहरूको अवलोकन गराउनुभयो ।

भ्रमणका क्रममा राष्ट्रपति हमिदले भक्तपुरको विश्व सम्पदामा सूचीकृत सम्पदाहरूको मौलिक विशेषता र यसमा प्राकृतिक विपत्तिले परेको प्रभावको विषयमा जिज्ञासा राख्नुहुँदै सांस्कृतिक, पुरातात्त्विक र ऐतिहासिक सम्पदाहरूको अभिरुचिपूर्वक अवलोकन गर्नुभयो । भक्तपुर नपाले व्यवस्था गरेको माक प्याखं र देवी प्याखंको अत्यन्त रुचीपूर्वक अवलोकन गर्नुभयो र देवी प्याखंमा भएको शेरसिंह बंगलादेशको एउटा सांस्कृतिक नाचसँग समानता भएको विषयमा पनि बताउनुभयो । उहाँले यहाँको आर्थिक गतिविधि, पर्यटन, हस्तकला, परम्परागत कृषि पेशालगायतका विषयमा जानकारी लिनुभयो । उक्त दिन सकिमना पूर्णिमा परेकोले स्थानीय दाफा भजनले प्रदर्शन गरेको अन्नको चित्रकला पनि उहाँले अत्यन्त रुचिपूर्वक अवलोकन गर्नुभयो ।

राष्ट्रपति हमिदले राष्ट्रिय कला सङ्ग्रहालय, स्वर्ण द्वार, पचपन्न झ्याल दरबार, सिद्धिलक्ष्मी मन्दिर, यक्षेश्वर महादेव मन्दिर, बहताल हुँदै टौमढी क्षेत्रको पाँचतले मन्दिर र भैरवनाथ मन्दिरको स्थलगत अवलोकन गर्नुभयो ।




प्रमुख सुनिल प्रजापतिले राष्ट्रपति हमिदलाई 'मयूरको झ्याल' मायाको चिनोस्वरूप उपहार प्रदान गर्नुभएको थियो ।

अवलोकन भ्रमणमा राष्ट्रपति हमिदलाई सहयोग गर्नु भएका भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवालका अनुसार राष्ट्रपतिबाट यहाँका सम्पदाबारे रुचिपूर्वक अवोकन गर्नु भयो । 'हाम्रा ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक सम्पदा एवं तिनको संरक्षणबारे चासो दिएर जानकारी लिनु भयो'– उहाँले बताउनुभयो ।




भ्रमणको क्रममा राष्ट्रपति हमिदबाट बंगलादेशबाट आउने पर्यटकको सङ्ख्याबारे चासो राख्नु भएको थियो भने हर्षित हुँदै 'म यहाँको संस्कृति प्रेमबाट प्रभावित भएँ, अब बंगलादेश फर्किएर भक्तपुरको चर्चा गर्छु' भन्नुभयो ।





/fli6«snf ; ª\u|xfno /x]sf] Gxfos ePsf] ÷l; xÞjfsf
b/af/sf]k"fgf] j t{dfg :j?k

# राष्ट्रपति हमिदले सोधे–यी दुई भवन किन भिन्न शैलीका ?

- उपेन्द्र लामिछाने

चारदिने सद्भावना भ्रमणका लागि नेपाल आएका बंगलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिद भ्रमणको पहिलो दिन काठमाडौंबाट हेलिकप्टर चढेर भक्तपुर पुगे । अपराह्न ४ बजे हमिदसहितको टोलीलाई भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले पुष्पगुच्छाले स्वागत गरे । त्यसपछि हमिदको सांस्कृतिक नगरी भक्तपुरको यात्रा सुरू भयो ।

नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले हमिदलाई पथप्रदर्शक(गाइड) गरेका थिए । सुवालले भक्तपुरको संक्षिप्त परिचय गराएसँगै उनले दरबार क्षेत्रमा माक प्याखं नाच (बाँदरनाच) नियाले । 'कला–संस्कृति र नाचगानको सहरमा तपाईंलाई स्वागत छ' भन्दै 'पहिला हामीले माक प्याख नृत्य देखायौं,' सुवाल भन्छन्, 'रामायणकालीन कथामा आधारित यो नृत्य उहाँले निकै चाख मानेर नियाल्नुभयो ।'

नृत्य नियालेर केही पर पुगेका हमिदले उत्तरतर्फ रहेका कला सङ्ग्रहालयका दुई भिन्न शैलीका भवनबारे जिज्ञासा राखे । 'उहाँले यी दुई भवन किन भिन्न शैलीका भन्ने प्रश्न गर्नुभयो,' सुवाल भन्छन्, 'सन् १८३४ को भूकम्पले पूर्वतर्फको भवन भत्काएकाले मल्लकालीन स्वरूप छाडेर युरोपियन शैलीमा निर्माण गरिएको र अब हुने पुनर्निमाणमा दुवै भवनलाई पहिलाकै स्वरूपमा फर्काइने हामीले उहाँलाई जानकारी दियौं ।'

त्यहाँबाट अगाडि पुगेका राष्ट्रपति हमिद गोल्डेन गेटअगाडि उभिए । तामाको पातामा सुनको लेपन गरिएको सुवर्णद्वारले चिनिने यो ढोका मल्ल राजाका कुलदेवता तलेजु भवानीको मूलद्वार हो । त्यसको केही अगाडि पुगेका हमिद मल्लकालीन काष्ठकलाको उत्कृष्ट नमुना रहेको पचपन्ने झ्याले दरबारछेउ रोकिए ।

'पचपन्ने झ्याले दरबारभित्र १८ औं शताब्दीका चित्रकला अझ पनि चहकिला छन् भन्दा उहाँ निकै खुसी हुनुभयो,' सुवाल सुनाउँछन्,'२०७२ सालको भूकम्पअगावै जीर्णोद्वार गरिएका कारण भूकम्पले क्षति नपुऱ्याएको जानकारी दियौं ।'

दरबारको अर्को कुनामा रहेको प्रस्तरकलाको उत्कृष्ट नमुना सिद्धिलक्ष्मीको मन्दिर नियाल्दै गरेका राष्ट्रपतिले वाहनका रूपमा रहेका जनावर निकै चाख मानेर नियाले । कुकुर डोऱ्याउँदै गरेका महिला–पुरूष, ऊँट, घोडा, गैंडा, नरपशु लगायतका आकृतिले यो मन्दिर आकर्षक देखिएको छ । 'मरूभूमि नरहेको देशमा आजभन्दा तीन सय ८० वर्ष अगावै ऊँटको चित्र कोरिएको जानकारी दियौं,' सुवाल भन्छन्, 'यसले अरबियन सभ्यतासँगै व्यापारको माध्यमबाट भक्तपुर जोडिएको हुन सक्ने अनुमान उहाँलाई सुनायौं ।'

त्यँहाबाट दक्षिण मोडिएका राष्ट्रपति १५ औं शताब्दीमा यक्ष मल्लको पालामा निर्माण गरिएको पशुपति मन्दिर नियाले । टुँडालमा यौनकलाले सजिएको यो मन्दिरमा केहीबेर रोकिएका उनी त्यसपछि पाँचतले मन्दिर रहेको तौमढी क्षेत्रतर्फ सोझिए । पाँचतले मन्दिरतर्फ नियाल्दै गरेका हमिदलाई सन् १९३४ र २०१५ को भूकम्पले यसलाई खासै क्षति नपुऱ्याएको सुवालले बताए ।'त्यति बेलाको भूकम्प प्रतिरोधात्मक क्षमताको प्रमाण हो यो मन्दिर,'सुवाल सुनाउँछन्, 'यति भन्दा राष्ट्रपति मुसुक्क हाँस्नुभयो ।'

तौमढी क्षेत्रमा आराम गर्दै गरेका राष्ट्रपतिले कालो चिया खाँदै देवी प्याखं नियाले । देवी प्याखंमा देखिएको ➲➲

# अध्यक्ष बिजुक्छेँसित प्रजग कोरियाली प्रतिनिधिमण्डलको भेट

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) र प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको प्योङयाङ सहरबाट नेपाल भ्रमणमा आएको प्रतिनिधिमण्डलबीच कार्तिक २३ गते भक्तपुरमा भेट भयो ।

भेटमा अध्यक्ष बिजुक्छेँले नेपाल मजदुर किसान पार्टी र कोरियाली मजदुर पार्टीबीचको सम्बन्ध साम्राज्यवादविरोधी भावनामा आधारित सिद्धान्त भएको बताउनुभयो ।



दुई पार्टीबीचको सम्बन्ध कोरियाली जनताका महान नेताहरू किम इल सङ र किम जङ इलको समयदेखिकै भएको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'प्रजग कोरियामा सन् १९९० को दसकमा आयोजित साम्राज्यवादविरोधी सम्मेलनमा जारी घोषणामा नेमकिपा पनि हस्ताक्षरकर्ता थियो ।'

पूँजीवाद र साम्राज्यवादविरोधी संघर्षको क्रममा प्रजग कोरियाको इतिहासबाट नेपाली जनतालाई ऊर्जा र शिक्षा प्राप्त भएको उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'साम्राज्यवादीहरूसँग जस्तालाई तस्तैको संघर्ष गरिरहेको प्रजग कोरिया र कोरियाली क्रान्तिप्रति नेमकिपा समर्थन गर्दछ ।'

आफ्नै खुट्टामा उभिएर संघर्ष गर्ने प्रजग कोरियाबाट नेपालजस्तो स-साना देशलाई उत्साह प्राप्त भएको उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले कोरिया पुन:एकीकरण र समाजवादको संघर्षप्रति ऐक्यबद्धता व्यक्त गर्नुभयो ।

उहाँले नेपाल र नेपाली जनतालाई प्रजग कोरियाले गर्दै आएको सहयोगप्रति आभार व्यक्त गर्नुहुँदै दुई देश र दुई पार्टीबीचको सम्बन्ध अझ विस्तार हुँदै जानेमा विश्वास व्यक्त गर्नुभयो ।

प्रजग कोरियाको प्रतिनिधिमण्डलका प्रमुख चा हि रिमले प्रजग कोरियाको वर्तमान अवस्थाबारे जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'नेपाल र प्रजग कोरियाबीचको मैत्री सम्बन्धलाई अझ विकास गर्न शिक्षा र कृषि क्षेत्रमा सहयोग आदानप्रदान आवश्यक छ ।'

प्रजग कोरियामा कोरियाली मजदुर पार्टीको नेतृत्वमा समाजवादी निर्माणको काम अघि बढिरहेको बताउनु हुँदै उहाँले कोरियाली जनताको सपना साकार पार्न प्रजग कोरियाली सरकारले काम गरिरहेको प्रकाश पार्नुभयो ।

---

➲➲ सिंहको आकृतिलाई चासो मानेर नियालेका उनले यस्तो पात्र बंगलादेशमा पनि हुने गरेको सुवाललाई सुनाए ।

सकिमना पुन्ही अर्थात् पिँडालु उसिनेर खाने पर्व समेत परेका कारण तौमढीमा रहेको भैरवको मन्दिर अगाडि भुटेको अन्नबाट निर्मित कलासमेत राष्ट्रपतिले ध्यानपूर्वक नियाले । गहुँ, भटमास, मकैबाट विभिन्न देवीदेवता तथा जात्राका चित्र निर्माण गरिने गर्छ । 'उहाँ कला नियाल्न नजिकै पुग्नुभयो,' सुवाल सुनाउँछन्, 'बंगलादेशबाट आएका आफ्ना फोटोग्राफरलाई बोलाउँदै कला र आफू आउने गरी तस्बिर खिच्न लगाउनुभयो ।'

दरबार क्षेत्र घुमेर फर्कंदै गरेका राष्ट्रपतिले तौमढी क्षेत्रमा गार्मेन्ट पसलमा रहेका दुई महिलासँग हात मिलाए भने काष्ठकलाको पसलमा रहेका पोल्यान्डका नागरिकसँग कुरा गरे । सुवाल भन्छन्, 'तीमध्ये एकले नेपाल भ्रमणपछि आफूहरू बंगलादेश आउने कुरा सुनाउँदा हमिद खुसी हुनुभयो ।'

एक घण्टा लामो भक्तपुर घुमाइपछि फर्कंदै गरेका राष्ट्रपतिलाई नगरपालिकाका मेयर सुनिल प्रजापतिले मायाको चिनो 'मयूर झ्याल' दिए । 'यात्राको क्रममा निकै सरल र शालीन देखिएका राष्ट्रपति भक्तपुर घुमेपछि मुस्कुराउँदै बिदा हुनुभयो,' पथप्रदर्शक सुवाल भन्छन्,'उहाँको सन्तुष्टि देखेर हामी पनि खुसी भएका छौं ।'

*(नागरिक, ०७६।७।२९)*

# नरसिंह मन्दिर र इखालाछि मठ पुनःनिर्माण गर्न उपभोक्ता समिति गठन

भक्तपुर नगरपालिका वडा नं. ४ कार्यालयको आयोजनामा स्थानीय जनताको एक भेला राखी गःहितिस्थित लक्ष्मी नरसिंह मन्दिर र भेल्पा तालाक्वस्थित इखालाछि मठ पुनःनिर्माण गर्न कार्तिक २५ गते उपभोक्ता समिति गठन गरिएको छ ।

भेलामा भनपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको निर्माण उपभोक्ता समितिमार्फत हुँदै आएकोले निर्माण लागत निकै कम भएको बताउनुभयो ।

भक्तपुरले राष्ट्रिय स्वाभिमान गुम्ने खालको विदेशी सहयोग इन्कार गरेको कुरा राख्नुहुँदै भूकम्पपश्चात् धेरै पुरातात्त्विक सम्पदा नगरपालिकाकै बजेटमा पुनःनिर्माण सम्पन्न गरिसकेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाले गर्ने हरेक काम अरु नगरपालिकाको निम्ति उदाहरणीय काम भइरहेको विचार राख्नुहुँदै उहाँले वडा–वडामा राखेका व्यायामस्थलको महत्त्वबारे जानकारी दिनुभयो ।

वडाध्यक्ष कुमार चवालको सभापतित्वमा भएको उक्त भेलामा नगर सभा सदस्य कृष्णलक्ष्मी दुवाल, राजेन्द्र माक र न्हुछेराम भेलेले उपभोक्ता समितिको महत्त्वबारे प्रकाश पार्नुभयो ।



भेलाले न्हुछेराम भेलेको अध्यक्षतामा नौ सदस्यीय गःहिति लक्ष्मी नरसिंह मन्दिर पुनःनिर्माण समिति र पुरुषोत्तम तमखुको अध्यक्षतामा नौ सदस्यीय भेल्पा तालाक्वस्थित इखालाछि मठ पुनः निर्माण उपभोक्ता समिति गठन गऱ्यो ।

# भक्तपुर नपाद्वारा विद्यालयहरूको अनुगमन

भक्तपुर नगरपालिकाले कार्तिक २६ र २७ गते नगरभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरूको आर्थिक वर्ष २०७६/७७ को विद्यालय लेखा प्रणाली व्यवस्थासम्बन्धी अनुगमन गऱ्यो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् लेखा समितिका संयोजक हरिप्रसाद बासुकलाको नेतृत्वमा नगर शिक्षा शाखा प्रमुख कृष्णप्रसाद कर्माचार्य र आन्तरिक लेखा परीक्षक विनोद आगन्जा सम्मिलित उक्त अनुगमन टोलीले विद्यालयहरूको लेखा प्रणाली, अनुदान, छात्रवृत्ति, बिल भर्पाई, खरिद प्रक्रिया, प्यान नम्बर आदिबारे अनुगमन गऱ्यो ।

अनुगमन टोलीले कार्तिक २५ गते वागीश्वरी मावि, पद्म मावि, ज्ञानविजय आ.वि. र सन्तती आ.वि.लगायतको अनुगमन गऱ्यो ।

अनुगमनका क्रममा लेखा प्रणाली व्यवस्थापनसम्बन्धी ३ दिनदेखि ७ दिनसम्मको कर्मचारीहरूलाई तालिम आवश्यक भएको, लेखा परीक्षणको लागि समयमै सम्पर्कमा आउन, लेखा प्रणाली दोहोरो लेखा प्रणालीअनुसार राख्नुपर्ने, गोश्वारा भौचर, बैंक नगदी किताब बजेट हिसाब तयार गर्नुपर्नेलगायत सुझावहरू दिइएको थियो ।

# प्रजग कोरियाली प्रतिनिधिमण्डलबाट भक्तपुरको अवलोकन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रजग कोरिया, प्योङयाङ सहर जनसमितिका अध्यक्ष छा हीन



रिमको नेतृत्वमा आउनुभएका कोरियाली प्रतिनिधिमण्डललाई कार्तिक २३ गते भक्तपुर दरबार क्षेत्रको प्रवेशद्वार (लायकु ध्वाका) मा पुष्प गुच्छा र भादगाउँले टोपी लगाइदिनुभएर स्वागत गर्नुभयो ।

प्रमुख प्रजापतिले कोरियाली प्रतिनिधिमण्डललाई भक्तपुर दरबार क्षेत्र, तलेजु मन्दिर, पाँचतले मन्दिर र भैरवनाथ मन्दिरको स्थलगत अवलोकन गराउनुहुँदै भक्तपुर नगरपालिकाले गरिरहेको विकास निर्माण र सम्पदा संरक्षणबारे विस्तृतमा अवगत गराउनुभयो ।

कोरियाली प्रतिनिधिमण्डल टोलीमा प्योङयाङ सहर अन्तर्राष्ट्रिय मामिला विभागका निर्देशक री सोन हो, इन्धन व्यवस्था विभागका निर्देशक री जुन छुन, मोरानबोङ जनसमितिका अध्यक्ष चोइ हुइ ताई, प्योङचोन जिल्ला जनसमितिका अध्यक्ष रीजी नाम, प्योङयाङ सहर जनसमितिका अधिकृत जो यून सीक र प्रजग कोरिया–नेपाल मैत्री समाजका सचिव सोङ हो इल सहभागी हुनुहुन्थ्यो ।

xflb{s ;dj]bgf



**स्व. सन्तेमाया गाईजू**

**जन्म : २०२२ साउन १० | निधन : २०७६ कार्तिक २८**

यस नगरपालिका वडा नं. ९ कार्यालय अन्तर्गत स्वास्थ्य कार्यकर्ता परिचालन समितिका संयोजक एवं स्वास्थ्य स्वयम्सेविका र समाजसेवी महिला कार्यकर्ता **सन्तेमाया गाईजू**को असामयिक निधनमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

xflb{s ;dj]bgf



**स्व. रामकृष्ण बैद्य**

**जन्म : २०१३ साउन १५ | निधन : २०७६ असोज २८**

साबिक भक्तपुर नगरपालिका वडा नं. ३ का पूर्व वडासदस्य **रामकृष्ण बैद्य**को असामयिक निधनमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

**खेल प्रतियोगिता**

# नगरव्यापी विद्यालयस्तरीय खेलकूद प्रतियोगिता सम्पन्न




भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ कार्तिक १७ गतेदेखि २३ गतेसम्म सञ्चालित भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकूद प्रतियोगिता कार्तिक २३ गते सम्पन्न भयो। नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा सम्पन्न 'पुरस्कार वितरण तथा समापन कार्यक्रम' मा १४ वटा विभिन्न खेलकूदका विजयी खेलाडी र विद्यालयहरूलाई मेडल, खेलकूद सामग्री र सिल्ड वितरण गरियो।

समापन कार्यक्रममा बोल्नुहुँदै सांसद सुवालले खेलकूद स्वास्थ्य, मित्रता, अनुशासन र देशको सार्वभौमिकता रक्षाको निम्ति हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले खेलमा हारजित भन्दा पनि आपसी सम्बन्ध बढाउन र स्वस्थ हुनको निम्ति खेलिनुपर्ने बताउनुभयो।

उहाँले भारतले हालै सार्वजनिक गरेको नयाँ नक्सामा नेपालको भूमि लिम्पियाधुरा (कालापानी र लिपुलेक) बारे नेपाल सरकारले प्रकाशन गरेको प्रेस विज्ञप्तिले कायरताको पराकाष्ठा नाघेको बताउनुहुँदै नेपाली भूमि भारतको हुने गरी निकालेको उक्त नक्सा अमान्य भएको र नक्सा खारेजीको निम्ति नेपाल मजदुर किसान पार्टी निरन्तर संघर्षरत रहने प्रतिबद्धता जनाउनुभयो।

वि.सं. २०२२ सालमा भारतीय विस्तारवादले नेपालको सुस्ता क्षेत्रमा अतिक्रमण गरेको बेला पनि नेपाल मजदुर किसान पार्टीले विरोध गरेको स्मरण गर्नुहुँदै सांसद सुवालले भन्नुभयो – 'भारत सरकारको उक्त कदमले नेपालको सार्वभौमिकतामाथि नै चोट पुगेको छ।'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको मौलिक खेललाई संरक्षण गर्न भक्तपुर नगरपालिकाले जोड दिइरहेको बताउनुहुँदै स्थानीय पाठ्यक्रम लागू गरी लोपोन्मुख खेलहरू पुरानो पुस्ताबाट नयाँ पुस्तालाई तालिम दिनुका साथै प्रतियोगिता समेत गरी संरक्षण गर्ने कार्य गर्दै आएको बताउनुभयो।

खेलकुदलाई संविधानको मौलिक हकको रूपमा राख्न सकेको भए खेलकूद क्षेत्रमा राम्रो विकास हुनेमा विश्वास व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले टोल–टोलमा व्यायामस्थलहरू निर्माण गरी सबै उमेर समूहका नागरिकहरूलाई व्यायामको अवसर प्रदान गर्दै आएको चर्चा गर्नुभयो।

नेमकिपा प्रदेश नं. ३ का प्रदेश सांसद सृजना सैंजुले खेलकूद क्षेत्रमार्फत देशको सार्वभौमिकता रक्षा गर्ने नयाँ पुस्ता





तयार गर्न भक्तपुर नगरपालिकाले चालेको कदम सराहनीय भएको बताउनुहुँदै नेपाल मजदुर किसान पार्टीले नेपाली भूमिमा भइरहेको भारतीय विस्तारवादी नीतिको विरोधमा जुलुस तथा सभाहरू गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत दिपक कोइरालाले खेलकुदले विद्यार्थीहरूलाई स्वस्थ, अनुशासित र टीममा बसेर काम गर्न हौसला मिल्ने बताउनुहुँदै भावी जीवन सुन्दर बनाउन पनि मदत पुग्ने बताउनुभयो ।

कार्यक्रममा भनपा युवा तथा खेलकूद समितिका संयोजक एवम् वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले नगरपालिकाको आयोजनामा सम्पन्न खेलकूद प्रतियोगिता उल्लासमय ढंगले सम्पन्न भएको बताउनुभयो । भक्तपुर नगरपालिकाले खेलकूद क्षेत्रलाई जीवन जिउने आधारको रूपमा विकास गर्ने उद्देश्य बोकेको पनि प्रस्ट पार्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व र भ.पु.जि भलिबल संघका अध्यक्ष विनोदचरण रायले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा विजयी खेलाडीहरूलाई प्रमुख अतिथि तथा अतिथिहरूले मेडल, सहभागी विद्यालयहरूलाई खेलकूद सामग्री र प्रथम, द्वितीय र तृतीयलाई सिल्ड वितरण गर्नुभएको थियो ।

## प्रतियोगिताको अन्तिम नतिजा




**भलिबल-छात्रा**

प्रथम– वागीश्वरी मावि,
द्वितीय– ग्लिटर फ्युचर स्कूल,
तृतीय– डेमोस इ. स्कूल र ख्वप मावि

**भलिबल-छात्र**

प्रथम– नवदुर्गा मल्टिपल क्याम्पस,
द्वितीय– श्री पद्म मावि,
तृतीय– सैनिक आवासीय महाविद्यालय र ख्वप सेकेन्डरी स्कूल

**पोर्टबल-छात्रा**

प्रथम – ब्राइट स्टार स्कूल
द्वितीय – बासु मावि
तृतीय – प्रभात ई. स्कूल र वागीश्वरी मावि



**पोर्टबल- छात्र**

प्रथम– वागीश्वरी मावि
द्वितीय– महेन्द्र विद्याश्रम
तृतीय– प्रभात ई. स्कूल र गणेश मावि

**फुटसल**



प्रथम– सैनिक आवासीय महाविद्यालय,
द्वितीय–रोम्बस नेशनल स्कूल
तृतीय– सनसाइन नेशनल र जेन्यून सेकेन्डरी स्कूल

**टेबलटेनिस**



प्रथम– प्रोक्सिमा इन्टरनेशनल
द्वितीय– प्रभात ई. स्कूल
तृतीय– एभरेष्ट ई. स्कूल

**चेस**



प्रथम– ख्वप्रिङ ई. स्कूल
द्वितीय– वाइजल्याण्ड ई. स्कूल
तृतीय– वागीश्वरी मावि

**जिम्नास्टिक**



प्रथम– सैनिक आ.मा.वि.
द्वितीय– द राइजिङ स्कूल
तृतीय– वाइजल्याण्ड ई. स्कूल

**ब्याडमिन्टन**




प्रथम– हिमालयन ग्लोरी ई. स्कूल
द्वितीय– सैनिक आ.मा.वि.
तृतीय– वागीश्वरी मावि,

**कसिमला पाँय्**



प्रथम– बालविकास ई. स्कूल
द्वितीय– तारा मा.वि.
तृतीय– हिमालयन ग्लोरी

**खोखो - छात्र**

प्रथम – ब्राइटस्टार ई. स्कूल,
द्वितीय – विद्या आर्जन स्कूल,



तृतीय – वागीश्वरी मावि र वाइजल्याण्ड ई.स्कूल

**खोखो - छात्रा**

प्रथम – ब्राइटस्टार ई. स्कूल

द्वितीय – वागीश्वरी मावि

तृतीय– बालविकास र तारा मावि

**एथ्लेटिक्स**



प्रथम – सैनिक आ.मा.वि.

द्वितीय – जेसिज ई. स्कूल

तृतीय – गणेश मावि

**कराँते**



प्रथम – वागीश्वरी मावि

द्वितीय – सेकरिड हार्ट स्कूल

तृतीय – बासु मावि



**उसु**

प्रथम – जेसिज ई. स्कूल

द्वितीय – श्री पद्म मावि

तृतीय – एभरेष्ट ई. स्कूल

**तेक्वान्डो**



प्रथम – सैनिक आ.मा.वि.

द्वितीय – पारागन ई. स्कूल

तृतीय – रोम्बस ई. स्कूल

**कबड्डी-छात्र**



प्रथम – खोप्रिङ स्कूल

द्वितीय – रोम्बस स्कूल

तृतीय – वागीश्वरी र पारागन स्कूल

**कबड्डी-छात्रा**

प्रथम – साइनिङ स्कूल

द्वितीय – रोम्बस स्कूल

तृतीय– पारागन र वागीश्वरी मावि

**उत्कृष्ट र उदयमान खेलाडी**

**भलिबलमा**

छात्रा– रन्जना त्वानाबासु (वागीश्वरी)

छात्र– दुर्गाबहादुर सुनार (नवदुर्गा)

**पोर्टबलमा**
छात्रा- सिम्रिका बस्नेत (बासु)
छात्र - अनुप श्रेष्ठ (वागीश्वरी)
**फुटसलमा** छात्र आयुष कुँवर (सैनिक)
**टेबलटेनिसमा**
छात्र- न्हुज अवाल (द राइजिङ)
छात्रा- सृष्टिका दुमरु (जेन्युइन)
**जिम्नाष्टिकमा**
छात्र- रोहण बुढाथोकी (सैनिक)
छात्रा- विदिसा न्यौपाने (सैनिक)
**चेसमा**
छात्र- मनिक खायमली (नवीन)
छात्रा- दिपशिखा बासुकला (प्रभात)
**तेक्वान्दोमा**
छात्र- अंजल खड्का (सिद्धी शारदा)
छात्रा- सायना श्रेष्ठ (निकल्सन)
**खोखोमा**
छात्र- विपिन गोसाइँ (ब्राइटस्टार)
छात्रा- स्नेहा प्रजापति (ब्राइटस्टार)
**कराँतेमा**
छात्र- रजक खुसु (प्रभात)
छात्रा- सुबी श्रेष्ठ (केयर किन्डर)
**कसिमला पाँयमा**
छात्र- रुकेश सुलु (स्कलर्स होम)
छात्रा- श्रेय मानन्धर (ज्ञानतारा)
**एथ्लेटिक्समा**
छात्र- रोशन पहरी (सैनिक)
छात्रा- स्वागता खाइजु (जेसिज)
**ब्याडमिन्टनमा**
छात्र- सरिन ख्याजु (विद्याआर्जन)
छात्रा- सुहानी कोजु (ख्वप्रिङ)
**कबड्डीमा**
छात्र- निर्जन कोजू (ख्वप्रिङ)
छात्रा- मनिषा ग्वाछा (सनसाइन)
**उसुमा**
छात्र- अनुज धौभडेल (जेसिज)
छात्रा- अदिती बिरबल (जेसिज)
**प्रतियोगितामा सहभागी विद्यालयहरु**
१. प्रभात ई. स्कूल, वडा नं. ६
२. बासु मा.वि, वडा नं. २
३. जेसिज ई. स्कूल, वडा नं. २
४. सामुदायिक ई. स्कूल, वडा नं. २
५. होली गार्डेन ई. स्कूल, वडा नं. २
६. बालविकास ई. स्कूल, वडा नं. ८
७. आदर्श आजाद मा.वि., वडा नं. ५
८. सैनिक आवासीय महाविद्यालय, वडा नं.१
९. प्रोक्सिमा एकेडेमी, स्कूल वडा नं. ५
१०. ख्वप मा.वि, वडा नं. ६
११. सेकरिड हार्ट एकेडेमी, वडा नं. ४
१२. तारा मा.वि, वडा नं. ४
१३. ब्राइट स्टार ई.स्कूल, वडा नं. ४
१४. मिनर्वा ई. स्कूल, वडा नं. ४
१५. डेमोस ई. स्कूल, वडा नं. ४
१६. साईनिङ्ग स्कूल, वडा नं. ४
१७. ग्लिटर फ्युचर ई.स्कूल, वडा नं. ४
१८. हिमालयन ई. स्कूल, वडा नं. १०
१९. न्यातापोल ई. स्कूल, वडा नं. १०
२०. पारागन ई. स्कूल, वडा नं. १०
२१. जेन्यूईन ई. स्कूल, वडा नं. १०
२२. रोम्बस ई. स्कूल, वडा नं. १०
२३. माउण्ट भ्याली ई.स्कूल, वडा नं. ३
२४. ज्ञानतारा ई. स्कूल, वडा नं. ३
२५. श्री पद्म मा.वि, वडा नं. ३
२६. मेधा मा.वि, वडा नं. ३
२७. वागीश्वरी मा.वि, वडा नं. ९
२८. ख्वप्रिङ्ग ई. स्कूल, वडा नं. ८
२९. लिसा ई. स्कूल, वडा नं. ८
३०. वाईज ल्याण्ड ई. स्कूल, वडा नं. ७
३१. सुर्योदय से. स्कूल, वडा नं. ७
३२. हिमालयन ग्लोरी ई.स्कूल, वडा नं. २
३३. एभेरष्ट ई. स्कूल, वडा नं. २
३४. डा. इवामुरा कलेज, वडा नं. १
३५. द. राइजिङ्ग ई. स्कूल, वडा नं. ६
३६. गोल्डेन गेट ई. स्कूल, वडा नं. ६
३७. सुर्य विनायक ई. स्कूल,वडा नं. १
३८. शान्ति निकेतन मा.वि., वडा नं. ४
३९. समाज सुधार मा.वि., वडा नं. ८
४०. भीम आदर्श आ.वि., वडा नं. ८
४१. सरस्वती विद्यागृह मा.वि.,वडा नं. ९
४२. सन्तती प्रा.वि., वडा नं. १
४३. शारदा मा.वि., वडा नं. २
४४. गणेश मा.वि., वडा नं. १
४५. ज्ञान विजय आ.वि., वडा नं. १
४६. नवीन आ.वि., वडा नं. ७
४७. जेनिथ ई. स्कूल, वडा नं. ४
४८. स्कलर्स होम एकेडेमी, वडा नं. १०
४९. इमेज ई. स्कूल, वडा नं. ७
५०. महेन्द्र विद्याश्रम, वडा नं. ३
५१. क्रियटिभ ई. स्कूल, वडा नं. १०
५२. सनसाइन नेशनल ई.स्कूल, वडा नं. १
५३. विद्या आर्जन ई. स्कूल, वडा नं. ५
५४. अक्सफोर्ड प्राक्टिकल ई.स्कूल, वडा नं.१
५५. दत्तात्रय आ.वि., वडा नं. ९
५६. जागृती मा.वि, वडा नं. ३
५७. जनसेवा आ.वि., वडा नं. ४
५८. विद्यार्थी निकेतन मा.वि.,वडा नं. ५
५९. ब्रम्हचारिणी आ.वि., वडा नं. १०
६०. शिद्धी शारदा आ.वि., वडा नं. ९
६१. निकल्सन ई. स्कूल, वडा नं. १
६२. पाथिभरा एकेडमी, वडा नं. १
६३. लिटिल वर्ल्ड ई. स्कूल, वडा नं. १
६४. शारदा आ.वि., वडा नं. ३
६५. नवदुर्गा कलेज, वडा नं. ३
६६. विद्याविकास ई. स्कूल, वडा नं. ७
६७. न्यू मोडर्न ई. स्कूल, वडा नं. १
६८. केयर किन्डरगार्डेन स्कूल, वडा नं. १०

## खेल, खेलस्थल र दर्ता शुल्क

**भलिबल (छात्रा/छात्र)**
स्थान : शहीद स्मृति खेल मैदान
दर्ता शुल्क : प्रतिटिम रु. ५००।-
**टेबलटेनिस (छात्रा/छात्र**, U 12)
स्थान:खेलकुद प्रशिक्षण हल, कमलविनायक
दर्ता शुल्क : प्रतिखेलाडी रु. १००।-
**कबड्डी (छात्रा/छात्र)**
स्थान: शहीद स्मृति खेल मैदान
दर्ता शुल्क : प्रतिटिम रु. ५००।-
**एथ्लेटिक्स (छात्रा/छात्र)**
स्थान: सैनिक आ.मा.वि., सल्लाघारी
दर्ता शुल्क : प्रतिखेलाडी रु. १००।-
**उसु (छात्रा/छात्र)**
स्थान: श्री पद्म मा.वि., दरबार क्षेत्र
दर्ता शुल्क : प्रतिखेलाडी रु. १००।-
**फुटसल**
स्थान: भुलाँचा, गपली भनपा-४
दर्ता शुल्क : प्रतिटिम रु. ५००।-
**खो खो (छात्रा/छात्र)**
स्थान: बालविकास ई. स्कूल, लिवाली
दर्ता शुल्क : प्रतिटिम रु. ५००।-
**बुद्धिचाल** (U 12, U 16 & U 19 Boys/Girls)
स्थान: ख्वप कलेज, देकोचा
दर्ता शुल्क: प्रतिखेलाडी रु. १००।-
**जिम्नाष्टिक (छात्रा/छात्र)**
स्थान : शहीद स्मृति खेल मैदान
दर्ता शुल्क : प्रतिखेलाडी रु. १००।-
**तेक्वान्डो (छात्रा/छात्र)**
स्थान : श्री पद्म मा.वि., दरबार क्षेत्र
दर्ता शुल्क : प्रतिखेलाडी रु. १००।-
**कसिमला पाँय (छात्रा/छात्र)**
स्थान : दरबार स्क्वायर
दर्ता शुल्क : प्रतिखेलाडी रु. १००।-
**ब्याडमिन्टन** (U 12, U 16 & U 19 Boys/Girls)
स्थान:भार्वाचो ब्याडमिन्टन क्लव, भ.न.पा. १
दर्ता शुल्क : प्रतिखेलाडी रु. १००।-
**कराँते छात्रा/छात्र**
स्थान : विद्यार्थी निकेतन मा.वि., साकोथा
दर्ता शुल्क : प्रतिखेलाडी रु. १००।-
**पोर्टबल (छात्रा/छात्र)**
स्थान : विद्यार्थी निकेतन मा.वि., साकोथा
दर्ता शुल्क : प्रतिखेलाडी रु. ५००।-

# भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सर सर्भाइभर मिट

भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सर रोगको उपचारबाट सफलता प्राप्त भएका र हाल उपचार भइरहेका बिरामीहरूको लागि स्थापना गरिएको 'क्यान्सर सर्भाइभर क्लब' को आयोजनामा कार्तिक २२ गते क्यान्सरका बिरामीहरू र सोसँग सम्बन्धित चिकित्सक, नर्सिङ, पारामेडिकल्सको उपस्थितिमा क्यान्सर सर्भाइभर मिट (Cancer survivor meet) सम्पन्न भयो ।




कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नपाका प्रमुख एवम् भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले कुनै पनि रोगलाई पैसाले जित्न नसक्ने हुँदा बिरामी स्वयम् सचेत भई स्वस्थ खानपान, नियमित व्यायाम, सक्रिय जीवनशैलीमा ध्यान पुऱ्याउँदा सम्भावित रोगहरूबाट बच्न सक्ने बताउनुभयो ।

विज्ञान प्रविधिको विकाससँग निकै खतरनाक मानिने रोगहरूको पनि उपचार अहिले सम्भव भइरहेको छ, उहाँले भन्नुभयो– 'डाक्टर नै भगवान हुन् र सबै कुरालाई भौतिकवादी दृष्टिकोणबाट ब्याख्या गरिनु आवश्यक छ ।'

भक्तपुर नगरपालिकाले कडा रोग लागेका बिरामीहरूको लागि रु. १०,०००।– आर्थिक सहयोग गर्दै आइरहेको र घरदैलो नर्सिङ सञ्चालन गरी नगरको स्वास्थ्य स्थितिबारे तथ्याङ्क संकलन गरिरहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. ऋषिकेशनारायण श्रेष्ठले भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सर रोगीहरूको लागि सबै किसिमको उपचारहरू उपलब्ध भएको जानकारी गराउनुभयो । भक्तपुर क्यान्सर अस्पतालमा उपचार गर्न आएका बिरामीमध्ये क्यान्सर रोग निदान भएका बिरामीलाई अस्पतालले दुई वर्षपछि उपचारमा २० प्रतिशत छुट हुने गरी उपचार सेवा उपलब्ध गर्ने व्यवस्था गरेको बताउनुभयो ।

कार्यक्रममा क्यान्सर सर्भाइभर क्लबका संयोजक डा. रोशन प्रजापतिले क्यान्सर सर्भाइभर क्लब गठनको उद्देश्यबारे प्रस्ट पार्नुहुँदै वि.सं. २०५१ सालमा स्थापना भएको भक्तपुर क्यान्सर अस्पतालले निरन्तर रूपमा क्यान्सर बिरामीहरूको सेवा दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा क्यान्सर सर्भाइभर अमृतकुमार गुरुङले आफूलाई ठूलो आन्द्राको क्यान्सर रोग भएको र निरन्तर उपचारपश्चात आफू स्वस्थ भइसकेको बताउनुहुँदै बिरामीहरूले आफूमा भएको रोग लुकाउँदा अनाहकमा दुःख भोग्नुपरेको स्मरण गर्नुभयो । उक्त कार्यक्रममा सांस्कृतिक प्रदर्शनीहरू पनि देखाइएको थियो ।

कार्यक्रममा क्यान्सर रोग उपचारबाट सफलता प्राप्त भएका र हाल उपचाररत बिरामी र अस्पतालका डाक्टरहरूबीच अस्पतालको सेवाबारे अन्तरक्रिया पनि भएको थियो ।

# उपनिर्वाचन सम्पन्न

प्रतिनिधिसभाका एक, प्रदेश सभाका तीन र स्थानीय तहका ४८ गरी कुल ५२ पदका लागि उपनिर्वाचन गएको मंसिर १४ गते सम्पन्न भएको छ । ३७ जिल्लामा भएको उक्त निर्वाचनमा ३३४ जना उम्मेदवार थिए ।

भक्तपुर जिल्लाबाट प्रदेश सभाको लागि भक्तपुर १(क) निर्वाचन क्षेत्रबाट २०७४ मा निर्वाचित सदस्य हरिशरण लामिछानेको निधन भएकोले उपनिर्वाचन भएको हो । यस निर्वाचन क्षेत्रमा ४५ हजार १५ मतदाता रहेको छन् ।

उपनिर्वाचनमा नेपाल मजदुर किसान पार्टीबाट निरज लवजु, नेपाल कम्युनिस्ट पार्टीबाट देवीप्रसाद ढकाल, नेपाली कांग्रेसबाट कृष्णलाल भडेल र अन्य पार्टी र स्वतन्त्र गरी १९ जना उम्मेदवार थिए ।

चुनाव प्रचारको क्रममा शासकदलहरूबाट निर्वाचन आचारसंहिताको उल्लंघन गरेकोमा नेमकिपाले निरन्तर विरोध गरेको थियो ।

निर्वाचन आयोगले नेकाका कृष्णलाल भडेललाई विजयी भएको घोषणा गऱ्यो ।

# वडा नं. ३ मा शारीरिक व्यायामशाला उद्घाटन



भक्तपुर नगरपालिकाले हरेक वडामा व्यायामशाला राख्ने सिलसिलामा नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपा वडा नं. ३ मा एक समारोहबीच कार्तिक २२ गते व्यायामशालाको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै उहाँले नगरवासीहरूको सु–स्वास्थ्यको लागि प्रत्येक वडा तथा स्कुल एवम् कलेजमा व्यायामशाला राखिएको बताउनुहुँदै नगरवासीहरूले उपयोग गरी फाइदा लिनुपर्ने बताउनुभयो ।

भनपाको उदाहरणीय कामलाई देशका अन्य नगरपालिकाका जनताले पनि सकारात्मक रूपमा लिइरहेको बताउनुहुँदै उपप्रमुख जोशीले स्थानीय जनताले नै यसको सुरक्षा पनि गर्नुपर्छ भन्नुभयो ।

हाम्रो सबभन्दा नजिकको राम्रो अस्पताल नै घरको भान्छा भएको औंल्याउनुहुँदै उपप्रमुख जोशीले नगरवासीहरूले खानपानमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले नगरपालिकाले जनताको राय सुझावअनुसार नगरपालिकाले काम गरिरहेको स्पष्ट पार्नुभयो ।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले सभापतिको आसनबाट नगरवासीहरूको स्वास्थ्य कमजोर भएमा नगरको विकास कार्यमा अवरोध हुने धारणा राख्नुभयो ।

कार्यक्रममा ३ वडा खेलकुद समितिका संयोजक शिवराम धुख्वा, कार्यपालिका सदस्य सुनिता अवाल र सदस्य कृष्णगोपाल चौगुठीले पनि बोल्नुभएको थियो ।

# मेधा माविको भवन शिलान्यास

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको आतिथ्यमा तेखापुखुस्थित मेधा माविको पुरानो भवन पुन:निर्माणको जग शिलान्यास कार्यक्रम कार्तिक २३ गते सम्पन्न भयो ।

कार्यक्रममा उपप्रमुख जोशीले शिक्षाको विकासको लागि नगरपालिकाले विशेष ध्यान दिइरहेको बताउनुभयो ।

मेधा माविले देशको सबभन्दा राम्रो विद्यालय पुरस्कार पाउन सफल हुनु भक्तपुरको लागि गौरवको विषय रहेको उल्लेख गर्नुहुँदै उहाँले विद्यालयको शैक्षिकस्तर अझ राम्रो हुने आशा व्यक्त गर्नुभयो ।




विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकृष्ण गोराको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रदेश नं. ३ का सांसद रजनी जोन्छे, सम्पदाविज्ञ रवीन्द्र पुरी, रोटरीका भानु जोन्छे, गोविन्द मल्ल, विद्यालयका प्रअ गंगाधर हाडाले पनि बोल्नुभएको थियो ।

उक्त भवन निर्माणको लागि भक्तपुर नपाबाट २५ लाख, रोटरी क्लबबाट २८ लाख, रवीन्द्र पुरी फाउन्डेसनबाट ५० लाख र जिल्ला शिक्षा कार्यान्वयन एकाइबाट १ करोड ७ लाख रूपैयाँ आर्थिक सहयोग प्राप्त भएको थियो ।

**नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण**

# राजनीतिक पार्टी विचारको विद्यालय



k|d'v cltly g]dlskfsf cWoIf sf=gf/fo0fdfg lahS5]“+-/f]lxt_, k|d'v ;'lgn k|hflt, pkk|d'v /hgL hf]zL / k|f8f=huGgfy >]i7

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा शैक्षिक वर्ष २०७६/७७ मा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा स्नातक तहमा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम कार्तिक २० गते सम्पन्न भयो।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले मानिस सामाजिकका साथै राजनीतिक प्राणी पनि भएकोले चाहेर या नचाहेर मानिसले राजनीति गरिरहेको हुन्छ भन्नुभयो।

उहाँले भन्नुभयो, 'देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र राजनीति हो। राजनीतिक दलहरू दर्शन, सिद्धान्त र विचारको आधारमा स्थापना र सञ्चालन हुन्छ। राजनीतिक पार्टी विचारको विद्यालय हो, जसले राष्ट्रिय र अन्तर्राष्ट्रिय हितको बारेमा आधिकारिक धारणा दिन्छ।'

पूँजीवादी र समाजवादी विचारधाराबारे स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले समाजवादी विचारधाराले सबैलाई समान नजरले हेर्ने र कमजोर र पीछडिएका जनतालाई अगाडि ल्याउने विभिन्न अवसरहरू उपलब्ध गराउने बताउनुभयो।






sfo{qmddf afFlgxB]qmdzM k|f8f= hutsdf/ >]i7, k|f8f= /fh]Gb| >]i7, k|d'v k|hf ; slo clws[ bLks sf]O/fnf, k|frfo{ ;'hg dfs / k|frfo{ ;'lgn b'jfn

उहाँले जोड दिनुभयो, 'विद्यार्थीहरू राजनीतिबाट भागेर होइन राजनीतिमा सहभागी भएर देश विकासमा योगदान गर्नुपर्छ ।'

कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भनपा प्रमुख सुनिल प्रजापतिले कलेज स्थापनाका उद्देश्यहरूबारे प्रस्ट पार्नुहुँदै अध्ययनरत विद्यार्थीहरूले श्रमलाई माया र सम्मान गर्नुपर्छ भन्नुभयो ।

भनपाबाट सञ्चालित कलेजहरूको शुल्क तुलनात्मकरूपमा कम भएको र कलेजले जेहेनदार गरिब विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गरको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो, 'आर्थिक अभावको कारण विद्यार्थीहरूले पढाइ छोड्न नपरोस् भनी नगरपालिकाले नगरका विद्यार्थीहरूलाई शैक्षिक ऋणको व्यवस्था गरेको छ ।'

उहाँले जोड दिनुभयो, 'परीक्षा उत्तीर्ण गर्ने उद्देश्यले मात्र विद्यार्थीहरूले अध्ययन गर्नु हुन्न । आफूले हासिल गरेको ज्ञान र शिक्षाले देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने लक्ष्य लिनुपर्छ । जहाँ गए पनि कलेजको प्रतिष्ठा बढाउने काम गर्नुपर्छ ।'

'भनपाले नाफा कमाउन कलेजहरू सञ्चालन गरेको नभई शिक्षामार्फत देशकै सेवा गर्ने उद्देश्य कलेजको हो', उहाँले भन्नुभयो ।

ठेकेदार र इन्जिनियरहरूको मिलेमतोमा गुणस्तरहीन विकास निर्माण भइरहेकोमा विद्यार्थीहरू सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै प्रमुख प्रजापतिले नेकपाको सरकारले कम्युनिस्ट चरित्रविपरीत कार्य गरिरहेको बताउनुभयो ।

सरकारको पक्षपातपूर्ण नीतिको कारण ख्वप विश्वविद्यालयको स्वीकृति नपाएको तर ख्वप कलेजहरूभन्दा कम पूर्वाधार भएका कलेजहरूले विश्वविद्यालयको स्वीकृति पाएको विचार उहाँले व्यक्त गर्नुभयो ।

भनपाका उपप्रमुख एवम् कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ एउटै उद्देश्यले सञ्चालित कलेज भएको चर्चा गर्नुहुँदै भनपाले शिक्षा र स्वास्थ्यमा विशेष ध्यान दिई कार्य गरिरहेको बताउनुभयो ।

इन्जिनियरिङ अध्ययन संस्थानका डीन प्रा.डा. राजेन्द्र श्रेष्ठले इन्जिनियरिङको पाठ्यक्रम विशेषज्ञहरूको सहकार्यमा तयार भएको चर्चा गर्नुहुँदै नेपालमा इन्जिनियरिङ अध्ययन पूरा गरेका विद्यार्थीहरूले अन्तर्राष्ट्रिय क्षेत्रमा गएर सजिलै अध्ययन गर्नसक्ने बताउनुभयो ।

पूर्वाधार विकास केन्द्रका निर्देशक प्रा.डा. जगतकुमार श्रेष्ठले भनपाद्वारा सञ्चालित इन्जिनियरिङ कलेजहरू देशकै उत्कृष्ट कलेजको रूपमा सफलता पाएको र ती कलेजहरू देशकै लागि अनुकरणीय भएको बताउनुभयो ।

प्रा.डा. जगन्नाथ श्रेष्ठले विदेशी विश्वविद्यालयहरूमात्र राम्रो हुने धारणा गलत भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'विद्यार्थीहरूले राम्ररी अध्ययन गर्न सके ख्वप इन्जिनियरिङ कलेजबाट पनि उत्कृष्ट नतिजा हासिल गर्न सकिन्छ ।'

भनपाका कार्यकारी अधिकृत दीपक कोइरालाले आफूले अध्ययन गर्ने कलेजको विषयमा विश्लेषण गर्नु आवश्यक रहेको र कलेजको जीवनपश्चात् असल नागरिक बनी ज्ञान र सीपको उपयोग गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इ. सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले स्वागत मन्तव्य राख्नुभएको थियो ।

**भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।**

# उपत्यकाका बागमतीसमेतका नदीहरू संरक्षणको विषयमा सरोकारवालाहरूबीच छलफल

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले काठमाडौं उपत्यकाका बागमतीसमेतका नदीको संरक्षणका लागि सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन र प्रतिवेदन पेश गर्ने सम्बन्धमा उपत्यकाका स्थानीय निकायका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित सरोकारवालाहरूबीच कार्तिक २० गते छलफल कार्यक्रम आयोजना गऱ्यो ।



k|d'v k|hfklt sfo{qmddf dGtJo /fVg'xb}

कार्यक्रममा महान्यायधिवक्ता अग्नि खरेलले बागमती फोहोर हुनुमा उपत्यकावासीहरू जिम्मेवार भएको बताउनुहुँदै बागमती सभ्यता भएको हुँदा यसलाई संरक्षण गर्नु सबैको कर्तव्य भएको बताउनुभयो । साना नदीमा भएको प्रदूषण रोक्न सकेनौं भने ठूलो नदी सफा गर्न असम्भव भएको बताउनुहुँदै उहाँले सर्वोच्च अदालतले बागमती सभ्यता अभियानलाई गम्भीरताका साथ अध्ययन गरिरहेको बताउनुभयो ।

महान्यायाधिवक्ता खरेलले बागमती नदी सफाइमा ढल व्यवस्थापन चुनौतीको रूपमा रहेको जिकिर गर्नुहुँदै बागमती सभ्यतालाई जीवन्त पार्ने अभियानमा सम्बन्धित सबै स्थानीय तह र सरोकारवालाहरू बीच आपसी समन्वय र सहकार्यको खाँचो औंल्याउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले काठमाडौं उपत्यका समेतका नगरहरूभित्रका नदी जलप्रवाहमा व्यवस्थासम्बधी कार्य, नदी किनारका दुवै क्षेत्रमा २० मि. तटीय क्षेत्र कायम गरी सिमांकन गर्ने कार्य, २०२१ सालको सर्भे नापीलाई आधार मानी नदी तटको अतिक्रमित जग्गा पत्ता लगाउने कार्य, दीर्घकालीन रूपमा ढल प्रशोधन केन्द्रको योजना बनाई कार्य गर्ने सम्बन्धी कार्य, नदी पोखरीको संरक्षणसम्बन्धी कार्य, सेफ्टी ट्यांकीको सुनिश्चितता गरेर मात्र घरको नक्सा पास गर्ने कार्य, फोहोर व्यवस्थापनको कार्य र नदीहरूको वातावरण संरक्षणलगायतका विषयमा भक्तपुर नगरपालिकाबाट सम्पन्न भएका र कार्यान्वयन भइरहेका विवरणहरू प्रस्तुत गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाबाट सम्पन्न भएका र कार्यान्वयन भइरहेका विवरणहरू प्रस्तुत गर्नुहुँदै भन्नुभयो – 'उपत्यकाका नगरपालिकाहरूले आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापनमा आफै व्यवस्थित ढंगले गर्नु आवश्यक छ ।'

भक्तपुर नगरपालिकाले खोला सुधार कार्यअन्तर्गत प्रत्येक वर्ष खोलाको माटो पन्छाउने कार्य र सरसफाइ कार्य गर्दै आउनुको साथै रिटेनिङ वालहरू बनाउने कार्य भइरहेको जानकारी गराउनुहुँदै प्रमुख प्रजापतिले सल्लाघारी पुलदेखि जस्तिके पुलसम्म हनुमन्ते खोलाको माटो पन्छाउने कार्य तीव्र रूपमा अगाडि बढिरहेको छ भन्नुभयो ।

नगर क्षेत्रभित्र नदी किनारको घर नक्सा पास गर्दा नदीको किनारबाट २० मि. तटीय क्षेत्र कायम हुने गरी मात्र नक्सा पास गर्दै आएको अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाबाट सञ्चालित आवास योजनाहरूमा नदीको

किनारमा २० मि. तटीय क्षेत्र हुने गरी तटबन्ध निर्माण गरी योजना कार्यान्वयन भइरहेको छ भन्नुभयो ।

उहाँले २०२१ सालको सर्भे नापीलाई आधार मानी नदी तटको अतिक्रमित जग्गा पत्ता लगाउन आवश्यक गृहकार्य भइरहेको, हनुमन्ते नदी सिमांकन गर्न नदी किनाराका जग्गावालाहरूको बैठक राखी अतिक्रमित जग्गा फिर्ता गराउन आवश्यक पहल भइरहेको छ भन्नुभयो ।

उहाँले दीर्घकालीन ढल प्रशोधनको लागि सल्लाघारी र इनाचोमा उपचार पोखरी निर्माण गरी सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिनुहुँदै भन्नुभयो– 'पीआईडीअन्तर्गत हनुमन्ते खोला छेउमा ढल व्यवस्था गर्न ह्युम पाइप बिछ्याउने कार्य भइरहेको छ ।'

नगर क्षेत्रका पोखरी र नदी संरक्षणार्थ भाज्या पोखरी पुनःनिर्माण, रानी पोखरी पुनःनिर्माण, पुखुचा हिटी पुनःनिर्माण, महेश्वरी क्षेत्रमा घाट निर्माण र रिटेनिङ वाल बनाउने कार्य सम्पन्न भइसकेको उहाँले बताउनुभयो ।

उहाँले एडीबीको बजेटबाट हनुमानघाट क्षेत्रमा घाट निर्माण कार्य भइरहेको, गयःभिंद्यो (भेलुखेल) क्षेत्रमा हनुमन्ते खोलामा पुल निर्माण कार्य भइरहेको र जग्गा एकीकरण आयोजनामा नदी तटमा रिटेनिङ वाल निर्माण कार्य पनि तीव्र रूपमा अगाडि बढिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका क्षेत्रअन्तर्गत विस्तारित आवास क्षेत्र, व्यापारिक क्षेत्र र औद्योगिक क्षेत्रमा सेफ्टी ट्यांकीसहितको नक्सामात्र दर्ता गरी पास गरिरहेको, सेफ्टी ट्यांकी र सोकपिट निर्माण भएको अवस्थामा मात्र निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने प्रावधान रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले नगरको फोहोर व्यवस्थापन गर्न घर घरबाटै कुहिने र नकुहिने फोहोर छुट्याउन आवश्यक बाल्टिन वितरण गरी फोहोर न्युनीकरण भइरहेको, कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन भइरहेको, सानो सानो स्केलमा नकुहिने फोहोर व्यवस्थापन भइरहेको र फोहोर न्युनीकरणको लागि जनचेतनामूलक कार्यक्रमहरू भइरहेको बताउनुभयो ।

फोहोरमैला व्यवस्थित रूपमा तह लगाउन विस्तृत रूपमा अध्ययन गरी कार्ययोजना तयार गर्नको लागि विज्ञहरूको कार्यदल गठन गरी अध्ययन भइरहेको, कार्यदलसँग सहकार्य गरी पाइलट प्रोजेक्टको रूपमा २ वटा शैक्षिक संस्थामा फोहोरलाई कुहिने र नकुहिने छुट्याइ संकलन भइरहेको बताउनुहुँदै उहाँले ट्रान्सपोर्ट स्टेशन विकास गर्ने कार्यक्रम सञ्चालन गर्न गृहकार्य भइरहेको बताउनुभयो ।

उहाँले नदी क्षेत्रको वातावरण संरक्षणको लागि तटीय क्षेत्रहरूमा वृक्षारोपण र सरसफाइ कार्य भइरहेको र तटबन्ध निर्माण कार्य पनि अगाडि बढिरहेको छ भन्नुभयो ।

छलफल कार्यक्रममा भाग लिनुहुँदै काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले बागमती सफा गर्न सिमाना जोडिएर रहेका स्थानीय तहहरूले आपसी समन्वय गर्नु आवश्यक भएको बताउनुभयो । काठमाडौं महानपाको बागमतीलगायतका सहायक नदीहरूलाई स्वच्छ बनाउने उद्देश्य रहेको प्रस्ट पार्नुहुँदै उपत्यकाका सांस्कृतिक सम्पदा पुनःनिर्माण तथा विकास निर्माणका कार्यहरूमा राज्य संयन्त्रको असहयोग रहेको दुःखेसो पोख्नुभयो ।

कार्यक्रममा काठमाडौं उपत्यकाका विभिन्न स्थानीय निकायका प्रमुख, उपप्रमुख, कार्यकारी अधिकृतलगायतद्वारा नदीमा फोहोर फाल्ने कार्य र नदी वरपरका अतिक्रमणकारीका कारण नदी फोहोर भएको, सेफ्टी ट्यांकी नभएका घरको नक्सालाई स्वीकृति नदिएको, जनसङ्ख्या वृद्धिका कारण फोहोरमैला व्यवस्थापन चुनौतीपूर्ण रहेको, फोहोरमैला व्यवस्थापन कार्यमा स्थानीय जनताकै बीचबाट व्यापक विरोधका कारण काम गर्न कठिनाइ भएको, स्थानीय तहहरूले पोखरी सफा बनाउन ट्रीटमेन्ट प्लान्ट बनाउनु आवश्यक भएकोलगायतका धारणा व्यक्त भएका थिए ।

## बासिबियाँलो

| | | | | |
|---|---|---|---|---|
| A | B | C | D | E |
| F | G | H | I | J |
| K | L | M | N | O |
| P | Q | R | S | T |
| U | V | W | X | Y |

lbOPsf]ABCD sf]rqdf tn-dfly, bfofF afofF58\s]h tfklg k9\bf ljleGg zAbx? aGg ;S5, h:t}HIM, NOT .... To:tf slt j6f zAb k|]nf kfg{;SgxG5 < clg 5 clf/sf]sg}zAb k|]nfk5{s < -pQ/ %! k[7df_

**बजार अनुगमन**

# निर्देशन पालना नगर्नेलाई कडा कारवाही

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा भक्तपुर मालपोत क्षेत्रमा लेखापढी व्यवसायलगायत अन्य व्यवसायको कार्तिक २८ गते अनुगमन गरेकोमा अधिकाशं दर्ता नभएकोले अनुगमन कै क्रममा केही व्यवसाय दर्ता गरिएको छ ।

अनुमगनमा सेवा शुल्कको सूची राख्न, शुल्कको लेनदेन पान नम्बरसहितको रसिदबाट गर्न, लेखापढीलगायत अनुमतिको प्रमाण पत्र फर्ममा देखिने गरी राख्न निर्देशन दिएको छ ।

अनुगमनमा अनुगमन समितिका सदस्य सचिव भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्ज, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, महानगरीय प्रहरी परिसरका प्रहरी प्र.स.नि राजबहादुर डगौरा, उद्योग वाणिज्य संघ, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि सहभागी थिए ।

त्यस्तै कार्तिक २९ गते भक्तपुर नपा अनुगमन समितिका सदस्य एवं कार्यपालिका सदस्य रोशनमैंया सुवालको नेतृत्वमा भक्तपुर मालपोत क्षेत्रमा लेखापढी व्यवसायलगायत अन्य व्यवसाय अनुगमन गरी ९ वटा व्यवसाय दर्ता गरेको छ ।

अनुमगमनको क्रममा सहज दर्ता र दर्ता प्रमाणपत्रको सुविधा दिने अनुरोध गर्दा समेत अटेर भई दर्ता नगर्नेलाई तीन दिनभित्र दर्ता गर्न र साइनबोर्ड राख्न, सेवाग्राहीलाई दिएको सेवाको विविध शुल्कको सूची राख्न, शुल्क लेनदेन गर्दा पान वा भ्याट भएको रसिद कारोबार गर्न र लेखापढी लगायत अनुमतिको प्रमाण पत्र फर्ममा देखिने गरी राख्न निर्देशन दिँदै निर्देशन पालना नभए कडा कारवाही गर्ने चेतावनी दिएको छ ।

अनुगामनमा अनुगमन समितिका सदस्य सचिव भनपा श्यानिटेशका न.नि. दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्ज, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, महानगरीय प्रहरी परिसरका प्रहरी प्र.स.नि राजबहादुर डगौरा, उद्योग वाणिज्य संघका सञ्जय जोन्छे सहभागी थिए ।

# वडा नं. १० कार्यालय परिसरमा सरफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको नियमित पाक्षिक सरसफाइ अन्तर्गत मंसिर १ गते भनपा-१० कमलविनायकस्थित वडा कार्यालय परिसर र गोंगपुखु परिसर सरसफाइ गरियो ।

उक्त कार्यक्रममा भनपा-९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले सरसफाइ कार्यक्रम 'हाम्रो ठाउँ हामी आफैले सफा गर्नुपर्छ' भन्ने भावना विकसित गर्नको लागि आयोजना गरिएको बताउनुहुँदै भक्तपुर नगरपालिकाको आयोजनामा चैत्र ४-८ गतेसम्म भक्तपुर महोत्वस हुने जानकारी गराउनुभयो । महोत्सव आयोजना गर्नुको मुख्य उद्देश्य आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धन तथा नगरवासीहरूलाई समेटेर आयमूलक कार्यमा लगाउनु रहेको बताउनुहुँदै महोत्सवको सफलताको लागि सबैको सहयोगको लागि आव्हान गर्नुभयो ।

उहाँले नगरपालिका नगरवासीहरूको साझा संस्था भएको र सरसफाइ पनि हामी सबैको साझा जिम्मेवारी भएको हुँदा पाक्षिक रूपमा १-२ घण्टा सरसफाइ कार्य गरिरहनुपर्ने बताउनुहुँदै मंसिर १४ गते हुन लागेको भक्तपुरको प्रदेश निर्वाचन क्षेत्र १ (क) को उप-निर्वाचनमा वडा नं. १० का वडावासीहरूले आ-आफ्नो अमूल्य मतको सदुपयोग गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले नियमित सरसफाइलाई हरेक वडावासीले निरन्तरता दिनुपर्ने विचार व्यक्त गर्नुहुँदै यस कार्यमा सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारीहरू, अगुवा कार्यकर्ताहरू, विभिन्न




संघसंस्थाहरू, विद्यालयहरूलगायत समाजसेवीहरूको साथ र सहयोगको अपेक्षा राख्नुभयो ।

कार्यक्रममा वडा नं. १० का वडासदस्य जितेन्द्र मुनंकर्मी, पूर्व वडाध्यक्ष चन्द्रबहादुर उलक र वडासचिव गोविन्दराम थुसाले पनि बोल्नुभएको थियो ।

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७६ कार्तिक ६ गते बुधबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रबिन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना ग्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री दिपक कोइराला | ऐ |

## निर्णयहरू

### भक्तपुर महोत्सव

भक्तपुरको कला संस्कृति, जीवन शैली, स्थानीय उत्पादनलगायतको प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्ने उद्देश्यले यही २०७६ चैत्र ४ गतेदेखि ८ गतेसम्म भक्तपुर महोत्सव आयोजना गर्ने निर्णय गरियो ।

### सांस्कृतिक गुरुहरूको सम्मान

नेपाल सम्बत ११४० नयाँ वर्षको अवसरमा शुभकामना आदान-प्रदान, सांस्कृतिक गुरुहरूको सम्मान तथा वृत्तचित्र प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम कार्तिक ११ गते दिनको २ बजे दरबार क्षेत्रमा आयोजना गर्ने निर्णय गरियो ।

उक्त कार्यक्रममा सम्मानित हुने सांस्कृतिक गुरुहरूलाई प्रतिव्यक्ति करबाहेक नगद रु.१५,०००।- (अक्षेरूपी पन्ध्र हजार) सहित कदर पत्र वितरण गर्ने निर्णय गरियो ।

### अनुदानको लागि

नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट यस नगरपालिकामा प्रेषित पत्रानुसार आ.व. २०७६/०७७ का लागि देहायबमोजिमका योजनाहरूको लागत इष्टिमेटसहित विशेष अनुदान र समपूरक अनुदानका लागि राष्ट्रिय योजना आयोगमा पत्राचार गर्ने निर्णय गरियो :

**तपसिल**

**समपुरक बजेट**

| क्र.सं. | योजना | वडा | लागत |
|---|---|---|---|
| १ | राम मन्दिर पुल निर्माण कार्य | ४ | ५७,१३८,४५९।८३ |
| २ | केटामरू घाट पुल निर्माण कार्य | ५ | ५७,१३८,४५९।८३ |
| ३ | ख्वप कलेज सी ब्लक | ६ | ९९,७४५,४६९।०७ |
| ४ | महेश्वरी खोला पुल (छिपा ताँ) पुन:निर्माण कार्य | ७ | २१,१०२,५६९।९६ |
| ५ | ढाला खुसी पुल निर्माण कार्य | १ | ५७,१३८,४५९।८३ |
| ६ | पीच कार्य | | २५,२४६,३२१।५९ |
| ७ | १० वडा कार्यालयदेखि भुतिपाखे हुँदै चाँगु जाने पीच बाटोसम्म बाटो पीच गरी ढल र पर्खाल निर्माण कार्य | १० | १६,८७०,०१९।३८ |
| ८ | कमलविनायक चोकबाट नगरकोट रोडको दायाँबायाँ पेटी (कमलविनायकदेखि लान्चा फल्चासम्म) | १० | १०,४०१,८३०।५१ |

| | | | |
|---|---|---|---|
| ९ | वडा कार्यालयबाट जेन्यून स्कूल हुँदै ख्वप कलेज तथा चाँगु जाने बाटो निर्माण कार्य | १० | २९,६५१,२६७।६१ |
| | जम्मा | | ३७४,४३२,८५७।६१ |
| **विशेष बजेट** | | | |
| १० | देगमना चोकदेखि बाराही पुलसम्म ढुङ्गा छपाई | ३ | ११,१५६,१८९।९१ |
| ११ | बाल उद्यान (त:मुंज्या चोकमा) निर्माण | १० | ९,०१६,६०३।७२ |
| १२ | सोलार बत्ती जडान कार्य | | १४,९४८,८५९।९० |
| १३ | पार्किङ्ग स्थल निर्माण कार्य | | १०,७१०,५६०।६७ |
| १४ | भार्वाचो बसपार्कमा ढलान तथा इन्टरलकिङ्ग ब्लक छाप्ने कार्य | १ | १८,६६७,९६९।०८ |
| १५ | बाराही पीठदेखि अरनिको राजमार्गसम्म पेटी तथा ढुङ्गा छपाई कार्य | ३ | ९,१६२,९२९।०२ |
| १६ | शहीद स्मृति भवन निर्माण कार्य | २ | ६३,२७७,०६०।४१ |
| १७ | पाइप लाइन बाटो ब्लक छाप्ने कार्य | १० | १६,८५३,७९४।६४ |
| १८ | अरनिको सभा भवन (क्यान्टन ब्लक) | ६ | ३३,५८४,५९५।१५ |
| १९ | लिबाली प्लानिङ्ग खोला छेउ रिटेनिङ्ग वाल निर्माण | ८ | २१,७८८,०३७।२७ |
| २० | लिबाली प्लानिङ्ग खोला छेउ बाटोमा पीच निर्माण कार्य | ८ | ३५,९१३,१२१।९७ |
| २१ | अरनिको सभा भवन (प्रशासनिक भवन) | ६ | ९९,८२७,३०५।३२ |
| २२ | च्याम्हासिंहदेखि चोकतिला पुलसम्म पीच चौडा गर्ने कार्य | ९ | ४४,३५४,४७७।२१ |
| | जम्मा | | ३८,९२,६१,५०४।२७ |

## नगरव्यापी खेलकुद

भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ कार्तिक १७–२३ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिता गर्ने ।

### कार्यक्रम

मिति : २०७६ कार्तिक १७ गते, आइतबार
समय : बिहान ७:०० बजे
स्थान : भ.न.पा.वडा नं. ९, दत्तात्रयबाट र्‍याली शुरु
उद्घाटन स्थल : शहीद स्मृति खेल मैदान, भ.न.पा. २

## निर्णय अनुमोदन

विभिन्न समितिका निम्न अनुसारका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

### वातावरण तथा पर्यटन समिति

**मिति २०७६।७।५ गते**

१. भक्तपुर नगरपालिकाबाट गठित फोहर मैला व्यवस्थापन कार्यदलले पेश गरेको फोहर मैला व्यवस्थापन सम्बन्धी तपसिलका कार्यक्रमहरूको लागि तपसिलअनुसारको बजेट पारित गर्ने निर्णय गरियो :

**तपसिल**

| क्र.सं. | कार्यक्रम | बजेट |
|---|---|---|
| १ | Health care waste Mangement | रु.१५,९७,९००।- |
| २ | Community Composting Center Program | रु.२०,८०,०००।- |
| ३ | शैक्षिक संस्थाहरूमा फोहर छुट्याई संकलन | रु.३,१२,०००।- |
| ४ | भ.न.पा.वडा नं. ५ मा फोहर मैला व्यवस्थापन अभिमुखीकरण | ३,८२,५००।- |

### कृषि समिति

**मिति २०७६।६।२८ गते**

१. प्रत्येक वडाको थ्रेसर मेशिन कृषकहरूलाई बहालमा दिए वापत प्रति दिन रु.७००।- शुल्क लिने निर्णय गरियो ।

२. वडा वडाबाट कृषि चुन वितरण गर्न प्रति वडा १०० बोराको दरले १००० बोरा कृषि चुन खरिद गर्ने निर्णय गरियो ।

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०७६।७।५ गते**

१. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रहरूमा

टेलिभिजन तथा स्पीकर सेट खरिद गरी उपयोग समेत भइसकेको अवस्थामा शिशु स्याहार केन्द्र रहेको सम्बन्धित वडा कार्यालयमार्फत भुक्तानी प्रदान गर्ने र उक्त भुक्तानी रकम शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिको बजेटबाट सोधभर्ना गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाका गतिविधिहरूको बारेमा जानकारीसहित रेडियो कार्यक्रम ख्वप सः(भक्तपुर आवाज) प्रसारण गर्न यस अघि भक्तपुर एफ.एम. प्रा.लि.सँग सम्झौता गरिएको बैठकमा जानकारी गराइयो । यसका साथै यही २०७६ कार्तिक १२ गते म्ह पूजा (नेपाल सम्बत ११४० नयाँ वर्षको दिन) देखि हरेक हप्ताको बुधबार बिहान ७:३०–८:३० बजेसम्म 'ख्वप सः रेडियो बुलेटिन,' शुक्रबार साँझ ६:३०–७:०० बजेसम्म 'ख्वप सः कला, संस्कृति' र सोमबार बिहान ७:००–७:३० बजेसम्म 'ख्वप सः शिक्षा, स्वास्थ्य र पर्यटन' कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको आयोजनामा नगरवासी युवाहरूलाई लक्षित गरी सेरामिक मोल्डिङ तथा रेजिन वस्तु उत्पादन सम्बन्धी तालिम सञ्चालन गर्ने र यस तालिमका लागि राष्ट्रिय घरेलु तथा साना उद्योग कार्यालयबाट प्राविधिक सहयोग प्राप्त गर्ने निर्णय गरियो ।

४. भक्तपुर नगरपालिका वडा नं. २ नःपुखुस्थित हाडा (बिजुक्छेँ) दिगु द्यो पुनः निर्माण (जीर्णोद्धार) को लागि स्वीकृति प्राप्त गर्न हाडा (बिजुक्छेँ) दिगु द्यो जीर्णोद्धार समितिबाट यस कार्यालयमा पत्र प्राप्त भएकोमा उक्त दिगु द्यो परम्परागत शैलीमा नै पुनः निर्माणको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

## आर्थिक समिति

**मिति २०७६।५।२० गते**

विनियम संशोधन सम्बन्धमा छलफल हुँदा निम्ति लिखित संस्थाहरूको निम्न बुँदाहरू संशोधनको लागि स्वीकृति दिने निर्णय गरियो :

**क.** भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको परिच्छेद ८, दफा ३७ को सञ्चालन समितिको पदावधि, दफा ५९ को लाभांस प्रतिशत र दफा ३ को कार्य क्षेत्र सम्बन्धी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**ख.** बुद्ध बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको परिच्छेद ३ दफा ९ मा उपदफा थप, दफा ११ मा प्रवेश शुल्क रु.१००।- र दफा १२ मा उपदफा थप, दफा १३ मा उपदफा थप, परिच्छेद ४ को दफा १८ मा पूँजी संशोधन, परिच्छेद ५ दफा २१ मा ४,७,८ संशोधन, दफा २५ मा उपदफा थप, दफा २६ को १.२.२क, २ख, २ग संशोधन, दफाको २७ को १ मा संशोधन, दफा ३२ मा उपदफा ३,४,५, ६ थप, दफा ३३ को १ मा संशोधन दफा ३५ उपदफा ५ संशोधन, दफा ५० को उपदफा ङ संशोधन, दफा ५१ को उपदफा ३ संशोधन र दफा ५ को लोगो संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**मिति २०७६।६।३० गते**

१. विनियम संशोधन सम्बन्धमा छलफल हुँदा निम्नलिखित संस्थाहरूको निम्न बुँदाहरू संशोधनको लागि स्वीकृति दिने निर्णय गरियो :

**क.** लोकेश्वर बचत तथा ऋण सहकारी सस्था लि., भक्तपुरको कार्य क्षेत्र साविक वडा नं. ३ देखि १७ सम्म कायम रहेकोमा साविक वडा न. १ देखि १७ सम्म (हालको वडा नं. १ देखि १० सम्म) कायम गरी पाऊँ भनी निवेदन दिएकोमा वडा नं. १ देखि १० सम्म कार्य क्षेत्र कायम हुने गरी स्वीकृति दिने निर्णय गरियो ।

**ख.** इताछेँ विनायक बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुरको विनियम संशोन गरी पाऊँ भनी दिएको निवेदनअनुसार संस्थाको विनियमको २.२ र नियम ५ को उपनियम २ सँग सम्बन्धित अनुसूची १ लोगो संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**ग.** चोछेँ छुमा गणेश बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुरको विनियम संशोधनको लागि दिएको निवेदनअनुसार संस्थाको नियम ३३ को सञ्चालक समितिको पदावधि ४ वर्षको हुने गरी विनियम संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**घ.** डायमण्ड बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको विनियम संशोधन गरी पाऊँ भनी दिएको निवेदनअनुसार संस्थाको विनियमको परिच्छेद ७ को दफा २६(१) अनुसार सञ्चालक समिति ९ जनाको र परिच्छेद ७ दफा ३१ को पदाधिकारीको काम कर्तव्यमा कोषाध्यक्षको काम कर्तव्य र अधिकार संशोधनको लागि स्वीकृति दिने निर्णय गरियो ।

**ङ.** याकती अजिमा बचत तथा ऋण सहकारी संस्था लि., भक्तपुरको विनियम संशोधन गरी पाऊँ भनी दिएको निवेदनअनुसार संस्थाको लोगोमा दुई हातले समातेको र वडा नं. ३ गर्ने, शेयर पूँजीमा ४०,००० थान जारी गर्ने, प्रवेश शुल्क रु.१००।- गर्ने र कार्य क्षेत्र १ नं. वडादेखि १० नं. वडासम्म कायम हुने गरी विस्तार गर्न स्वीकृति दिने निर्णय गरियो ।

निर्माण समिति

| क.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **मिति २०७६/०६/१७ गतेको निर्माण समिति बैठक निर्णय/मिति : २०७६/०७/०६ गतेको बोर्ड बैठक निर्णय** | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. ९ स्थित बहुउद्देश्यीय भवनको लागि सूलोक ट्रेडिङ्ग कम्पनी प्रा.लि.ले बालुवा १००.९५ उपलब्ध गराए बापत निज सूलोक ट्रेडिङ्ग कम्पनी प्रा.लि. लाई रू. ३,३२,५२४।२५ (अक्षरूपी तीन लाख बतीस हजार पाँच सय चौबिस पैसा पचीस) भुक्तानी गर्ने निर्णय गरियो । | | | | | | | | | |
| २ | भ.न.पा. वडा नं. ९ स्थित बहुउद्देश्यीय भवनको लागि फ्लामको एंकल सामान र इन्लेट सेट निर्माण गर्दाको मिस्त्री खर्च ज्यालाबापत माग भएको रू. ५१,२३५।५० (अक्षरूपी एकाउन्न हजार दुई सय पैतीस पैसा पचास भुक्तानी दिने निर्णय गरियो । | | | | | | | | | |
| | **मिति : २०७६/०७/०३ गतेको निर्माण समिति बैठक निर्णय/मिति: २०७६/०७/०६ गतेको बोर्ड बैठक निर्णय** | | | | | | | | | |
| क.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| | उपभोक्ता समिति अनुमोदन | | | | | | | | | |
| १ | लोकेश्वर मन्दिर छाना मर्मत सँगै पाटी पुन:निर्माण कार्य | २ | ४,४५९,९९८।१८ | उपभोक्ता समिति अध्यक्ष: ज्ञानेन्द्र मानन्धर | | अनुगमन समिति संयोजक : श्यामसुन्दर मातां | | | | |
| | भुक्तानी सम्बन्धमा | | | | | | | | | |
| १ | CCTV र Camera जडान कार्य | | थर्ड आई इन्टरपाइजेजलाई | | ५६६४८०।४६ | | | ५२५६१७।०० | | |
| | **म्याद थप सम्बन्धमा** | | | | | | | | | |
| १ | पञ्च एण्ड सन्स कन्स्ट्रक्सन | | २०७६ मंसिर मसान्तसम्म म्याद थप गरेको | | | | | | | |
| २ | एल.पी.आर कन्स्ट्रक्सन | | २०७६ पुस मसान्तसम्म म्याद थप गरेको | | | | | | | |
| | **मिति : २०७६/०७/०६ गतेको निर्माण समिति बैठक निर्णय/मिति : २०७६/०७/०६ गतेको बोर्ड बैठक निर्णय** | | | | | | | | | |
| क.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवनमा खटिएका स्टोर किपर, रात्री पहरेदार साथै ज्यामीहरू | | | | | | | ६४,६००।०० | | |
| | ल. ई. सम्बन्धमा | | | | | | | | | |
| १ | तीलमाधव नाराणय चोक | ५ | ५,५३४,७१४।५२ | | | | | | | |
| २ | राम मन्दिर पुल निर्माण कार्य | ४ | ५७,१३८,४५९।८३ | | | | | | समपुरक | |
| ३ | केटामरू घाट पुल निर्माण कार्य | ५ | ५७,१३८,४५९।८३ | | | | | | समपुरक | |
| ४ | ख्वप कलेज सी ब्लक | ६ | ९९,७४५,४६९।०७ | | | | | | समपुरक | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | महेश्वरी खोला पुल (छिपा ताँ) पुन:निर्माण कार्य | ७ | २१,१०२,५६९।९६ | | | | | | समपुरक |
| ६ | ढाला खुसी पुल निर्माण कार्य | १ | ५७,१३८,४५९।८३ | | | | | | समपुरक |
| ७ | पीच कार्य | | २५,२४६,३२१।५९ | | | | | | समपुरक |
| ८ | १० वडा कार्यालयदेखि भुतिपाखे हुँदै चाँगु जाने पीच बाटोसम्म बाटो पीच गरी ढल र पर्खाल निर्माण कार्य | १० | १६,८७०,०१९।३८ | | | | | | समपुरक |
| ९ | कमलविनायक चोकबाट नगरकोट रोडको दायाँबायाँ पेटी (कमलविनायकदेखि लान्चा फल्चासम्म) | १० | १०,४०१,८३०।५१ | | | | | | समपुरक |
| १० | वडा कार्यालयबाट जेन्यून स्कूल हुँदै ख्वप कलेज तथा चाँगु जाने बाटो निर्माण कार्य | १० | २९,६५१,२६७।६१ | | | | | | समपुरक |
| ११ | देगमना चोकदेखि बाराही पुलसम्म ढुङ्गा छपाइ | ३ | ११,१५६,१८९।९१ | | | | | | विशेष |
| १२ | बाल उद्यान (त:मुंज्या चोकमा) निर्माण | १० | ९,०१६,६०३।७२ | | | | | | विशेष |
| १३ | सोलार बत्ती जडान कार्य | | १४,९४८,८५९।९० | | | | | | विशेष |
| १४ | पार्किङ्ग स्थल निर्माण कार्य | | १०,७१०,५६०।६७ | | | | | | विशेष |
| १५ | भार्वाचो बसपार्कमा ढलान तथा इन्टरलकिङ्ग ब्लक छाप्ने कार्य | १ | १८,६६७,९६९।०८ | | | | | | विशेष |
| १६ | बाराही पीठदेखि अरनिको राजमार्गसम्म पेटी तथा ढुङ्गा छपाइ कार्य | ३ | ९,१६२,९२९।०२ | | | | | | विशेष |
| १७ | शहीद स्मृति भवन निर्माण कार्य | २ | ६३,२७७,०६०।४१ | | | | | | विशेष |
| १८ | पाइप लाइन बाटो ब्लक छाप्ने कार्य | १० | १६,८५३,७९४।६४ | | | | | | विशेष |
| १९ | अरनिको सभा भवन (क्यान्टिन ब्लक) | ६ | ३३,५८४,५९५।१५ | | | | | | विशेष |
| २० | लिबाली प्लानिङ्ग खोला छेउ रिटेनिङ्ग वाल निर्माण | ८ | २१,७८८,०३७।२७ | | | | | | विशेष |
| २१ | लिबाली प्लानिङ्ग खोला छेउ बाटोमा पीच निर्माण कार्य | ८ | ३५,९१३,१२१।९७ | | | | | | विशेष |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | अरनिको सभा भवन (प्रशासनिक भवन) | ६ | ९९,८२७,३०५।३२ | | | | | विशेष | |
| २३ | च्याम्हासिंहदेखि चोकतिला पुलसम्म पीच चौडा गर्ने कार्य | ९ | ४४,३५४,४७७।२१ | | | | | विशेष | |
| सडक बोर्डका योजनाहरू सम्बन्धमा | | | | | | | | | |
| १ | भार्वाचो तँचादेखि महालक्ष्मी पाटीसम्मको बाटो मर्मत कार्य | १ | १,०२६,४६४।७९ | | | | | | |
| २ | खौमादेखि इन्द्रायणी परिसरसम्म बाटो मर्मत कार्य | २ | १,०६२,७१९।७४ | | | | | | |
| ३ | बाराही पुलदखि बाराही पीठ हुँदै अरनिको राजमार्गसम्म पीच तथा पेटी मर्मत कार्य | ३ | १,००६,९९०।०५ | | | | | | |
| ४ | राममन्दिरको पुलदेखि बोलाछेंसम्मको बाटो ढुंगा छपाइ र मर्मत कार्य (पुलदेखि तँचा जाने खण्ड) | ४ | १,०६८,४४१।८८ | | | | | | |
| ५ | भगवतीस्थानदेखि लाँसि बाटो हुँदै भद्रकालीसम्मको बाटो मर्मत कार्य | ५ | १,०६४,८३१।०२ | | | | | | |
| ६ | बाँसी तँदेखि लालाछेंसम्म बाटोमा ढुंगा छपाइ र मर्मत कार्य | ६ | १,०७०,१५०।२१ | | | | | | |
| ७ | जगाती चोकदेखि गय:भिंचो पुलसम्म पीच तथा पेटी मर्मत कार्य | ७ | १,०९५,९७८।३० | | | | | | |
| ८ | मेतंदेखि समाज सुधारसम्म बाटो मर्मत कार्य | ८ | १,०८५,३६१।३७ | | | | | | |
| ९ | गर्छेदेखि साकुलानसम्मको बाटो मर्मत कार्य | ९ | १,०५५,५४६।३३ | | | | | | |
| १० | क्वाठण्डौंदेखि नवदुर्गा द्यो:छेँसम्मको बाटो मर्मत कार्य | १० | १,०९९,३६२।६८ | | | | | | |
| | म्याद थप सम्बन्ध | | | | | | | | |
| १ | गोल्मढीस्थित खानेपानी ट्याङ्की निर्माण कार्य | | २०७७ असार मसान्तसम्म म्याद थप गरेको | | | | | | |
| | **अन्य** | | | | | | | | |
| १ | नक्सावाला सुमित्रा त्यातले साविक<br>भ.न.पा. वडा नं. १७ बाट हाल कायम भ.न.पा. वडा नं १ स्थित कित्ता नं. ७३५ क्षेत्रफल ०–५–१–० भएको जग्गामा भ.न.पा.बाट मिति २०७३/११/२५ गते चार तला र आधा तला निर्माणका लागि नक्सा पास गरी हाल फिल्डमा वेसमेन्टसहित पाँच तला र आधा निर्माण गरी संशोधन नक्साको लागि नक्सा पेश भएको सम्बन्धमा सुरू नक्सा पास भएको structural design अनुसारको हालको पाँच र आधा तला संरचनालाई थेग्नसक्छ भनी पुन: structural design पेश भएको हुँदा पेश संशोधन नक्सा पास प्रक्रिया अगाडि बढाउन मिल्ने सिफारिस साथ आवश्यक निर्णयार्थ भ.न.पा. बोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो । | | | | | | | | |
| २ | नक्सावाला रत्न थकुलवतले साविक भ.न.पा. वडा नं. ५ बाट हाल कायम भ.न.पा. वडा नं. ६ स्थित कित्ता न. २०० क्षेत्रफल ०–१–१–१ भएको जग्गामा उत्तर बाटोतर्फ सो कित्ताको पश्चिम घरसँग घरलाईन हुनेगरी नक्सा पासको लागि पेश भएको सम्बन्धमा फिल्डमा गई निरीक्षण गर्दा उत्तर बाटोतर्फ साविक घरसँग घरलाईन हुनेगरी पास प्रक्रिया अगाडि बढाउन मिल्ने निर्णय गरियो । | | | | | | | | |
| ३ | आ.व. २०७६/७७ को लागि भ.न.पा. क्षेत्रभित्र गरिने पीच कार्यको लागि निम्निअनुसार नर्म्स व्यवस्था गर्ने निर्णय गरियो– | | | | | | | | |

| S.No | Particulars | Unit | Quantity | Rate/Unit | Remarks |
|---|---|---|---|---|---|
| 1 | Excavation in all types of soil as per drawing and technical specification, including removal of stumps and other deleterious matter, with all lifts and lead as per Drawing and instruction of the Engineer. | $m^3$ | 1.00 | 721.00 | |
| 2 | Providing and laying , spreading, watering, levelling and compaction of granular sub-base, mixing at OMC, and compacting to achieve the desired density, complete as per Technical Specifications [1201] | $m^3$ | 1.00 | 3287.93 | |
| 3 | Providing and laying Crusher Run Base Course spreading and mixing , watering and compacting to form a layer of sub-base/Base course as per Drawing and Technical Specifications [1202] | $m^3$ | 1.00 | 4547.20 | |
| 4 | Providing and applying tack coat with hot Bitumen at the specified rate on the prepared surfaces including cleaning as per Technical Speciation . (1301, 1302) | ltr | 1.00 | 150.02 | |
| 5 | Providing and applying prime coat with hot bitumen MC 30/70 on prepared surface of granular base including cleaning of road surface and spraying as per Technical specification. (1301, 1302) | ltr | 1.00 | 201.72 | |
| 6 | Providing and laying Asphalt concrete using crushed aggregates of specified grading, premixed with bituminous binder and filler as per Drawing and Technical Specifications [1307,1308, 1309] | $m^3$ | 1.00 | 21000.00 | |
| 7 | Providimg and laying sand seal | $m^2$ | 1.00 | 125.90 | |
| 8 | Transportation of Excavated mixed subgrade soil earth | $m^3$ | 1.00 | 357.76 | |

## भक्तपुर नपाका केही गतिविधि तस्विरमा




भक्तपुर नपाबाट नेपाली सैनिक मुख्यालयलाई प्रसिद्ध मयूरको झ्याल उपहार प्रदान गरिँदै ।

# भक्तपुर नपाका केही गतिविधि तस्बिरमा

## भक्तपुर नपाद्वारा पाक्षिक सफाइ कार्यक्रम





मंसिर १ गते कमलविनायक क्षेत्रमा





मंसिर १५ गते माहेश्वरी पीठ परिसरमा

## भक्तपुर नपाका केही गतिविधि तस्विरमा



भक्तपुर नपाका प्रमुख, उपप्रमुखलगायत प्रजग कोरियाको प्योङयाङ सहरका प्रतिनिधिमण्डलसँग भक्तपुरमा (कार्तिक २३ गते)



देको मिवा इतापाके जग्गा एकीकरण आयोजनामा जग्गा योगदानसम्बन्धी भेलामा उपस्थिति र ई. ओमहरी प्रस्तुति गर्नुहुँदै (इन्सेट) (कार्तिक २८, २९ र मंसिर १ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायतसँग डर्बेन्ट सहर र रसियन कल्चर सेन्टरका प्रतिनिधिमण्डल (मंसिर २ गते)



भक्तपुर नपा र महानगरीय प्रहरी परिसर भक्तपुरको संयुक्त आयोजनामा लैङ्गिक हिंसाविरुद्धको अन्तर्राष्ट्रिय कार्यक्रममा भनपाका उपप्रमुख रजनी जोशीलगायत (मंसिर ९ गते)

## भक्तपुर नपाका केही गतिविधि तस्बिरमा



भक्तपुर नपा प्रमुख सुनिल प्रजापति कक्षा ८ को परीक्षा समितिका पदाधिकारीहरूलाई शपथ गराउनुहुँदै (मंसिर ६ गते)



भक्तपुर नपा प्रमुख सुनिल प्रजापति पसल व्यवसायीहरूको भेलालाई सम्बोधन गर्नुहुँदै (मंसिर ३ गते)



भक्तपुर नपा प्रमुख सुनिल प्रजापति जनस्वास्थ्य सेवा केन्द्रमा सामान्य शल्यक्रिया सेवाको उद्घाटन गर्नुहुँदै (मंसिर ६ गते)




भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले 'भक्तपुर सांस्कृतिक पर्यटन तथा व्यापारिक मेला २०७६' को उद्घाटन गर्नुहुँदै । (मंसिर १३ गते)

### विविधि

विविधि विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क.** भनपाद्वारा सञ्चालित गाडी नं २२६४ मर्मत गर्दाको रु. ४२९९६।५०, गाडी नं २२६७ को मर्मत गर्दाको रु. ३०२१०।५५ र गाडी नं २२६५ को मर्मत गर्दाको रु. ४७७८२।०५ गरी रु १२०९८९।१ सिद्धि गणेश मोटर पार्टस्‌लाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ख.** भनपाद्वारा सञ्चालित गाडी नं. २२६२ को पानी ट्याङ्की गाडीमा सेल्फ डाइनामा बिग्री सामानहरू फेरी मर्मत गर्दाको रु.१०,७७५।-, गाडी नं. २२६७ को मर्मत गर्दाको रु.१९,५४५।- गरी रु.३०,३२०।- एस. जी. वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ग.** भनपाद्वारा सञ्चालित मो.सा. ७९५९ मर्मत गर्दाको रु.६६५०।-, ब्याट्री वाला ट्राइसाईकल नं. १६८७ मर्मत गर्दाको रु.४,०००।-, गाडी नं. १६७४ मर्मत गर्दाको रु.४,०००।-, गाडी नं. १६७७ मर्मत गर्दाको रु.५,५००।-, गाडी नं. १६७८ मर्मत गर्दाको रु.४,७००।-, गाडी नं. १६७१ ब्याट्री फेर्दाको रु.४,०००।-, गाडी नं. १६७२ मा ब्याट्री फेर्दाको रु.४,०००।-, गाडी नं. १६७९ मर्मत गर्दाको ४,१००।-, फोहोरमैला संकलन गर्ने गाडी नं. १६७८ ब्याट्री फेर्दाको रु.६,५५०।- गरी कुल रु.४३,५००।- लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**घ.** नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापतको रु.३८,२५०।- दिव्य स्वीट्सलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ङ.** विजया दशमी २०७६ को उपलक्ष्यमा आयोजित कार्यक्रममा खाजा उपलब्ध गराए वापतको रु.४१,२९०।२० सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**च.** यस नपाद्वारा सञ्चालित विभिन्न खेल प्रशिक्षणका प्रशिक्षकहरूलाई **दशैं सुविधा** दिने निर्णय गरियो ।

**छ.** वडा नं. १ का वडाअध्यक्ष श्री श्याकृष्ण खत्रीले वृद्ध भत्ताको पहिलो किस्ता वितरण गर्न रु.४७,७२,८००।- लिई रु.४५,३२,८००।- वितरण गरी बाँकी रु.२,४०,०००।- बैंक दाखिला गरेको बैंठकमा **जानकारी** गराइयो ।

**ज.** वडा नं. ५ का वडाअध्यक्ष श्री प्रेमगोपाल कर्माचार्यले वृद्ध भत्ताको पहिलो किस्ता वितरण गर्न रु.७६,३१,२००।- लिई रु.६९,४४,६००।- वितरण गरी बाँकी रु.६,८६,६००।- बैंक दाखिला गरेको बैंठकमा **जानकारी** गराइयो ।

**झ.** वडा नं ६ का वडाअध्यक्ष श्री हरिराम सुवालले वृद्ध भत्ताको पहिलो किस्ता वितरण गर्न रु.६६,२२,४००।- लिई रु.६३,८४,०००।- वितरण गरी बाँकी रु.२,३८,४००।- बैंक दाखिला गरेको बैंठकमा **जानकारी** गराइयो ।

**ञ.** वडा नं. ९ का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वले वृद्ध भत्ताको पहिलो किस्ता वितरण गर्न रु. ८५,४८,०००।- लिई रु.७३,५६,०००।- वितरण गरी बाँकी रु.११,९२,०००।- बैंक दाखिला गरेको बैंठकमा **जानकारी** गराइयो ।

**ट.** यस नगरपालिका वडा नं. ४ का नगरसभा सदस्य पशुपति प्रजापतिका पूजनीय आमा महेश्वरी प्रजापति मिति २०७६ कार्तिक २ गते असामयिक निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनमा **हार्दिक समवेदना** प्रकट गर्ने निर्णय गरियो ।

**ठ.** भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ कार्तिक १७-२३ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न समितिका संयोजक श्री श्यामकृष्ण खत्रीलाई रु.१०,००,०००।- (अक्षेरुपी रु. दश लाख) **पेश्की लिन लगाउने** निर्णय गरियो ।

## मिति २०७६ कार्तिक २१ गते विहीबार

## निर्णयहरू

### लागत इस्टिमेट पेश गर्ने

प्रदेश सरकार, प्रदेश नं. ३ आर्थिक मामिला तथा योजना मन्त्रालयबाट चालू आ.व. २०७६/७७ का लागि विशेष अनुदान र समपूरक अनुदानका लागि योजना छनौट गरी मन्त्रालयमा पठाउन परिपत्र भएअनुसार देहाय बमोजिमका योजनाहरू विशेष अनुदान अन्तर्गत र समपूरक अनुदान अन्तर्गत लागत इस्टिमेटसहित मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।

**विषेश अनुदान अन्तर्गत**

| क्र.सं. | योजनाको नाम | ठेगाना/वडा नं. | अनुमानित लागत रु. |
|---|---|---|---|
| १ | तरकारी बजार टहरा निर्माण कार्य | भगवती स्थान, ५ | ५५,५७,९७९।०५ |
| २ | लिबाली खानेपानी वितरण प्रणाली निर्माण कार्य | लिबाली, ८ | २,२६,१८,७२०।१९ |
| ३ | धालाखुसी डिप बोरिङ्ग, सल्लाघारी | सल्लाघारी, १ | ४४,००,७४६।५० |
| | जम्मा | | ३,२५,७७,४४५।७४ |

**समपूरक अनुदान अन्तर्गत**

| क्र.सं. | योजनाको नाम | ठेगाना/वडा नं. | अनुमानित लागत रु. |
|---|---|---|---|
| १ | गय:भिन्चो पुल परिसर बाटोमा ढलान तथा रिटेनिङ्ग वाल निर्माण कार्य | भेलुखेल, ७ | १,९९,९८,४६५।४३ |
| २ | बाराही पुल निर्माण कार्य | बाराहीस्थिन, ३ | १,९८,८०,३०२।०३ |
| ३ | भार्वाचो बहुउद्देश्यीय भवन निर्माण कार्य | भार्वाचो, १ | १,९९,५४,०३१।२३ |
| | जम्मा | | ५,९८,३२,७९८।६९ |

## समिति निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो-

**कृषि समिति**

**मिति २०७६।६।२८ गते**

धान काट्ने मेशिन र मिनी टेलर खरिद प्रक्रिया अगाडि बढाउन बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

**अस्थायी समन्वय समिति**

मिति २०७६।७।१९ गते बसेको अपांगता भएका व्यक्तिहरूको परिचय पत्र वितरणसम्बन्धी अस्थायी समन्वय समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

अन्तर्राष्ट्रिय अपांगता दिवसको अवसरमा मिति २०७६ मंसिर ७ गते सञ्चालन हुने भ.न.पा. क्षेत्रभित्रका अपांगता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण (नाक, कान, घाँटी, आँखा र हाडजोर्नी) गर्न स्वास्थ्य शिविर सञ्चालन तथा विविध खेलकुदहरू सञ्चालन गर्न कार्यपालिका सदस्य श्री रोशनमैया सुवाललाई रु.३,००,००१।- (अक्षेरूपी रु.तीन लाख) पेश्की लिन लगाउने निर्णय गरियो।

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

**मिति २०७६।७।२० गते**

भ.न.पा. बाट दिइने विद्युतीय तालिम र प्लम्बिङ्ग तालिमका लागि रु.५,००,०००।- (अक्षेरूपी रु. पाँच लाख) पेश्की समितिका संयोजक श्री रोशनमैया सुवाललाई लिन लगाउने निर्णय गरियो।

**युवा तथा खेलकुद समिति**

**मिति २०७६।७।६ गते**

भक्तपुर नगरपालिकाको आयोजनामा २०७६ कार्तिक १७-२३ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलकुद प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न समितिका संयोजक श्री श्यामकृष्ण खत्रीलाई रु.१०,००,०००।- (अक्षेरूपी रु. दश लाख) पेश्की लिन लगाउने निर्णय गरियो।

**आर्थिक समिति**

**मिति २०७६।५।२० गते**

**१.** समदर्शी बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको परिच्छेद १ विनियम १ मा संशोधन, विनियम ४८ (ङ), विनियम ५६(६) मा संशोधन, विनियम ५४ ख र ग मा संशोधन विनियम ५७ मा संशोधन विनियम ५८, ६७(च) संशोधन, विनियम ६८ पछि ६८ (१) र ६८।(२) थप, विनियम ७० क, ख संशोधन, ऋण स्वीकृति कार्य विधि र लाग्ने अवधि संशोधन, पास नामसारी रोक्का लेखापढी दस्तुर संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो।

**२.** लक्ष्य बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरको कार्यक्षेत्र जिल्लाभरि विस्तार गर्न सिफारिस माग भएकोमा हाललाई कार्य क्षेत्र यथावत कायम गर्ने निर्णय गरियो

**बोलपत्र मूल्याङ्कन समिति**

**मिति २०७६।६।२९ गते**

१. भक्तपुर नगरपालिका कार्यालयमा रहेको बा १ क ४५५४ नं. को जेट मेशिन गाडी मर्मत गर्न मिति २०७६।५।२५ र २६ तथा मिति २०७६।६।१५ गते 'मजदुर' दैनिकमा सिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र पर्न आएका ३ (तीन) थान सिलबन्दी दरभाउपत्रहरूमध्ये सबभन्दा न्यूनत्तम अंक कबोल गर्ने दरभाउ पत्रदाता श्री पी.एस.एम.ट्रेड लिंक काठमाण्डौको तपसिलका दररेट अनुसार जम्मा रकम रु.७,५७,०७४।- (अक्षेरूपी सात लाख सन्ताउन्न हजार चौहत्तर रूपैया भ्याट बाहेक) भएको हुँदा सारभूत रूपमा प्रभावकारी दरभाउ पत्रदाता श्री पी.एस.एम.ट्रेड लिंकको दरभाउ स्वीकृत गर्न सिफारिस गर्ने निर्णय गरियो।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ।

**भक्तपुर नगरलाई स्वच्छ र सफा राखौं**

भक्तपुर नगरपालिकाले
हरेक महिनाको १ गते र १५ गते
नगरका विभिन्न स्थानमा सफाइ कार्यक्रम
गरिरहेको छ।
यस पुनित कार्यमा सहयोग गरिदिनु हुन
सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध
गर्दछ।

मिति : २०७६/०७/१४ गते

| क्र. सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल. ई. सम्बन्धमा** | | | | | | | | | | |
| १ | महेन्द्र इलेमेन्ट्री स्कूल | ८ | ६१३,२११।८४ | | | | | | शिशु स्याहार | |
| २ | यालाछेंदेखि बालाखु गणेशसम्म ढुङ्गा छाप्ने कार्य | २ | ५,९४३,७४८।८९ | | | | | | नपा | |
| ३ | नरसिंह मन्दिर पुन:निर्माण कार्य | ३ | ३७,१२७,५१५।३८ | | | | | | | |
| ४ | इखालाछी मठ पुन:निर्माण कार्य | ४ | १९,०५४,३००।७६ | | | | | | नपा | |
| ५ | शहीद स्मृति भवन निर्माण कार्य (पहिलो चरण) | २ | ९,९९५,२५९।६१ | | | | | | नपा | |
| **पेश्की सम्बन्धमा** | | | | | | | | | | |
| १ | पानी ट्याङ्की निर्माण कार्य | ७ | ४,६००,१९२।९६ | ५,४६४,२९१।३७ | २,२५६,४९८।९९ | १,७६२,७३९।५४ | १,५००,०००।०० | २,६२,७३९।५४ | | थप पेश्की माग रू. १५,००,०००।०० |
| **उपभोक्ता समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| १ | महेश्वरी छिपां ताँ पुल निर्माण कार्य | ७ | उ.स.अ.रामेश्वर प्रजापति | | अ.स.स. कृष्णगोविन्द लाखा | | | | | |
| **विविध** | | | | | | | | | | |
| १ | समपुरक र विशेष अनुदान संघ र प्रदेश सरकारको विनियोजित बजेट प्राप्त नभएसम्म नगरपालिकाको विनियोजित बजेटबाट पूर्ति गर्न बोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो । | | | | | | | | | |

मिति : २०७६/०७/२० गतेको निर्माण समिति बैठक

| क्र.सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई. रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल. ई. सम्बन्धमा** | | | | | | | | | | |
| १ | ङातापोल (पाँच तले) मन्दिर संरक्षण कार्य | ५ | ५,७४४,२४२।८० | ६,५१३,३५८।२७ | | | | | | |
| २ | तरकारी बजार टहरा निर्माण कार्य | ५ | ५,५५७,९७९।०५ | | | | | | विशेष अनुदान | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | लिबाली खानेपानी वितरण प्रणाली निर्माण कार्य | ८ | २२,६१८,७२०।१९ | | | | | | विशेष अनुदान | |
| ४ | धालाखुसी डिप बोरिङ्ग, सल्लाघारी | | ४,४००,७४६।५० | | | | | | विशेष अनुदान | |
| ५ | गय:भिंद्यो पुल परिसर बाटोमा ढलान तथा रिटेनिङ्ग वाल निर्माण कार्य | १ | १९,९९८,४६५।४३ | | | | | | समपूरक अनुदान | |
| ६ | बाराही पुल | ३ | १९,८८०,३०२।०३ | | | | | | समपूरक अनुदान | |
| ७ | भार्वाचो बहुउद्देश्यीय भवन | १ | १९,९५४,०३१।२३ | | | | | | समपूरक अनुदान | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | |
| १ | ८ नं. वडा कार्यालय भवन मर्मत कार्य | २ | २०७७ चैत मसान्तसम्म म्याद थप | | | | | | | |
| **उपभोक्ता समिति स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| १ | वाकुपति नारायण परिसर दक्षिणभिमुख पाटी पुन:निर्माण कार्य | ९ | २,७२९,१०६।८० | | उ.स.अ. श्री कृष्णगोपाल प्रजापति | | उ.अ.स. श्री इन्द्रबहादुर प्याथ | | | |
| २ | ङातापोल (पाँच तले) मन्दिर संरक्षण कार्य | ५ | ५,७४४,२४२।८० | ६,५१३,३५८।२७ | उ.स.अ. श्री केशव तमखु | | उ.अ.स. श्री बलराम न्हिसुतु | | | |
| ३ | बेताल भजन घर पुन:निर्माण कार्य | ५ | ९,९८०,४७४५६ | | उ.स.अ. श्री रामेश्वर मचामसी | | उ.अ.स. श्री राजाराम चवाल | | | |
| ४ | वासिकचा चोकदेखि हनुमानघाट पुलसम्म बाटो पीच कार्य | ७ | | | उ.स.अ. श्री भूवन गोसाई | | उ.अ.स. श्री हेरा ख्याजू | | | |
| | अन्य | | | | | | | | | |
| १ | निवेदक लक्ष्मी लवजूले भनपा ८ साविक भनपा वडा नं. २ (ङ) ३ स्थित कि. नं. २८०, क्षेत्रफल ०–०–२–२ भएको जग्गामा घर बनाउन पेश नक्सामा दक्षिणतर्फको ६'-0" चौडा बाटोतर्फ सेटव्याक छोड्न नपर्ने गरी पश्चिम संधियारले पास गरेको घरसँग घरलाईन मिल्ने गरी नक्सा पास गरी पाऊँ भनी पश्चिम संधियार हरिभक्त लवजूसमेतको नक्सा प्रति पेश गरी घरलाईन र नियमानुसार छोड्नुपर्ने न्यूनतम कभरेज ३०% समेत छोड्न नपर्ने गरी नक्सा पास गरी पाऊँ भनी माग निवेदन पेश भएको सम्बन्धमा प्रस्तावित कित्तामा लिबाली प्लानिंग आयोजना सुरू हुन अगावै साविक घर कायम भएको र बाटोतर्फ नियमानुसार मापदण्ड छोड्दा र कभरेज छोड्दा घर नै बन्ने अवस्था नदेखिने भएको हुँदा माग निवेदनअनुसार पास नक्साको घर लाईन हुने गरी नक्सा पास प्रक्रिया अगाडि बढाउने गरी सिफारिसका साथ आवश्यक निर्णयार्थ कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो | | | | | | | | | |
| २ | मदन साखकर्मीले भ.न.पा. वडा नं. ६ साविक भ.न.पा. वडा नं. ५ स्थित कि.न. १०५०, क्षेत्रफल ०–२–१–२.५ जग्गामा दक्षिण साझा चोकतर्फ पश्चिम संधियारको हाल कायम भएको घरसँग घरलाईन हुने गरी नक्सा पासको लागि माग भएको सम्बन्धमा फिल्डमा गएर निरीक्षण गर्दा माग निवेदनअनुसार घरलाईन दिन उपयुक्त हुने सिफारिस साथ आवश्यक निर्णयार्थ कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो । | | | | | | | | | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

**क.** मित्रराष्ट्र बंगलादेशका महामहिम राष्ट्रपति श्री मोहम्मद अब्दुल हमिदलाई कार्तिक २६ गते भक्तपुर नगरपालिका दरबार क्षेत्रमा सांस्कृतिक प्रस्तुतिसहित भव्य **स्वागत गर्ने** निर्णय गरियो ।

**ख.** प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियाका प्रतिनिधि मण्डललाई कार्तिक २३ गते भक्तपुर नगरपालिका दरबार क्षेत्रमा **स्वागत गर्ने** निर्णय गरियो ।

**ग.** नेपाल सरकार समाजिक विकास मन्त्रालय, प्रदेश नं. ३ को प.सं. ०७६/७७, च.नं. ३० को २०७६।४।५ गतेको पत्रानुसार मिति २०७६।४।१ देखि २०७७ असार मसान्तसम्मका लागि 'एक विद्यालय एक नर्स' कार्यक्रम अन्तर्गत प्रदेश नं. ३, सामाजिक विकास मन्त्रालयबाट प्राप्त हुने अनुदानबाट पारिश्रमिक उपलब्ध गराउने गरी यस नगरपालिकाभित्र पर्ने वागिश्वरी मा.वि. मा कार्यरत नर्स सिर्जना पन्थ (विद्यालय नर्स) को करार सम्झौता एक वर्षको लागि अवधि थप गरी नियुक्ति पाऊँ भनी परेका निवेदनमा निज नर्स सिर्जना पन्थलाई करार सम्झौताको मिति २०७६।४।१ देखि २०७७ असार मसान्तसम्मका लागि **अवधि थप** गर्ने निर्णय गरियो ।

**घ.** भनपाद्वारा सञ्चालित टि्पर गाडी नं ३५५९ मर्मत गर्दाको रु.१९,७१५।- र बा १ क ९०२५ को गाडी मर्मत गर्दाको रु १९,०००।- गरी कुल रु. ३८,७१५।- तुल्सी अटो वर्कशपलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ङ.** भनपाद्वारा संचालित गाडी नं ४५५४ को मर्मत गर्दाको रु २९१५४।- र गाडी नं २२६७ मर्मत गर्दाको रु. १३,०५१।५० गरी कुल रु. ४२२०५।५ सिद्धि गणेश मोटर पार्टस्लाई **भुक्तानी दिने** निर्णय गरियो ।

**च.** भक्तपुर नगरपालिकाको आयोजनामा १ नं वडा कार्यालयमा मिति २०७६/०६/२९ देखि २०७६/०७/०२ सम्म आयोजित विपद व्यवस्थापन तालिमको खर्च रु. ५१,९१६।- र मिति २०७६/०७/०३ देखि २०७६/०७/०५ सम्म आयोजित कृषि तालिमको खर्च रु. ६९,७६६-। गरी कुल रु.१,२१,६८२।- वडा सदस्य सूर्यप्रसाद श्रेष्ठलाई **भुक्तानी गर्ने** निर्णय गरियो ।

**छ.** भनपाद्वारा आयोजित हरियाली प्रवर्द्धन कार्यक्रम अन्तरगत दत्तात्रय मन्दिर परिसरमा गमला राख्ने कार्यक्रमको लागि आवश्यक मेच उपलब्ध गराए वापतको रु.२,१००।- र नपाद्वारा नेपाल सम्बत ११४० को अवसरमा सांस्कृतिक गुरुहरूलाई सम्मान तथा शुभकामना आदानप्रदान कार्यक्रमकोलागि आवश्यक मेच, टेवल र स्टेचवापतको रु.२३७८६।५० गरी कुल रु. २५८८६।५० तलेजू बैंक्वेटलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ज.** २०७६।०७।०६ गते नपाको बोर्ड बैठकमा खाजा वापत रु. ६६५५।७० र २०७६।०७।११ गते सांस्कृतिक गुरुहरूलाई सम्मान तथा शुभकामना आदानप्रदान कार्यक्रममा खाजावापत रु.२४४०८।- गरी कुल रकम रु. ३१०६३।७० सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**झ.** भक्तपुर नपा भ्रमणमा पाल्नुभएका युनेस्कोका प्रतिनिधिहरूको लागी खाजावापत रु.३८७८१।- होटल हेरिटेजलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ञ.** नपाबाट सञ्चालित गाडी नं १६७१ मर्मत गर्दाको रु.२६५०।- जेमिन कोजूलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ट.** सांस्कृतिक गुरुहरूलाई सम्मान प्रमाणपत्रको लागि रु.१०७५०।- ब्रम्हायणी ग्लास सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ठ.** सांस्कृतिक गुरु सम्मान जलपान रु. २२०००।- न्यू वत्सला गार्डेन रेष्टुरेन्टलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ड.** नपामा विभिन्न समयमा फलफुल र जुस वापत रु.१२२२०।- एच.एच.जुस सेन्टरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ढ.** प्रेसमा काम गरेका कर्मचारी खाजा खर्च रु.२४००।( सुवर्ण भोजनालयलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ण.** २०७६ को लक्ष्मी पूजाको लागि आवश्यक पूजा सामान तथा फलफुल खरिदवापत रु.३६१०।- गणेशलाल जरालीलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**त.** यस नगरपालिकाको स्वामित्वमा रहेका पसल तथा शौचालय बहालमा दिने सम्बन्धी मिति २०७६।०६।१० र २०७६।०६।२९ गते प्रकाशित सूचनाअनुसार पर्न आएका सिलबन्दी बोलपत्रहरू मध्ये तपसिलका बोलपत्रदाताको कबोल अङ्क अधिकत्तम हुन आएकोले निजहरूसँग उल्लेखित पसल र शौचालय कवलहरू ५ वर्षका लागि **बहालमा दिने** सम्झौता गर्ने र टेण्डर नपरेकाको हकमा धरौटी फिर्ता गर्ने निर्णय गरियो । साथै भगवती स्थान शौचालय भवनको हकमा अर्को बैठकबाट निर्णय लिने ।

## तपसिल

| क्र.सं. | पसलको विवरण | टेण्डरदाताको नाम | ठेगाना | कबोल अङ्क (वार्षिक बहाल) रु. |
|---|---|---|---|---|
| १. | ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन पसल नं १ | रिना कुमारी ठाकुर | रौतहट,इनरवारी-२ | १,५६,०००।- |
| २. | ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन पसल नं ३ | चन्द्र बहादुर त्वायना | भ.न.पा. ३ | १,५१,२६०।- |
| ३. | ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन पसल नं ४ | कृष्ण दुवाल | भ.न.पा. २ | १,४४,०१०।- |
| ४. | ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन पसल नं ५ | रोहित मानन्धर | भ.न.पा. १० | १,४४,६००।- |
| ५. | सिद्वपोखरीस्थित सार्वजनिक शौचालय | सरोज ह्योला | भ.न.पा. ५ | २,५०,०००।- |
| ६. | शहीद स्मृति खेल मैदान सार्वजनिक शौचालय | सुनिना ह्योला | भ.न.पा. ५ | ४०,०००।- |
| ७. | भार्वाचोस्थित सार्वजनिक शौचालय | शान्ति पोडे | भ.न.पा. ५ | ४५,१०१।- |

## मिति २०७६ मंसिर ५ गते विहीबार

### निर्णयहरू

**जग्गा लिजमा लिने**

साविक कटुन्जे ९(ख) हाल भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित नेपाल ट्रष्टको नाममा रहेको कि.नं. ५४० क्षे.फ १०८–२–१–० रोपनी जग्गा संरक्षणको अभावमा अतिक्रमणका कारण हाल नापजाँच गर्दा जम्मा १०६–४–३–२.१८ रोपनी मात्रै बाँकी रहेको र यसलाई समयमा संरक्षण गर्न नसकेमा अझ निरन्तर अतिक्रमण भइरहने देखिएकोले र उक्त ठाउँमा जथाभावी पार्किङ्ग गर्ने र सामानहरू तथा फोहर फाल्ने समेत गरेको कारण वातावरण समेत प्रदूषित भएकोले उपर्युक्त विषयहरूलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले च.नं. १४४९ मिति २०७५।९।१० को पत्रमार्फत नेपाल ट्रष्टलाई जानकारी दिई उक्त जग्गाको संरक्षणका लागि जग्गाको चारैतर्फ पर्खाल बनाउने कार्यको थालनी गरी कार्य सम्पन्न गरी राज्यको सम्पत्तिको रूपमा रहेको उक्त जग्गालाई पर्खाल लगाई आवश्यकताअनुसार गेटहरू राखी संरक्षण गरिएको, उक्त जग्गाको पश्चिम र उत्तरतर्फको सडक मापदण्ड र नेपाल ट्रष्टको नाममा रहेको जग्गासमेत अतिक्रमण हुने गरी विभिन्न व्यक्तिहरूले टहरालगायतका संरचना बनाएकोलाई हटाउन यस नगरपालिकाले सूचना दिई हाल सो क्षेत्रमा अतिक्रमित संरचना सम्बन्धित व्यक्ति र अटेर गर्नेको हकमा नगरपालिकाको तर्फबाट हटाउने कार्यसमेत गरिसकेको, मिति २०७५।१२।१ गते भक्तपुर नगरपालिकामा नेपाल ट्रस्टका सचिव गजेन्द्रकुमार ठाकुरको समेत उपस्थितिमा संयुक्त बैठक बसी उक्त जग्गा भक्तपुरवासी जनताको हितमा अधिकतम सदुपयोग गर्ने र नगरपालिकाको उक्त जग्गा संरक्षणको लागि गरेको पर्खाल निर्माण कार्य सकारात्मक रहेको विषयमा समेत सहमति भएकोबारे यस भक्तपुर नगरपालिकाको च.नं. ६०१ मिति २०७६।६।१३ को पत्र मार्फत नेपाल ट्रष्टको कार्यालयलाई जानकारी गराइएको र सर्वसाधारण जनताका छोराछोरीहरूलाई सुलभ शुल्कमा मेडिकल शिक्षा दिने उद्देश्यकासाथ मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय भक्तपुर नगरपालिकाको तर्फबाट उक्त जग्गामा स्थापना गर्नका लागि मिति २०६४।२।१० गते र २०६८।९।२५ मा गृह मन्त्रालयमा निवेदन गरेकोमा उक्त जग्गा नेपाल ट्रष्ट ऐन २०६४ को दफा ५(२) (क), (ख), ३, ३(क) र ३(क) १ एवं सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउनेसम्बन्धी कार्य नीति २०७१ को दफा ५(ग) बमोजिम दीर्घकालीन ३० वर्षसम्मका लागि ऐ कार्यनीतिको दफा १३ बमोजिम भक्तपुर नगरपालिकाले लिजमा लिने र सोको लागि नेपाल ट्रष्टको कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**समितिको निर्णय अनुमोदन**

विभिन्न समितिको निम्न निर्णयहरू अनुमोदन गरियो –

**आर्थिक समिति**

**मिति २०७६।८।१ गते**

सम्पत्ति कर मूल्यांकन अन्तर्गत घर जग्गा करको बक्यौतामा लाग्ने जरिवाना (हर्जाना) मा ५० प्रतिशत छुट २०७६ कार्तिक मसान्तसम्म दिइएकोमा नगरवासीहरूको माग र अनुरोधलाई मनन गरी उक्त छुटको म्याद २०७७ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

**क.** आ.व. २०७६/७७ को लागि यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने जेहेनदार तथा विपन्न विद्यार्थीहरूलाई **शैक्षिक ऋण** दिन दिएको सार्वजनिक सूचनाअनुसार प्राप्त निवेदनहरूलाई सबै वडाको लागि एकीकृत वस्तुनिष्ठ सूचकांक निर्धारण गरी अध्ययन गर्न ५ दिनको म्याद राखी पुनः सम्बन्धित वडाहरूमा पठाउने निर्णय गरियो ।

**ख.** मिति २०७६ कार्तिक २८ गते प्राप्त सिन्धु नेवाः खल चौताराको पत्र सम्बन्धी छलफल हुँदा तहाँ मिति २०७६ मंसिर ७ गते हुने सांस्कृतिक दीक्षान्त समारोह २०७६ मा प्रदर्शन गर्नको लागि **गलसी पुखु माक प्याखं** पठाउने निर्णय गरियो ।

**ग.** भक्तपुर नगरपालिकाको आयोजना र एपेक्स पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा.लि.को प्राविधिक सहयोगमा **हेपाटाइटिस बी रोग परीक्षण** सम्बन्धी स्वास्थ्य शिविर संचालन गर्ने निर्णय गरियो ।

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं ।**

# नेवार समाजको एक मौलिक संस्कार इहि



ओम धौभडेल

**शाब्दिक अर्थ**

नेवार समाजका मौलिक संस्कारहरूमा इहि एक महत्त्वपूर्ण संस्कार हो । इहिलाई बेल विवाह तथा सुर्वण कुमार विवाह पनि भन्ने चलन छ । इहिको खास अर्थ केलाउने बेला जुन नेपाल भाषाको इहिपा शब्दबाट आएको हो । इहिपाको अर्थ विवाह हो । यस अर्थमा इहिको खास अर्थ पनि विवाह कर्म नै हो भन्ने स्पष्ट हुन्छ ।

**शीर्षकको परिचय**

नेवारलाई सहजै चिनाउने तिनका संस्कार तथा रितिरिवाजमा इहि एउटा प्रमुख संस्कार हो । जुन संस्कारमा नेवारबाहेक अरु कसैकोमा पाईंदैन । नेवार समाजमा कन्याको रजस्वला हुनु अगाडि इहि गर्ने चलन छ । यो कर्म प्राय:जसो कन्या ५, ७, ९ वर्षकी हुँदा गर्ने चलन छ । इहि गर्नु अगाडिसम्म छोरी कुमारी देवीको रूपमा पुजिन्छ । र इहि गरिसकेपछि सामाजिक प्रतिष्ठा प्राप्त गर्ने हुँदा इहिलाई नेवार समाजभित्र एउटा महत्त्वपूर्ण संस्कार हो भन्ने बुझिन्छ । अझ नेवार समाजमा एउटी कुटीको तीनचोटि विवाह हुन्छ भन्ने मान्यता छ यसै अनुरूप कन्याको जीवनको पहिलोपल्ट हुने विवाह इहि भएकोले यसको महत्त्व अझ बढी छ । कहिल्यै नसुक्ने श्रीफलको रूपमा चिनिने बेलसित विवाह गरेपछि नेवार कन्या जीवनमा कहिल्यै विधवा हुनु पर्दैन भन्ने मान्यताका साथ अगाँल्दै आएको इहि वास्तवमा एकजना अभिभावकको आफ्नो सन्तानप्रतिको माया ममता अनि जीवनपर्यन्त सुखी र खुशी राख्ने चाहना हो भन्ने बुझ्न सकिन्छ ।

**इहि गर्ने तरिका तथा तिथिमिति**

नेवार समाजमा इहि गर्ने मुख्य समय भनेको कन्या रजस्वला हुनु अगाडि नै हो । यसमा पनि कन्याको उमेर ५,७,९ वर्ष उत्तम मानिन्छ । इहि गर्ने मुख्य समय धर्मशास्त्रले १२ वर्ष अगाडि गरिसक्नुपर्ने लेखेको छ ।

इहि मुख्य समय वा साइत चन्द्रमाको तिथिअनुसार पात्रोमा पहिले नै तोकिएको हुन्छ । यसमा अक्षय तृतिया, त: दिन, श्री पन्चमी जस्ता दिनहरूको लागि दिन देखाउनु पर्दैन । जो कोही कन्याको इहि गर्न सकिन्छ । त्यसबाहेक अन्य बेलामा इहि गर्न सर्वप्रथम कन्याको चिना ज्योतिषलाई देखाउनु पर्छ । ज्योतिषीले दिएको शुभलग्नमा इहि गरिन्छ ।

इहि एक्लै वा सामूहिक दुवै रूपमा गर्न सकिन्छ । शुरु शुरुमा इहि प्रत्येक कन्याको लागि छुट्टाछुट्टै हुन्थ्यो । तर यो विवाह जस्तै सबै विधि पुऱ्याएर गर्नुपर्ने हुँदा खर्चिलो भएकोले पछि सामूहिक वा अन्य कुनै शुभकार्य गर्दा जोडेर इहि गर्ने चलन बन्यो ।

इहि विशेषगरी दुई दिन हुन्छ । तर यसको तयारी केही समय अगाडिदेखि नै गर्नुपर्छ । कन्याको उमेरलाई मध्ये नजर राखी इहि गर्न उपयुक्त भएपछि ज्योतिषीले दिएको शुभलग्नमा इहि गर्नु चार दिन अगाडि कन्यालाई चिपं थिकेगु भनी आफन्तकोमा सगुन दिने तथा खाना ख्वाउन लैजाने गर्छ । यो कार्य दुई दिनभित्र सम्पन्न गर्नुपर्छ ।

इहिको पहिलो दिनलाई दुसो भनिन्छ । त्यसदिन कन्यालाई जीवनमा पहिलो पटक श्रृङ्गार गरी पूजास्थलमा उपस्थित गराउँछ । त्यहाँ कन्याको लशकुश विधिबाट स्वागत हुन्छ । तब बलि पूजासहित गणेशको पूजा हुन्छ । कन्याको विवाह कर्मशास्त्र बमोजिम नै होस् भन्ने हेतुले इहि विधिको प्रमुख देवता अलिद्य: (त्रयम्वकेश्वर महादेव) लाई कुम्हालेबाट प्राण प्रतिष्ठा गरी विवाह मण्डपमा ल्याउने काम हुन्छ । जसलाई सबै कन्याहरूले पूजा गर्छन् । यो शुभ कार्यमा कुनै सुतक परे कार्य अनिष्ट वा अशुद्ध हुने भएकोले मण्डप वरपर नै बेलचा श्राद्ध हुन्छ । जसलाई नानिमुख श्राद्ध पनि भनिन्छ, पश्चात मानिस जन्मेदेखि नमरुन्जेलसम्म गर्नुपर्ने सबै विधिविधान जस्तै धान कुट्ने, चामल निखन्ने, भात पकाउने जस्ता विधिहरू हुन्छ । यसपछि कन्याहरूलाई कुम्हका भन्ने धागो निगालोले



७,९,१२ गरी १०८ पटकसम्म नापेर शीरदेखि पाईतलासम्म छुवाउनु पर्छ । यसलाई 'का वायके' भनिन्छ । यसको अर्थ कन्याको दीर्घायुको कामना हो । यसपछि सबै कन्याहरूलाई भोजन गराईन्छ । यसलाई दुसो जा नकेगु भनिन्छ । यसको सर्वप्रथम कन्याहरूको कुल देवता, इष्टदेवता, तलेजु भवानीको पूजा हुन्छ । त्यसपछि त्वः गणेश, अष्टमातृकालगायतको पूजा हुन्छ । यसपछि नकींले पाथीभित्र लावा, फूल, अबिर, फलफूलका टुक्रा राखी तीनपटक सिफँ लुकेगु गर्छ । यो एक किसीमको अभिषेक हो । राजोपाध्याय गुरुले प्रसाद वितरण गरेपछि कर्माचार्यले पनि प्रसाद दिन्छ । त्यसपछि थायभूमा राखी स्युकाय भ्वय ख्वाउँछ । कलाः वाय विधिबाट मातङ्गी देवीकहाँ जुठो सबै विर्सजन गरेपछि पहिलो दिनको कार्य सम्पन्न हुन्छ ।

दोश्रो दिन कन्यादानको दिन हो । यस दिन कन्यालाई जीवनमा पहिलो पटक इहि पटासी (फरिया) लगाई श्रृङ्गारपटारका साथ मण्डपमा प्रवेश गराइँछ । पहिलो दिनमा जस्तै बेलचाबाट श्राद्धपछि पितृभोजनको क्रममा बज्यै नकींले कन्यालाई सिँउदोमा फुस्रो सिन्दुर हालिदिन्छ । यसपछि कन्या अब सिन्दुरवती भएको मानिन्छ । यसपछि कन्याले नकीं बज्यैसित आशीर्वाद थापी भेटी स्वरूप दक्षिणा चढाउँछ । सिन्दुर लगाइसकेपछि कन्याहरूलाई भोजन गराइँछ । यसपछि यज्ञ कार्य हुन्छ । यज्ञमा बेलको दश कर्मबाट संस्कार हुन्छ । यसरी संस्कारित बेल कन्यालाई एक एक वटा छान्न लगाइन्छ । बाबुले पश्चिम तर्फ फर्केर छोरीलाई काखमा राखी कन्याको दायाँ बुढी औंला समाई तिल कुश लिई कन्यादानको संकल्प गरी सुनसहित बेलमा कन्यालाई सर्मपण गर्छ । यतिखेर कन्याको आमाले दूधको धारा बगाएको सम्झना गर्न लगाउँछ । कन्यादान पछि बारां छुकेगु कार्य हुन्छ । सक्नेले कन्यालाई नयाँ लुगाफाटो, फलफूल दिन्छ । नभए ३/३ कचौरा/सलिका दरले धान, चामल, कनिका बाँड्ने नै बारां छुकेगु हो ।

यसरी इहि गरेको कन्या घर पुगेपछि परिवार आफन्त नातागोताबाट फेरि नयाँ लुगा, फलफूल, चामल, दुध आदि राखी बारां छुकेगु कार्य हुन्छ । यो कार्य त्यसदिनदेखि देवाली अगाडिसम्म गर्न सकिन्छ ।



## इहिको लागि आवश्यक सामग्रीहरू

**पहिलो दिन दुसोको लागि चाहिने सामानहरू**

१) निगालो २ वटा  २) सलापा १ वटा
३) पूजाज्वलं १  ४) सुकुन्दा १
५) फलफूल १ भाग  ६) बेल ब्या गो १
७) धौपतु २  ८) यज्ञोपवित जजंका
९) किसली १  १०) बत्ती, धुप
११) रोटी भाग १  १२) चिउरा निसला १
१३) चामल सिरा १  १४) कुम्हका तीन डोरो भएको १ डल्लो

**इहिको दोस्रो दिन अर्थात कन्यादानको लागि आवश्यक सामानहरू**

१) मिमिचा १  २) चिउरा निसला भाग १
३) फलफूल भाग २  ४) किसली २  ५) दूबो
६) गोबर  ७) मासु  ८) माछा
९) चाकु  १०) स्वाँवा  ११) सुपारी
१२) लावा  १३) आखेँ  १४) नून
१५) सुजफो  १६) मलफो  १७) अदुवा
१८) फुस्रोसिन्दुर  १९) चाँदीको टीका  २०) सुनकोटिका
२१) क्वँचिकं बुकुवा  २२) इहि पटासी १  २३) सापाखो १
२४) रातोकपडा १  २५) ज्यनालप्ते  २६) यज्ञोपवित जजंका
२७) बत्तीधुप  २८) चामल बारांछुकेता
२९) फुपुकोलागि लुगा  ३०) मिकुसी
३१) नङ काटेको राख्ने थाल १

## ऐतिहासिकता

नेवार समाजमा रहेको जन्मनु अगाडिदेखि मृत्यु र मृत्युपछिका कयौं संस्कारहरू उनीहरूको मौलिक प्रचलनहरू हुन् । जसले नेवार संस्कृति अनि संस्कारलाई उच्चस्तरको बनाउन मद्दत गरेकोछ । यस्ता कयौं सस्कारमा इहि एक हो । यस्ता संस्कारहरू कुनै राजा महाराजा शासकहरू र विद्वान वर्गहरूले हाम्रो धर्म शास्त्र, पुराण आदिलाई आधार बनाएर इहि जस्तो मौलिक संस्कारको विकास गरेको छ । जुन अत्यन्त महत्त्वपूर्ण विषय हो । नेपालको इतिहासमा राजा महाराजा शासकहरूले इहिलाई महत्त्व दिई त्यसबारे उल्लेख गरेको पाइन्छ । किरातीहरूलाई पराजित गरी लिच्छविहरू सत्तामा आए पछि नेवारहरूको मौलिक संस्कार अझ फस्टाउने मौका पायो । लिच्छवि कालपछि जब मल्ल वंशको शुरुआत भयो, इहि जस्तो मौलिक संस्कारलाई लिपिवद्ध गर्ने काम भयो । अहिलेसम्म भेटिएको प्रमाणको आधारमा इहि विधिबारे लेखेको ग्रन्थ अरि मल्लको समयको देखिन्छ । त्यहि भएर इहि विधि सम्पन्न गर्दा अरि मल्लको नाम लिने चलन छ । दूर्भाग्यवश अरि मल्लको समयमा लेखेको इहि सम्बन्धि ग्रन्थ फेला पर्न सकेको छैन । इहि सम्बन्धी लेखेको ने.सं.७३२ श्रावण कृष्ण सप्तमिको पुस्तकको यहाँ उल्लेख गर्नु राम्रो हुन्छ । यसमा इहिका सबै विधिहरू भन्दा बेग्लै एउटा विधिबारे उल्लेख छ । इन्द्रकलश स्वाने

विधि भनी इहि गर्दा विभिन्न थरिका कलशहरू राख्ने विशेष गरी अष्टकलश राख्ने चलनबारे चलिआएको मान्यताभन्दा अलग्ग उक्त पुस्तकमा उल्लेख छ । अष्टकलशहरू इहि सम्पादन गर्ने पुरोहितदेखि नापितसम्मलाई दिने चलन छ । तर यो इन्द्रकलश भने राजालाई नै दिनुपर्ने उल्लेख छ । तसर्थ पहिला पहिला इहि गर्दा राजा पनि उपस्थित हुनुपर्ने देखियो । समय बित्दै गएपछि इहिका विधिविधानहरू पनि क्रमशः परिवर्तन हुँदै गयो । ने.सं.८१६ पौष शुक्ल पूर्णिमाको दिन लक्ष्मीनन्दन भन्ने ब्यक्तिले लेखेको इहि सम्बन्धी पुस्तकमा इहिका विभिन्न विधिमा इन्द्रकलशबारे उल्लेख छैन । अष्टकलशमा श्रीवत्स पुरोहितलाई, पुण्डरीक जोशीलाई, माछा कर्माचार्यलाई, ध्वजा नायोलाई, कलश नकींलाई, चमर नोकोंलाई, छत्र चित्रकारलाई र शंख नापितलाई दिने उल्लेख छ । यसबाहेक राष्ट्रिय अभिलेखालय, आशा सफूकुथीलगायत ब्यक्ति ब्यक्तिसित संग्रह भएका दुसल कर्म विधि, कन्यादान विधि, यवोदक विधि, कलश बिये विधि जस्ता कयौं विधिहरू इहि अर्न्तगत पर्न आउँछ । यसैको आधारमा आजसम्म पनि इहि विधि चल्दै आएको छ ।

## इहिका सकारात्मक पक्षहरू

इहि नेवारहरूको मौलिक सस्कार भएकोले इहि गर्नेहरू नेवार हुन् भन्ने पहिचान हुन्छ । इहि धार्मिक सांस्कृतिक संस्कार भएकोले नेवार कन्या कहिल्यै विधवा बन्नुपर्दैन भन्ने अति दूरगामी दुरदर्शी सोचको विकास गर्न सफल भएको छ । यसबाट नेवार अभिभावकहरू आफ्नो सन्तानको लागि इहि जस्तो संस्कार गर्न अनिवार्य ठान्दछन् । धार्मिक पाखण्डिपनको कारण रजस्वला पूर्व नै छोरीलाई विवाह गरी पठाउने गर्दा समाजमा बालविवाह हुने र यौवनाअवस्थामा नै लोग्ने मरी विधवा भई समाजमा गम्भीर असर पर्थ्यो । यस्तो कटु यर्थाथलाई बुझी कन्यालाई सानै उमेरमा इहि गरी विवाह गरिदिए सरह कर्म सम्पन्न गर्न नेवार समाजको परम्परा भएको छ ।

इहिबाट नेवार कन्याले सामाजिक प्रतिष्ठा प्राप्त गर्छ । यसबाट नेवार कन्याले सामाजिक हैसियत पाई समाजको एक जिम्मेवारी ग्रहण गर्ने अवसर पाउँछ ।  नेवार समाजमा केटाको ब्रतबन्ध गरे जस्तै केटीको इहि गरी समाजमा पुरुषको सरह समान हैसियत रहेको सन्देश दिएको छ । इहि गर्ने क्रममा एकजना महिलाले विवाह पछि जतिपनि जिम्मेवारी हुन्छ, त्यसको शिक्षा यस संस्कार मार्फत पाएको हुन्छ । तसर्थ इहि गरिसकेपछि कन्याहरूमा आफू अब ठूली भैसकेको मनोवैज्ञानिक प्रभाव पर्छ । उसले अब बच्चाको जस्तो ब्यवहारमा सुधार ल्याउँछ । यसर्थ इहि वैज्ञानिक पद्धति हो भन्न सकिन्छ ।

## सुधार्नु पर्ने पक्ष

इहि एक सामाजिक संस्कार भएकोले नेवारहरूको मौलिक संस्कार मात्र नभनी अन्य जाति वर्ग तथा समाजको लागि पनि उदाहरणीय बन्नु पर्नेमा आजको समयसम्म पनि नेवार जाति भित्र मात्र सीमित हुनु दुखद कुरा हो । इहिको नाममा अनावश्यक तडकभडकले इहि पछिल्लो समयमा खर्चिलो बन्दै गइरहेको छ । मितब्ययिता अपनाई इहि गर्ने परम्परा बसाल्नुपर्छ । जसरी विवाह एकैदिन सम्पन्न हुन्छ, इहि पनि एकैदिन सम्पन्न हुने किसिमले ब्यवस्था हुनुपर्छ । बिहान दुसो गरी दिँउसो कन्यादान गरी समयानुकुल परिवर्तन गर्नु समयको आवश्यकता हो । इहिलाई ब्यापक प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकहरूलाई जानकारी दिन सके हाम्रो मौलिक संस्कारको बारे जानकारी पाउँछन् । यसबाट इहि जस्तो मौलिक संस्कारको संरक्षण तथा सम्वर्द्धनमा ठूलो टेवा पुग्छ ।

इहिले नेवार समाजको मौलिक संस्कारका साथै ब्यावहारिक ज्ञान दिने एक माध्यम हो भन्ने सन्देश दिन्छ ।

## सर्न्दभ सामग्रीहरू

१. वैद्य, डा.जनकलाल, नेपालभाषामा लेखिएका हस्तलिखित अभिलेख ग्रन्थहरूको वर्णनात्मक सूचीपत्र, प्रकाशक श्री ५ को सरकार संस्कृति, पर्यटन, तथा नागरिक उड्डयन मन्त्रालय, राष्ट्रिय अभिलेखालय, वि.सं.२०५८

२. कायस्थ, छत्र बहादुर, इहिविधिया थ्यासफू : छगु अध्ययन , नेपाल संस्कृति, नेपाल भाषा, साहित्य, कला, संगीतया लयपौ, दँ १२ ल्याः ११ नेपाल सम्वत ११२२ बछला/वि.सं. २०५९ वैशाख थ्यंल्या १३५, पृष्ठ २७ –३६

३. ढुङ्गेल, डा.पेशल, नेपालको पुरानो इतिहास,

४. सुवेदी, मृगेन्द्रराज, तन्त्रमा नेवार

५. धौभडेल, ओम, जीवन्त संस्कृति इहि,वि.सं.२०६७ मंसिर

६. जोशी भित्तेपात्रो, २०७५

## बसिबियाँलोको उत्तर

| | | | | |
|---|---|---|---|---|
| A | B | C | D | E |
| F | G | H | I | J |
| K | L | M | N | O |
| P | Q | R | S | T |
| U | V | W | X | Y |

# विस्तारवादी भारतले हेक्का राखून्

सञ्जय दुवाल

नेपालको ७१ ठाउँका ६० हजार हेक्टरभन्दा बढी भूमि भारतले अतिक्रमण गरिराखेको छ। तर देशको सार्वभौमिक अखण्डता अतिक्रमणबाट मुक्त गर्न आजसम्मका सरकारहरू सक्षम देखिएका छैनन्। किन ? धेरैको मनमा स्वाभाविक रूपमा प्रश्न उठ्ने गरेको छ। यदि सत्तामा जाने र बस्नेहरूको निजी घर जग्गा तिन्का कुनै छिमेकीले त्यसरी नै मिच्ने र हड्पे के चुप लागेर बस्दा हुन् ? तर सत्तामा जानेहरूले प्रमाण नपाएर हो वा प्रमाण भएपनि आँट नभएर अतिक्रमित भूमिबाट अतिक्रमणकारीहरूलाई फर्काउन नसकेको हो ? अथवा सत्तामा जानेहरू नेपाली नभै विभिषणहरू भएर हो ?

नेपालको भूमि अतिक्रमण गर्ने क्रम सात सालको परिवर्तन लगत्तैदेखि शुरु भएको देखिन्छ। राणा शासन विरुद्धको संघर्षमा नेपाली नेताहरूलाई आश्रय दिएर, राजा त्रिभुवनलाई शरण दिएर, ज्ञानेन्द्रलाई राजाको मान्यता नदिएर भारतले सहयोग गरेको थियो। त्यसो त थुप्रै नेपालीहरूले पनि बेलायती उपनिवेशविरुद्धको स्वतन्त्रता आन्दोलनमा सहयोग गरेका थिए, कतिपय जेल गएका थिए, कतिपय भारतीय नेताहरूलाई नेपालमा शरण दिएर सहयोग गरेका थिए। भारतीय स्वतन्त्रता आन्दोलनमा हिजो नेपालीहरूले भारतीयहरूलाई सहयोग गरेकोले पछि नेपालको प्रजातन्त्र स्थापनाको आन्दोलनमा पनि भारतीयहरूले सहयोग गरेको हो– कतिपयलाई यस्तै लाग्छ र त्यो स्वाभाविक पनि देखिन्छ। तर भारतका शासक वर्गमा गुणको बदला गुणले तिर्ने मानवोचित चरित्रको अभाव छ, खडेरी छ। नेपालको प्रजातान्त्रिक आन्दोलनमा उसको सहयोग केवल आवरण रहेछ, भित्री मन त हलाहल विषले भरिएको तथ्य उसको व्यवहारले प्रमाणित गर्दै आएको छ। भारतले दिने त्यस्ता सहयोग, नेपालमा सरकार विरुद्ध हुने हरेक ठूला संघर्ष र आन्दोलनमा सतही रूपमा भारतको भूमिका सहयोगी देखिन्छ तर यथार्थमा उसले हरेक पटक 'धमिलो पानीमा माछा मार्ने' गरेको छ। त्यसैको परिणाम आज सबैजसो जलश्रोत यो र त्यो नाममा उसले आफ्नो मुठ्ठीमा पारेको छ, हरेक क्षेत्रमा हस्तक्षेप बढाएको छ, सत्तामा जाने र बस्नेहरूलाई आज्ञाकारी बनाएर नेपाल र नेपालीलाई मारेर आफ्नो तुम्बा भरेको छ।

नेपालमा २००७ सालमा राणा शासनको अन्त्य भयो। त्यसको लगत्तै २००९ सालमा भारतले नेपालको हिमाली क्षेत्रका विभिन्न १८ ठाउँमा सैनिक चेकपोस्ट राख्यो। स्वतन्त्र सार्वभौम मुलुकमा विदेशी सैनिक चेकपोष्ट राख्नु सामान्य कुरा होइन। नेपाल कहिल्यै कसैको उपनिवेश नभएको हुँदा 'सहमति' मा गरिएको अतिक्रमण हो। त्यसबेला राजा त्रिभुवन र प्रधानमन्त्री मातृकाप्रसाद कोइराला थिए। त्यो चेकपोस्टको उद्देश्य चीनको गतिविधि नियाल्नु थियो। यसरी त्यो बेलाको नेपाल सरकारले भारतलाई खुसी पार्ने र चीनलाई असन्तुष्ट पार्ने काम गरेको थियो। भारतले नेपालको प्रजातान्त्रिक आन्दोलनमा गरेको सहयोगको त्यो संभवत पहिलो भुक्तानी थियो। ती चेकपोस्ट मध्ये लिपुलेक–कालापानी क्षेत्रको बाहेक अन्यत्रका चौकीहरू वि.सं. २०२६ सालमा हटाइएको थियो। स्मरणीय छ स्वतन्त्र देशमा विदेशी सैनिक चेकपोस्ट रहेकै कारण नेपाल संयुक्त राष्ट्र संघमा सदस्य हुन अलमल भएको थियो।


विस्तारवादी भारतको दादागिरीबाट आक्रान्त रहेको तथ्यबाट सत्तामा जाने र बस्नेहरूमा चेत नखुल्नु आफैमा आश्चर्यको विषय हो। भारतसँगको नेपालको सम्बन्ध सुमधुर र मैत्री पूर्ण, रोटी–बेटीको सम्बन्ध, खुल्ला सीमा जस्ता कुराले जतिसुकै मुख मिठ्याए पनि यथार्थमा तनावपूर्ण छ। भारतको हेपाहा र बलमिचाइको चरित्र र व्यवहारले नेपाल र नेपाली आक्रोशित छन् तर सत्ताधारीहरूको इच्छाशक्ति नहुँदा पख्लास् भन्नुबाहेक अर्को विकल्प देखिएको छैन। अहिलेको दुई तिहाइ सरकारले देश र जनताको हितमा सार्वभौमिक अखण्डता कायम राख्न दृढइच्छा शक्ति प्रदर्शन गर्ने जनताले आशा गरेका छन्। तर...

दुई तिहाइको सरकार हुँदैमा इच्छा शक्ति दृढ हुन्छ भन्ने कुरा हुँदैन। विगतमा देशमा भएको पहिलो आमचुनावपछि नेकाको नेतृत्वमा दुई तिहाइ सरकार थियो। विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री थिए। तर भारतले नेपालमा राखेको चेकपोस्ट हटाउन सकेको थिएन। त्यस्तै २०४६ सालको जनआन्दोलनपछिको सरकारको नेतृत्व गर्ने नेकाका कृष्णप्रसाद भट्टराईले पनि असमान सन्धिको कुरा गर्न सकेका थिएनन्। उनी भारत भ्रमणमा जाँदा त्यहाँका प्रधानमन्त्रीले 'भारत नेपालमा गाभ्नेबाहेक सबै समस्या समाधान गर्ने' भनेको भनी प्रचार गरिएको थियो। तर भारतले महाकाली नदीको तल्लो भागमा शारदा बाँध बनाउन लिएको ४,०९३.८८ एकड नेपाली भूमि

सट्टा भर्ना देऊ भन्न सकेनन्, कोशी ब्यारेज बनाउन प्रयोग भएको नेपालीको हजारौं बिघा जमिनको मुआब्जा दिलाउन सकेनन्, तराईका कयौं नेपालीसँग लालपूर्जा छ तर जमिन भारतमा पारिएको बारे कारण सोध्न सकेनन् । यस्ता धेरै जटिल समस्यामा तत्कालीन प्रम भट्टराईको ध्यान र दृष्टि पुगेन । त्यसपछिका कतिपयले यतिपटक र उतिपटक प्रम भएकोमा गर्व गरे तर देशका जटिल समस्याहरू ज्यूका त्यूँ रहेको यथार्थ हाम्रो सामु छ । यसबाट हिजोदेखि आजसम्मका प्रधानमन्त्री र मन्त्री हुनेहरूको औचित्य र सार्थकता कहाँ देखियो ? राजश्वमा बोझभन्दा बढी के सावित भयो ?

अहिले पनि दुई तिहाइको सरकार छ । भारतले 'नेपालको कालापानी–लिम्पियाधुरा, लिपुलेकसमेत गाभेर एउटा नक्सा परिमार्जन' गरेपछि यो विषय फेरि राष्ट्रिय मुद्दा बनेको छ । शुरुमा सरकारले एउटा बेनामी विज्ञप्ति निकालेर झारा टार्न खोजेको थियो । तर जनआक्रोश बढेपछि बोल्यो–कालापानी हाम्रो हो । हिजो कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाले पनि बोलेका थिए –कालापानी हाम्रो हो । भारतका तत्कालीन प्रम इन्द्रकुमार गुजरालको नेपाल भ्रमण हुँदा कालापानी मुद्दा सुल्झाउने भनिएको थियो । अहिले प्रमुख प्रतिपक्ष दल नेकाका सभापति शेरबहादुर देउवाले पनि कालापानी नेपालको भन्न भ्याएका छन् । तर परिणामको हिसाबले भन्ने हो भने काम नगर्नेहरूका निम्ति बोल्नु पनि ठूलै बहादुरी हुँदो हो ! अन्यथा कालापानी क्षेत्र नेपालको भएको प्रमाणहरू हुँदाहुँदै दरो रूपमा प्रयास नहुनुको कारण के हो ?

अहिलेसम्म कालापानी–लिम्पियाधुरा–लिपुलेक क्षेत्र नेपालको हो भन्ने एकपछि अर्को अकाट्य प्रमाणहरू प्रकाशमा आएका छन् । सीमाविद् बुद्धिनारायण श्रेष्ठले विदेशबाट समेत पुराना नक्साहरू संकलन गरेका छन्, वरिष्ठ पत्रकार भैरव रिसाल २०१८ सालमा त्यस क्षेत्रमा जनगणना गराएको जीउँदो प्रमाण बनेका छन्, ऋषिराज लुम्साली, रतन भण्डारी आदिले पनि थुप्रै प्रमाणहरू जुटाएका छन् । त्यसबाहेक अन्य लेखक, अध्येताहरूले समेत प्रमाणहरू पुस्तक र प्रतिवेदन, लेख र ज्ञापनपत्रको रूपमा प्रकाशमा ल्याएका छन् र सरकारको जानकारीमा छ । २०५६ सालको 'कालापानी क्षेत्रमा सीमा अतिक्रमणबारे प्रतिवेदन' पनि छ । तर 'कालापानी नेपालको हो' भन्ने थेगो भट्याएरै सत्तामा जानेहरूले आफ्नो अक्षम, नालायकी, अकर्मण्यता र गैर जिम्मेवारी प्रदर्शन गर्दै आएका छन् । दशकौं पुरानो समस्यालाई अन्तर्राष्ट्रियकरण गर्न अन्कनाइ




ef/tn]u/ $f]gkfnsf]el' cltqmd0f

रहेका छन्, डराइ रहेका छन् ।

यहाँ संकलित कालापानी क्षेत्र नेपालको भएको केही प्रमाणहरू उल्लेख गर्नु सान्दर्भिक हुनेछ–

**केही प्रमाणहरू**

१. सन् १८१६ जनवरी २ को एउटा नक्सा छ जुन सुगौली सन्धिभन्दा २ महिना अघि बेलायती राजाका हाईड्रोग्राफरले बनाएको हो । 'Improved Map of India, compiled from all the latest and authentie Matferials' नाम दिइएको यस नक्सामा नेपालको भूभाग टिस्टादेखि काँगडासम्म देखाइएको छ । त्यस्तै लिम्पियाधुराबाट बगेको नदीलाई कालीनदी लेखिएको छ ।

२. सुगौली सन्धिपछि सन् १८१७ फेब्रुवरी ४ मा इस्टइन्डिया कम्पनीका कार्यबाहक मुख्य सचिव जे.आदमले काठमाडौं स्थित आवासीय प्रतिनिधि एडवार्ड गार्डनरलाई पठाएको निर्देशनमा भनिएको छ– *'काली नदीको पूर्वमा पर्ने व्यास प्रगन्ना चौतरिया बम शाहको दाबीअनुसार नेपालको ठहरिन्छ । तसर्थ त्यो ठाउँ नेपाल सरकारको अधिकारीलाई बुझाउनू ।'* (अतिक्रमणको चपेटामा लिम्पियाधुरा–रतन भण्डारी) उक्त भूभाग फिर्ता गर्न जे.आदमले अर्को पत्र कुमाउँका कार्यवाहक कमिश्नर जी.डब्ल्यू ट्रेललाई पनि लेखेका थिए ।

TO,

The Honourable
Edward Gardner
Resident at
Catmandhoo

Sir,

I am directed to acknowledge the receipt of your dispatch of the 12th Ultimos, enclosing of your letter to the Resident at Lucknow, respecting a spot on the left bank of the Gogra which Chautrea Bum Sah is anxious, should be left within the Nepalese Frontier, and responding for the considerations and order of Government a claim prepared by the Chautrea to that portion of the Pergunnah of Beasse (Byas), which lies East of the Kali and which is at present in the occupation of the British Government, as an appendage of the province of Kumaoon.

2. The tenor of your letter to Resident of Lucknow is entirely approved.

3. With respect to the Bum Sah's claim to the track on the Eastren side of the Kali; the Governor General in council is of opinion, that acording to the Letter of the Treaty, the Government of Nipaul is entitled to the restoration of it, notwithstanding its hither to having been regarded as annexed to the British province of Kumaoon. I am accordingly directed to intimate to you that the acting Commissioner for Kumaoon will be instructed to surrender it to the officers of the Nipaulese Government.

His Lordship in Council approves at the same time of the caution observed by you in declining to take any steps at the instance of the Nipaulese Minister on this affair, until you had referred the question for the decision of your Government and should receive its order.

Fort Williams
4 th Feb. 1817

I have honor to be, Sir
Your most obedient
Humble Servant
J. Adam.
Act. Chief Secretary of Govt.

h]cfbdsf]r¶.'sfnfkfgL lf}qdf ;Ldf cltqd0faf/]k|ta]g @)%^ af6

यसबाट सुगौली सन्धिको प्रावधान विपरीत बेलायती–भारतले उक्त क्षेत्र हड्पेको र पछि फिर्ता दिएको थियो । (प्रगन्ना–जिल्ला अन्तरगत धेरै मौजामिलाइ बनेको भूभाग, धेरै गाउँ भएको)

३. सन् १८१९ अर्थात सुगौली सन्धिपछि इस्टइन्डिया कम्पनी सरकारको सर्भे अफ इन्डियाले अर्को नक्सा बनाएको थियो । त्यसमा पनि लिम्पियाधुराबाट बगेको नदीलाई काली नदी र त्यसको पूर्व नेपाल (Nipal) लेखिएको छ ।

४. सन् १८२७ फेब्रुवरी १ मा इस्ट इन्डिया कम्पनीले अर्को नक्सा प्रकाशित गर्‍यो । यो आधिकारिक नक्सामा पनि लिम्पियाधुराबाट बगेको नदीलाई काली नदी लेखिएको छ । यसमा काली नदी दक्षिणी भाग अर्थात भारतमा पुगेपछि सर्जु या घाग्रा लेखिएको छ । काली नदीको पूर्व अर्थात नेपालतर्फ Kalapanee Hot spring लेखिएको छ ।

५. सन् १८३० मा London, parbry Allen & co ले प्रकाशित गरेको नक्सामा पनि लिम्पियाधुराबाट बगेको नदीलाई काली नदी लेखिएको छ ।

६. सन् १८३५ को India XII Indexmap, London शीर्षकको नक्सामा पनि कालीनदीको उद्गमस्थल लिम्पियाधुरा अंकित छ ।

७. सन् १८३७ मा जे.बी. टास्सिनद्वारा प्रकाशित AngloAsian Map, सन् १८४१ मा John Murray Albermale Street द्वारा प्रकाशित 'Map of India' मा पनि लिम्पियाधुराबाट उद्गम भएको नदीलाई काली भनी स्पष्ट लेखिएको छ ।

८. सन् १८४६ अर्थात सुगौली सन्धिको ३० वर्षपछि बेलायतबाट प्रकाशित भएको The Atlas of India, Maps of the society for the Diffusion of Useful Knoledge, 1846 Plate X and XI नक्सामा पनि नेपालको उत्तर पश्चिमी सिमाना लिम्पियाधुरासम्म देखाइएको छ ।

९. सन् १८५६ मा बेलायती–भारतको Surveyor Generl's office बाट प्रकाशित अर्को आधिकारिक नक्सा हो । यो नक्सामा जंगबहादुर स्वयम्ले हेरेको –स्वीकारेको भनी टिपोट गरिएको छ । 'Nipal and the Countries Adjoining with south, west and east' नाम दिइएको यस नक्सा पनि लिम्पियाधुरा उद्गम भै बगेको नदीलाई

Kalee River लेखिएको छ ।

तर सन् १८५६ भन्दा पछि प्रकाशित नक्साहरू भने कुनै सुगौली सन्धिको अनुरूप र कुनै विपरीत नदीको नाम फेर्ने, सीमा नदी अर्कै देखाउन थालियो ।

यसैक्रममा विस्तारवादी भारतले गएको नोभेम्वर १ (कार्तिक १५ गते) मा नेपालसँगको अन्तर्राष्ट्रिय सीमा हेरफेर गरी एउटा 'आन्तरिक' नक्सा प्रकाशित गऱ्यो । त्यसमा सुगौली सन्धि पछि सन् १८१७ मा अर्थात २०२ वर्ष अघिदेखि कायम भएको सीमा हेरफेर गरेको छ । दुई शताब्दी अघि कायम



कार्तिक १५ गते जारी नक्सा



काली नाम झिकेर हालै जारी नक्सा

भएको सीमा हेरफेर गर्ने क्रममा एक अपराध ढाक्न अर्को अर्को अपराध गर्छ भने झैं भारतले अर्को बेइमानी पनि गरेको छ । नोभेम्वर १ को नक्सामा लेखिएको कालापानी हटाएर अर्को नक्सा प्रकाशित गरेको छ ।

नेपालको वर्तमान सीमा सन् १८१६ को सुगौली सन्धिबाट कायम भएको हो । सुगौली सन्धि बेलायती–भारत र नेपालबीच भएको हो । बेलायती–भारतले सुगौली सन्धि अघि र तत्काल पछि बनाएको नक्सा नै आधिकारिक हुन्छ । त्यसलाई भारतले मान्नैपर्छ । त्यो उसको राजनैतिक, नैतिक दायित्व हो र अन्तर्राष्ट्रिय कानुनअनुसार कर्तव्य पनि हो । सुगौली सन्धि पछि दुई देशबीच कालापानी क्षेत्र गुम्ने वा गाभ्ने गरी कुनै युद्ध वा सहमति भएको छैन । भारतले जबर्जस्ती कब्जा गरेको मात्र हो । त्यस्तै जे. आदमको पत्रले पनि नेपालको सिमाना कायम गर्ने आधिकारिकता दिन्छ र दुवै देशको निम्ति मान्य भएको थियो । तर बेलायती साम्राज्यवादको चरित्र बोकेर भारतले नेपालको ६० हजार हेक्टरभन्दा बढी भूमि अतिक्रमण, हड्पेर, आफूखुसी नक्सा बनाएर 'पानी किन धमिल्याइस्' भन्नु भारतको विस्तारवादी नीति र चरित्र नै हो । स्वतन्त्र र सार्वभौम नेपालका स्वाभिमानी जनता साम्राज्यवाद र विस्तारवादका विरोधी छन् । रगतले कोरिएको सीमा जोगाउन नेपाली जनता कुनै पनि मूल्य चुकाउन हच्किने छैनन्– विस्तारवादी भारतले हेक्का राखून् !


# भक्तपुर नगरपालिकाको

## रेडियो कार्यक्रम

**'ख्वप स:' अर्थात् 'भक्तपुर आवाज'**

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

**बुधबार** : बिहान ७:३० देखि ८:३०
**शुक्रबार** : साँझ ६:३० देखि ७:०० सम्म
**सोमबार** : बिहान ७:०० देखि ७:३० सम्म




**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।**


xflb{s ;dj]bgf



**स्व. शंखमाया दुवाल**

**जन्म : २००२ भाद्र १५ | निधन : २०७६ मंसिर ७**

यस नगरपालिकाका कर्मचारी लक्ष्मण दुवालका पुजनीय माता **शंखमाया दुवाल**को असामयिक निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवार जनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# महेन्द्र-सेना-गुगल

विकास श्रेष्ठ

कुनै पनि देशको अन्तर्राष्ट्रिय सीमालाई छिमेकी देशको स्वीकृति वा मञ्जुरीविना आफूखुसी हेरफेर गर्न पाउँदैन । यस मान्यतालाई सबै देशले पालना गर्नुपर्छ र गरिन्छ पनि । यदि कसैले यसको उल्लंघन गर्छ भने त्यहाँ सीमा विवाद हुन्छ, दुई छिमेकीबीच कटुता बढ्छ र युद्ध पनि निम्त्याउन सक्छ । यस स्थापित तथ्य र सत्यलाई विश्वको सबभन्दा ठूलो प्रजातान्त्रिक देश भनिएको भारतले स्पष्ट बुझेको छ । तर भारतको विस्तारवादी नीतिले यसलाई भुलेको छ र उल्लंघन गरेको छ । यसको ताजा प्रमाण गएको नोभेम्वर १ (कार्तिक १५ गते) जारी गरेको 'आन्तरिक नक्सा' हो । उसले 'आन्तरिक नक्सा' को नाम दिएर स्वतन्त्र र सार्वभौम देश नेपालसँगको अन्तर्राष्ट्रिय सीमालाई हेरफेर गरेको छ । २ सय ३ वर्ष पुरानो सीमा नक्सालाई आफूखुसी चलाएर नेपालको सार्वभौमिकता र अखण्डतालाई चुनौती दिएको छ । यो कुनैपनि नेपालीको लागि सह्य हुन सक्दैन त्यसैले देशैभर भारतीय विस्तारवादविरुद्ध जनआक्रोश बढेको छ । यो नेपालीको रहर होइन बेलायती साम्राज्यवादको विरासत बोकेको विस्तावादी भारतको नेपालको भूमि हड्प्ने नियोजित कर्तुतको परिणाम हो । यदि भारतले जारी गरेको नक्सा आन्तरिक हुँदो हो त नेपाली जनतालाई त्यति चासो पनि हुने थिएन । उसले मध्य र महाराष्ट्र अथवा आन्ध्र र कर्नाटक प्रदेशहरूको सीमा हेरफेर गरेको भए त्यो नितान्त आन्तरिक हुने थियो । नेपालमा संघीय गणतान्त्रिक संविधान लागू भएपछि नेपालका थुप्रै जिल्ला, नगर र गाउँका सीमा हेरफेर गरिएका छन् । सात प्रदेशको सीमाङ्कन गरिएको छ । यसमा छिमेकी मित्रराष्ट्र चीनको तर्फबाट कुनै चासो व्यक्त भएन किनभने त्यो कार्य पूर्णतः सार्वभौम नेपालको आन्तरिक मामिला थियो । त्यही व्यवहार भारतको पनि हुनुपर्थ्यो । तर विस्तारवादी भारतले मधेशवादी दलहरूलाई धाप दिएर प्रदेशको सीमाङ्कनमा ठाडै हस्तक्षेप गरेको थियो, नाकाबन्दी लगाएको थियो र उक्साएर उपद्रव मच्चाउन लगाएको थियो । यसरी नेपालको आन्तरिक मामिलामा प्रत्यक्ष–परोक्ष हस्तक्षेप गर्ने बानी परिसकेको विस्तारवादी भारतले यस पटक त नेपालको अन्तर्राष्ट्रिय सीमा नै आफूखुसी हेरफेर गरेर अतिसार गरेको छ ।

भारतले नेपाललाई यतिविघ्न हेप्नुको कारण के होला ? नेपाल पनि संयुक्त राष्ट्रसंघको सदस्य हो, असंलग्न सम्मेलनको संस्थापक सदस्य हो, घाम नडुब्ने बेलायती साम्राज्यवादले उपनिवेश नबनाएको चन्द्र–सूर्यको झण्डा सदा फहरिएको स्वतन्त्र देश हो । तब के उसले नेपाली जनतालाई भेडा–बाखा वा कायर ठान्ने मूर्खता गरेकै हो ? यथार्थमा नेपाली न कायर छन् न त भेडाबाखा नै हुन् । देशको सार्वभौमिकता र अखण्डताको रक्षा गर्न नेपाली जनता सक्षम छन् । भलै त्यसको निम्ति जस्तोसुकै मूल्य चुकाउन परोस् ।

विस्तारवादी भारतले नेपाललाई हेप्नुको पछाडि नेपाली जनता होइन, बरु सत्तामा बस्नेहरूको अक्षम, नालायकी, कायरता, दलाल प्रवृत्ति, बलियाको अगाडि झुक्ने चरित्र हो । भारतको अहिले नेपालको भूमि हड्पेर आफ्नो सीमाभित्र पार्ने दुस्साहस त्यसैको परिणाम हो । सत्तामा जानेहरूमा नेपाल र नेपाली जनताको हितभन्दा सत्तालोलुपता असीमित छ । सत्तामा जान नेपाली जनताको भन्दा भारतीय विस्तारवाद र एकाधिकार पूँजीको आशीर्वाद थाप्नमा आफूलाई सक्षम र गौरव महसुस गर्छन् । यस्तो चरित्र पञ्चायतकालदेखि देखिएकोमा बहुदलीयकालमा निक्कै विकास भयो र गणतन्त्रसम्म निरन्तरता पाएको छ । देशको सार्वभौमिकता र अखण्डताको छ्यान नभएका, राजनीतिक सिद्धान्त र व्यवहारको आचरण नबुझेका अझ भन्ने हो भने सच्चा नागरिकको कर्तव्यबोधसम्म नभएका कथित नेताहरू सत्तामा पुगेकैले भारतले नेपाललाई हेपेको हो । अन्यथा नेपालको भूमि हड्प्ने, सीमा मिच्ने, आन्तरिक मामिलामा हस्तक्षेप गर्ने, सार्वभौमिकता र अखण्डताको अवमूल्यन गर्ने जस्ता शत्रुतापूर्ण व्यवहार विस्तारवादी भारतले यति विघ्न हाकाहाकी प्रदर्शन गर्न निश्चय पनि दुई पटक सोच्थ्यो ।

## महेन्द्र

स्वतन्त्र र सार्वभौम नेपाल विरुद्धको यस्तो दुस्साहस भारतले धेरै पहिलेदेखि गरेको तथ्य अहिले पत्रपत्रिकामा प्रशस्तै आएका छन् । ती कुरा पढ्दै जाँदा थुप्रै खट्किने कुराहरू छन् । त्यसमध्ये एउटा हो नेपालको कालापानीमा भारतले ५७ वर्ष अघिदेखि आफ्नो फौज राखेको । आजभन्दा ५७ वर्ष अघि भन्नाले सन् १९६२ अर्थात् वि.सं. २०१९ हो । त्यसबेला शासनमा राजा महेन्द्र थिए । उनलाई राष्ट्रवादी राजा भन्नेहरू धेरै थिए र अझै छन् । २०१९ सालमा तत्कालीन परराष्ट्रमन्त्री ऋषिकेश

शाहले कालापानीमा भारतीय प्रहरी रहेको कुरा राजा महेन्द्रलाई जानकारी पनि गराएका थिए। उनले २०१७ सालमा जननिर्वाचित सरकारलाई सेनाको बलमा अपदस्थ गरी २०१९ मा निर्दलीय पञ्चायती व्यवस्था लादेका थिए। आफूले लादेको व्यवस्था छिमेकी देशको पनि समर्थन भए दिगो हुने उनको स्वाभाविक इच्छा थियो। तर त्यसको निम्ति उनले राष्ट्रघात गरे, आजको समस्याको विजारोपन गरे।

सन् १९६२ मा भारतले चीनमाथि हमला गरेको थियो। तर चिनियाँ सेनाले प्रतिरोध गरेपछि आक्रमणकारी भारतीय फौज 'बहादुरीके साथ पिछे हटे'। त्यसमध्येको एक जत्था पछि हट्दै नेपालको कालापानी क्षेत्रमा आएर बसे। त्यसबेला पञ्चायती व्यवस्थाको स्वार्थमा राजा महेन्द्रले विदेशी फौजलाई नेपालको भूमिमा बस्न दिए – त्यो कुनै दृष्टिले पनि राष्ट्रवादी काम थिएन। सामरिक दृष्टिले महत्त्वपूर्ण क्षेत्रमा भारतीय फौज बस्दै आयो र आज त्यो क्षेत्रलगायत लिम्पियाधुरा, लिपुलेक समेत भारतले आफ्नो नक्साभित्र पाऱ्यो। अहिले त्यस क्षेत्रमा भारतीय फौजका आठ क्याम्प रहेको र नेपालको तर्फबाट सुरक्षा व्यवस्था शून्य रहेको बताइन्छ। सीमा सुरक्षाको लागि गठन भएका नेपाली सुरक्षा अङ्गहरू कहाँ तैनाथ छन् त ?

## सुरक्षा अङ्ग

नेपालमा जनपद प्रहरी, सशस्त्र प्रहरी, सेना, अनुसन्धान विभाग जस्ता सुरक्षा अङ्गहरू विद्यमान छन्। अन्य देशमा झैं हाम्रो देशमा पनि सुरक्षा अङ्गहरूको बन्दोबस्त छ र तिनीहरूको निश्चित काम कर्तव्य छन्। तर देशको सीमा किन असुरक्षित छ ? हाम्रो भूमि दशकौंदेखि किन मिचिन्छ, हड्पिन्छ, अतिक्रमित हुन्छ ?

आजभन्दा करिब आधा शताब्दी अघि विस्तारवादी भारतले सुस्ता क्षेत्रमा अतिक्रमण गरेको थियो। त्यसको विरोधमा नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले विरोध प्रदर्शन गरेका थिए। नेपालको सार्वभौमिकता र अखण्डताको पक्षमा पञ्चायती व्यवस्था लादिए पछिको त्यो पहिलो विरोध प्रदर्शन थियो। नेमकिपा स्थापना पछि सार्वभौमिकता र अखण्डताको पक्षमा र राष्ट्रघाती, देश एंवम् जनद्रोही नीति–नियमको विरोधमा यो पार्टी कहिल्यै पछि परेको छैन्। भारतले नेपालको भू–भाग गाभेर नयाँ नक्सा बनाएको विरोधमा नेपाल मजदुर किसान पार्टीले विज्ञप्ति जारी गऱ्यो, देशका विभिन्न भागमा पार्टी र भातृ संगठनहरू मार्फत विरोध जुलुस र सभा गऱ्यो। स–साना विद्यार्थीहरूसमेत भारतीय विस्तारवादी नीतिको विरोधमा नारा लगाउँदै सडकमा उत्रे।

सुस्ताको पक्षमा सुस्तावासीको हितमा विरोध प्रदर्शन गर्नेहरूमाथि त्यसबेला सुरक्षा कर्मीहरूबाट दमन पनि भएको थियो। सुरक्षाकर्मीहरूलाई त्यस्तो काममा मात्र परिचालन गर्ने कि सीमा रक्षाको जिम्मेवारी र कर्तव्य पनि पालन गराउने ? यो प्रश्न आज अझ मुखारित भएको छ।

विशेषगरी सेनाको काम गहन छ। सेनाको काम भनेकै सीमा रक्षा हो। तर फलानो ठाउँको बाटो, पुल र सुरुङ बनाउन सेनाले सफलता हासिल गरेकोले मात्र सेनाको जिम्मेवारी र कर्तव्य पालन हुँदैन। भारतसँग जोडिएका नेपालका सबैजसो जिल्लामा सीमा मिचिएको, सीमास्तम्भ रातारात सारिएको, भूमि हड्पेको, दशगजा अतिक्रमण भएको, भारतले सीमामा बाँध र तटबन्ध बनाएर नेपाली अन्न भण्डार डुबानमा पारेको .... जस्ता समाचार सुनेर सुरक्षा अङ्गहरू मस्त सुत्दा के देश र जनताको अपेक्षा पुरा हुन्छ ? सुरक्षा अङ्गहरूको काम कर्तव्यसँग मेलखान्छ ?

देशमा बहुदलीय प्रजातन्त्र पुनःस्थापनापछि सेना विघटनको कुरा तत्कालीन प्रम कृष्णप्रसाद भण्डारीले उठाएको थियो। नेकाले सेनालाई अनावश्यक ठानेको हो वा भारतलाई राहत दिन खोजेको हो ? नियत के थियो ? पछि ➲➲







;ldf :t/De st]ef/tlosf]clf/Fgdf 5 tst}v]tsf]alrdf

# सरकार बिउँझने कहिले हो ?

केदार केसी

नेपाल सानो थिएन तर सन् १८१६ को सुगौली सन्धिबाट नेपाल पूर्वमा मेची नदी र पश्चिममा महाकाली नदी सीमाभित्र खुम्चियो। सन्धिको कारण नेपालको ठूलो भूभाग भारतमा गाभियो। त्यसअघि पश्चिममा काँगडा र पूर्वमा टिस्टासम्म फैलिएको नेपालको क्षेत्रफल २ लाख ४ हजार ९१७ वर्ग किलोमिटर थियो। अहिले १ लाख ४७ हजार १८१ वर्ग किलोमिटर छ। त्यसलाई गणतान्त्रिक संविधानमा उल्लेख गराउन नेपाल मजदुर किसान पार्टीले निकै जोड गरेको थियो। किनभने छिमेकी भारतको नीति विस्तारवादी रहेको र नेपालको भूमि विभिन्न निहुँमा मिच्ने, हडप्ने र अतिक्रमण गरिरहेको तथ्यबाट नेमकिपा सचेत थियो र छ। तर भारत चिढिएला भनेर कथित ठूला दल मानेनन्।

भारतलाई उपनिवेश बनाएको बेलायतसँग भएको सुगौली सन्धिको बुँदा ५ मा लेखिएको छ – 'नेपालका श्री ५ महाराजाधिराज मौसुफ स्वयम्का लागि मौसुफका उत्तराधिकारी वा वारिसका लागि काली नदीको पश्चिममा पर्ने देशसित सम्बन्ध र सम्पूर्ण दाबी परित्याग गरिबक्सन्छ र ती देश वा तिनका बासिन्दासित कहिल्यै कुनै चासो मौसुफबाट राखिबक्सने छैन।' यसको अर्थ नेपालको सार्वभौमिकता र अखण्डता महाकाली नदीवारिमात्र कायम रहने भयो। यस सन्धिको प्रावधानलाई नेपालले पालना गर्दै आएको छ। तर छिमेकी भारतले त्यसको उल्लंघन गर्दै नेपालको भूमि अतिक्रमण र कब्जा गर्दै आएको छ।

महाकाली र मेची नदीमा पानी बग्छ तर त्यो सीमारेखा नेपाली जनताको रगतले कोरिएको छ। हाम्रो पुर्खाको रगतले कोरिएको सीमारेखाको रक्षा गर्नु पछिल्ला हरेक पुस्ताको कर्तव्य हो। यसमा सरकारको भूमिका र कर्तव्य सबभन्दा बढी हुन्छ। सीमाको रक्षा गर्न नसक्ने जुनसुकै नामको सरकार भएपनि त्यो कर्तव्यच्यूत ठहरिन्छ। भारतले नेपालको ठूलै भूभाग अतिक्रमण र कब्जा गरेर छिमेकी भएर पनि परचक्रीजस्तो, मित्र भएर पनि शत्रुको व्यवहार गरिरहेको छ। उसले बेलायती साम्राज्यवादको विरासतलाई निरन्तरता दिइरहेको छ। त्यसैको परिणाम विस्तारवादी भारतसँग सीमा जोडिएका सबै देश भारतको अतिक्रमण र सीमा विवादबाट अछुतो छैन। यसमा सबभन्दा बढी नेपाल आक्रान्त रहेको छ।

➲➲ माओवादीले पनि सेनाको विघटनको माग राखेको थियो तर व्यवहारमा के देखिएको थियो भने कथित जनयुद्धको बेला सेना परिचालन भए पछि प्रहरीको पनि मनोबल बढेको थियो। जनयुद्धको बेला सेनाबाट भएका केही अचाक्ली भने निश्चय पनि निन्दनीय थियो।

सेनाको विघटनका कुरा सत्ताधारीबाटै आए पछि सशस्त्र प्रहरी बलको गठन गरियो। तर त्यसका संस्थापक महानिरीक्षक कृष्णमोहन श्रेष्ठको माओवादीले हत्या गऱ्यो। आज सशस्त्र, जनपद, सेना र अनुसन्धान विभागको छवि भने अपवादलाई छाडेर सकारात्मक छैन। निर्धारित काम-कर्तव्यको पालनमा तिनीहरूको भूमिका दृष्टिगोचर हुने गरी परिचालन गर्नुपर्छ। अन्यथा देशको रक्षामा हामी चुक्दै जानेछौं।

## गुगल

विद्यार्थीदेखि विद्वान, अनुसन्धानकर्तालगायतका अध्येताहरू जे पनि गुगलमा खोज्छन्। तर गुगलमा पाइने सबै कुरा सत्य हुँदैनन्। यस्तो अनुभव गुगल प्रयोगकर्ताहरू सबैले अनुभव गरेका छन्। यद्यपि कतिपयले नेपालको नक्सा गुगलबाट लिएर प्रयोग गरिरहेको तर त्यो नक्सा आधिकारिक नभएको मात्र होइन भारतले बनाएको नक्सा भएको कुरा प्रकाशमा आएको छ। यसरी गलत नक्साबाट काम लिइरहेको तथ्यबाट नापी विभागलाई लाज लाग्नुपर्ने देखिन्छ। सुरक्षा अङ्गको जिम्मेवारी सीमा रक्षा हो भने नापी विभागको कर्तव्य सही नक्सा प्रयोगमा ल्याउनु हो। यदि नक्कली नोट प्रचलनमा आए पनि राष्ट्र बैंक चुप लाग्ने हो भने त्यसको औचित्य कसरी स्थापित हुन्छ ?

भारतले नेपालको भूमि हडप्न बनाएको कथित आन्तरिक नक्साको विरोध भए पछि कालापानी, लिम्पियाधुरा, लिपुलेकसहितको एउटा नक्सा प्रचारमा आएको छ। त्यो नक्सा नापी विभागले तीन वर्ष अघि तयार गरेको बताइएको छ। तर भर्खरै प्रकाशमा आएको छ। समाचारअनुसार सरकारले गोप्य राखेको थियो। अहिले कसरी सार्वजनिक भयो ? यदि तीनवर्ष अघि नै त्यो नक्सा सार्वजनिक गरेको भए भारतले 'आन्तरिक नक्सा' बनाउन हम्मे पर्थ्यो। मौकामा हीरा फोड्न नजाँदा हामी पछि पर्दै गएका छौं। यसतर्फ सबैको गम्भीर ध्यानाकर्षण हुनैपर्ने देखिन्छ।

नेपालको भूमि हडप्ने, अतिक्रमण र कब्जा गर्ने क्रम कहिलेदेखि शुरुभयो ? यसको निश्चित मिति प्रकाशमा आएको छैन, अन्त कहिले हुन्छ ? त्यो पनि अज्ञात छ । तर विभिन्न अनुसन्धानकर्ताहरूका पुस्तक, लेख र पत्रपत्रिकामा आएका केही रिपोर्टले अतिक्रमणबारे सरकार सुसूचित रहेको प्रमाणित गर्छ–

- नेपालमा चन्द्रशमशेर श्री ३ छँदा भारतले महाकाली नदीको तल्लो भाग शारदा नदीमा बाँध निर्माण गरेको थियो । त्यो बाँध बनाउन नेपालको ४०९३.८८ एकड (झन्डै ३३ हजार रोपनी) भूमि सट्टाभर्ना दिनेगरी उपयोग गरेको थियो । राणाशासनपछि नेपाली कांग्रेसको दुईतिहाइ सरकार बन्यो अहिले नेकपाको दुई तिहाइको सरकार छ । ३० वर्ष पञ्चहरूको एकमना सरकार चल्यो । तर भारतसँग त्यो जमिनको सट्टाभर्ना  लिनसकेको छैन भारतले दिएको छैन । राणा, कांग्रेस, पञ्च र बहुदल हुँदै देश गणतन्त्र भइसके पनि भारत नेपालको ऋणी छ ।
- छाँगरु निवासी नेपाली सेनाका पूर्वसहायक रथी गोपालसिंह बोहराले कालापानीमा सन् १९५९ देखि उत्तर प्रदेश आर्म्ड कन्स्टेबुलरीका जवान तैनाथ रहेको बताएका छन् ।
- नेपाल–चीन सीमाङ्कनका बेला नेपाल–चीन सीमा समितिका सदस्य दमनराज तुलाधरले कालापानीमा भारतीय सैन्य क्याम्प रहेको जानकारी परराष्ट्र मन्त्रालयलाई गराएका थिए ।
- नेपाली सेनाका पूर्वजनरल भरतकेशरी सिंहले नेपाल चीन सीमाङ्कनका बेला नारा इलाकामा कालापानी अतिक्रमणबारे सरकारलाई रिपोर्टिङ्ग गरेका थिए ।
- नेपाली सेनाका पूर्वमहासेनानी शम्भुशमशेर जबराले सीमा निरीक्षणको क्रममा कालापानीमा भारतीय प्रहरी देखेका थिए ।
- नेपालमा पहिलो जनगणना १९६८ सालमा भएको थियो । पाँचौ जनगणना २००९ सालमा पूर्वाञ्चल र २०११ सालमा पश्चिमाञ्चलमा गरिएको थियो । त्यतिबेला हालको दार्चुला जिल्ला बैतडी जिल्ला अन्तरगत पर्दथ्यो । २०११ को जनगणनाअनुसार व्यास गर्खा (दरा) मा छ गाउँ थिए । घरधुरी ४३४ र जनसङ्ख्या १,८१६ थियो । त्यस्तै २०१८ सालको जनगणना जोनल अफिसर भैरव रिसाल (वरिष्ठ पत्रकार) को नेतृत्वमा व्यास क्षेत्रका गुञ्जी, नाबी, कुटी, तिंकर र छाङरु गाउँको गणना गरिएको थियो । वरिष्ठ पत्रकार भैरव रिसालले त्यो क्षेत्र नेपालको हो र आफू जिउँदो प्रमाण भएको दाबी गर्दै आउनुभएको छ ।

  (गर्खा भनेको जिल्ला अन्तरगतका गाउँ वा मौजाहरूको समुदाय, गाउँहरूको समष्टिगत एकाइ हो ।)
- २०३० सालमा नरेन्द्रप्रसाद रिजाल नेतृत्वको सरकारले खटाएको टोलीले कालापानी अतिक्रमणबारेको स्थलगत भ्रमणपछि तयार गरेको प्रतिवेदन परराष्ट्र मन्त्रालयलाई बुझाएको थियो ।
- २०३७ सालमा भएको जनमतसङ्ग्रहमा दार्चुलाका २५ गाउँ





**Figure 2**

चित्र : इन्टरनेट

पञ्चायतका जनताले भाग लिएका थिए । त्यसको अभिलेख पनि राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको छ ।

- २०३८ सालमा दार्चुलाका प्रजिअ द्वारिकानाथ ढुंगेलले कालापानी क्षेत्रको स्थलगत भ्रमण गरी गृहमन्त्रालयलाई प्रतिवेदन बुझाएका थिए ।
- २०३८ साल (सन् १९८१) मा नेपाल–भारत संयुक्त सीमा कमिटी बनेको र देशभरकै सीमा व्यवस्थित गर्न थाल्यो । जब सुस्तामा पुग्यो तब विवाद भयो । नापी विभागका पूर्व महानिर्देशक पुण्यप्रसाद ओलीका अनुसार राजा वीरेन्द्रको निर्देशनमा सुस्ता र कालापानीको सीमांकन रोकियो । 'सुस्तामा हाम्रो र भारतीय पक्षको कचकच भयो' उनले भने 'अनि राजाले नै जहाँ पिलर छ, त्यहाँ मात्रै कन्सन्ट्रेसन हुनू भन्ने निर्देशन दिनुभयो । हामीले सुस्ता र कालापानीमा काम रोक्यौं ।'
- त्यस्तै अर्का प्रजिअ डिल्लीराज जोशीले २०४५ सालमा गृहमन्त्रालयमा पठाएको प्रतिवेदनमा कालापानीमा भारतीय अतिक्रमण सन् १९५२ (२००९ साल) देखि भएको देखिन्छ ।
- ४६ सालको जनआन्दोलन पछिका प्रम कृष्णप्रसाद भट्टराईले महाकाली साझा र पानी आधा–आधा भन्यो भने त्यसपछिका प्रम गिरिजाप्रसाद कोइरालाले टनकपुर 'समझदारी' गऱ्यो ।
- टनकपुर सन्धिको तत्कालीन माले विरोधी देखिएको थियो । २०४९ सालमा तत्कालीन महासचिव मदन भण्डारीलाई कालापानी अतिक्रमणबारे पार्टी नेताहरूले गरेको स्थलगत अध्ययन भ्रमणको प्रतिवेदन बुझाएको थियो ।
- २०५२ सालमा प्रम शेरबहादुर देउवाले टनकपुर सन्धिसमेत गाभेर महाकाली सन्धि गरे जसको समर्थन गर्दै माधव नेपाल र केपी ओलीले 'पश्चिमबाट सूर्य उदाउने'र 'वार्षिक १२० खर्ब आम्दानी हुने' बताएका थिए ।
- २०५३ सालमा तत्कालीन सभामुख रामचन्द्र पौडेलको संयोजकत्वमा गठित संसदीय अनुगमन समितिको टोलीले कालापानी क्षेत्रमा अतिक्रमण भएको प्रतिवेदन सरकारलाई बुझाएको थियो ।
- २०५४ मा दार्चुलाका तत्कालीन सांसद प्रेमसिंह धामीको 'काठमाडौंलाई कालापानी किन दुख्दैन ?' शीर्षकको लेख जनआस्थामा छापिएको थियो । त्यसको दुई दिनपछि एक मोटर दुर्घटनामा उनको मृत्युभयो ।
- वि.सं. २०६३ पुसमा बसेको मन्त्रिपरिषदको बैठकले लिपुलेकलगायत नेपालसँग भएका सबै छापिएका र हस्तलिखित नक्सा सुरक्षित राख्न राष्ट्रिय अभिलेखालयलाई निर्देशन दिएको थियो ।
- २०७२ मा जलस्रोत विज्ञ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख सूर्यनाथ उपाध्याय नेतृत्वको विज्ञटोलीले लिपुलेक तथा सुस्ता र कालापानीबारे प्रमाणसहितको प्रतिवेदन केपी ओली नेतृत्वको पहिलो सरकारका उपप्रधान एवं परराष्ट्रमन्त्री कमल थापालाई बुझाएको थियो ।
- विभिन्न समयमा नेपाली पत्रकार र लेखकहरूको कालापानी अतिक्रमणबारे थुप्रै समाचार, लेख–रचनाहरू पत्रपत्रिकामा आए । भारतका प्रमहरूसँगको भेटमा समस्या सामाधानबारे कुरा उठे, सल्टाउने सहमति पनि भए । भारतका प्रम नरेन्द्र मोदीको नेपाल भ्रमणको बेला कालापानीलगायतका सीमा विवाद समाधानका लागि सहमति पनि भएको थियो तर उनैको सरकारले गएको कार्तिक १५ गते (नोभेम्बर १) मा कालापानी, लिम्पियाधुरा, लिपुलेकसमेत हड्पेर नक्सा बनायो ।
- हालै उक्त क्षेत्रका जनताले ८१ वर्ष पहिले बसोबासको तिरो तिरेको प्रमाण भेटिएको छ । राष्ट्रिय अभिलेखालयमा वि.सं. १९९५ असार १९ मा कालापानी क्षेत्रमा रहेका बासिन्दाले नेपाल सरकारका नाममा तिरो तिरेको प्रमाण भेटिएको छ ।

उक्त तिरो प्रमाण सम्बन्धी कागजात नापी विभागमा पनि रहेको बताइएको छ ।

माथिको बुँदाहरूले पञ्चायती, बहुदलीय र गणतान्त्रिक सरकारहरू कालापानीलगायतका नेपाली भूभागमा भारतले अतिक्रमण गरेको तथ्यबाट अपरिचित छैनन् भन्ने तथ्य स्पष्ट हुन्छ । अझ व्यक्तिगत रूपमा भन्ने हो भने वाम आन्दोलनहरूमा रहेर संघर्ष र आन्दोलन गर्ने नेताहरू र सत्तामा बस्ने कांग्रेस र पञ्चहरू पनि उक्त समस्याबारे अवगतरहेकोमा कुनै विवाद छैन । तर सत्तामा जाने र बस्नेहरू समस्यालाई नदेखेझैँ, थाहानपाए झैँ गर्छन् । अझ राष्ट्रघात, देशद्रोह, सीमा अतिक्रमणको विरोध गर्ने बेलामा नेपाल मजदुर किसान पार्टी एक्लै सडकमा देखिने गर्छ, संसदमा 'एक्लो वृहस्पति' बन्न पुग्छ । भारतले सुस्तामा अतिक्रमण गरेको विरोधमा नेमकिपाका अग्रजहरूले पञ्चायती व्यवस्था लागू भएपछिको पहिलो विरोध जुलुस गरेर राजा र सरकारलाई झक्झक्याएको थियो ।

यसरी लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालको भएको र त्यहाँ भारतले अतिक्रमण गरेको प्रशस्त प्रमाणहरू छन् । तर सिंहदरबारमा ढलिमली गर्न जानेहरू निद्रामा बर्बराउन र अर्धनिद्रामा चिच्याउने बाहेक बिउँझिएको देखिएन, दायित्व र कर्तव्य बुझेको व्यवहारमा देखिएन । कुम्भकर्ण छ महिना सुत्थ्यो रे हाम्रा शासकहरू सयौं महिना सुतेको देखियो । बिउँझने कहिले हो ?

# भारतीय अतिक्रमणविरूद्धका केही अभिव्यक्ति

नेपाल मजदुर किसान पार्टी देशको एक प्रमुख देशभक्त पार्टी हो। भारतीय विस्तारवादले नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रको ३९५ वर्ग किमि भूमि आफ्नो नक्सामा पारेको विरोधमा सबभन्दा पहिले विज्ञप्ति जारी गऱ्यो। (उक्त विज्ञप्ति गताङ्कमा प्रकाशित छ।) त्यसको लगत्तै भक्तपुरमा विरोध जुलुस र सभा गऱ्यो। अहिलेसम्म भक्तपुर, काठमाडौँ, ललितपुर, कालिकोट, जुम्ला, दैलेख, सुर्खेत, कैलाली, बाँके, अछामलगायतका जिल्लाहरूमा विरोध जुलुस र सभाहरू गरिसकेका छन् र त्यो क्रम जारी छ।

भारतीय अतिक्रमण विरूद्धका केही अभिव्यक्ति–

**दे**शको भूमि अतिक्रमण हुँदा बेवास्ता गर्ने र अन्तर्राष्ट्रिय अदालतमा मुद्दा दिन नमान्ने सरकारमा गएका पार्टीका प्रधानमन्त्री र नेताहरू दोषी छन्।

बेलायती भारतको शासनमा म्याकमोहन भन्ने नापी कर्मचारीले चीनतर्फको सीमा रेखा कोरेको नक्सालाई चीनले स्वीकार गरेको छैन। भारतले कोरेको नेपाल–भारत सीमा नक्सा पनि नेपालले स्वीकार गर्नुहुँदैन। नेपालको एकजना कर्मचारीले सही गरे नेपाल हार्ने स्थिति हुन्छ। यसतर्फ सरकार सचेत हुनुपर्छ तर सचेत भएको छैन।

**– नारायणमान बिजुक्छेँ (रोहित)**

**अध्यक्ष, नेमकिपा**

*(१२० औँ अक्टोवर क्रान्ति दिवसको अवसरमा कर्मचारी समाज, नेपालद्वारा कार्तिक २९ गते आयोजित प्रवचन कार्यक्रममा)*

---

**प**ञ्चायती सरकारले सुस्ता बचाउन नसकेको र नेकाको सरकारले कोसी र गण्डक जोगाउन नसकेकोमा विरोधगरी जेल–नेल र सशस्त्र द्वन्द्व गरेका पार्टीका नेताहरू पटक–पटक सरकारको नेतृत्वमा छन्। तर भारतीय विस्तारवादबाट नेपाली भूमि अतिक्रमण रोकिएको छैन। यसले बहुदल र गणतन्त्रका सरकारहरू पनि राणा, पञ्चायत सरकारहरूकै पदचिन्हमा हिँडेको पुष्टि हुन्छ। देशको सीमा सुरक्षा नभएको हुँदा के सरकारमा गएका नेताहरू नेपाली लेण्डुप दोर्जे हुने त होइनन् ? जनताले प्रश्न उठाउँदै छन्।

**– प्रेम सुवाल**

**सचिव, नेमकिपा**

*(प्रम ओलीले कार्तिक २४ गते बोलाएको सर्वपक्षीय बैठकमा)*

---

**भा**रत आफूभन्दा साना र कमजोर देशहरूमाथि हस्तक्षेप र भूमि अतिक्रमण गर्दै अन्तर्राष्ट्रिय स्तरमा शक्तिशाली बन्ने होडमा लागेकोले अन्तर्राष्ट्रिय जगतमा भारतीय विस्तारवादको विरोध गर्नु आवश्यक छ। यो समयमा हरेक देशभक्त र न्यायप्रेमी नागरिक भारतलाई पराजित गर्न लड्नु पर्छ।

**– सुनिल प्रजापति**

**प्रमुख, भक्तपुर नपा**

*(नेपालको सिमानाबारे मंसिर ३ गते ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज अफ इञ्जिनियरिङद्वारा आयोजित प्रवचन कार्यक्रममा)*

---

**भा**रतीय विस्तारवादविरूद्ध नेपाल मजदुर किसान पार्टीले ५० वर्ष अगाडिदेखि संघर्ष गर्दै आएको छ। देश जोगाउने हो भने हिजोभन्दा चर्को रूपले भारतीय विस्तारवाद र एकाधिकार पूँजीविरूद्ध लड्न सक्नुपर्छ। अन्यथा देश जोगाउन गाह्रो हुन्छ।

**– सुरेन्द्र राज गोसाई**

**प्रदेशसभा सदस्य**

*(कार्तिक ३० गते टोखाको विरोध सभामा)*

---

**भा**रतले अतिक्रमण गरेको भूमि फिर्ता लिन नेपाल सरकार अन्तर्राष्ट्रिय अदालतमा जानुपर्छ। तर नेकपाको सरकार भारतीय विस्तारवादको दलाल सरकार भएकोले गएको छैन। देशले दुःख पाइरहेको बेला विद्यार्थीहरू सङ्घर्षको मैदानमा उत्रनुपर्छ।

**– सृजना सैंजु**

**प्रदेशसभा सदस्य**

*(विद्यार्थी हित समिति भक्तपुरले मंसिर ३ गते आयोजना गरेको भारतीय अतिक्रमणविरूद्धको जुलुस तथा सभामा)*

# सुगौली सन्धि मान्ने कि १९५० को ?

प्रकाश नेपाल

राष्ट्रघाती महाकाली सन्धिका सहयात्री र मतियार नेका र तत्कालीन एमाले बीच अहिले राष्ट्रघातकै सन्दर्भमा गम्भीर मतभेद देखिएको छ। भारतले हालै प्रकाशित गरेको नक्साको विषयमा नेकाका सभापति शेरबहादुर देउवाले प्रम केपी ओलीमाथि गम्भीर आरोप लगाएको छ– ओलीको राष्ट्रवाद कालापानीमा गएर समर्पणवादमा परिणत भएको छ, लम्पसारवादमा परिणत भएको छ। नेपालको भूमि समेटेर भारतले नयाँ नक्सा त्यसै छापेको होइन, ओलीसँग सल्लाह गरेरै छापेको हो। ओलीको सहमतिविना भारतले त्यस्तो नक्सा छाप्नै सक्दैन। देउवाले यो पनि भनेका छन्– (कालापानी र लिपुलेक) दुवै भारतलाई बुझाएर सबैभन्दा राष्ट्रघात गरेको छ।


यो पछिल्लो वाक्यले २०५२ सालमा देउवा प्रम छँदा गरेको महाकाली सन्धि पनि राष्ट्रघातकै कोटीमा परेको परोक्ष स्वीकारोक्ति देखिन्छ। त्यो एक थियो अहिले दुई भयो फरक यत्ति हो। देउवाले ओलीको समर्पणवाद र लम्पसारवादको कुरा गर्दैगर्दा प्रम ओलीले एक इन्च जमिन मिच्न नदिने र नक्सा सच्याउनेभन्दा अतिक्रमित भूमि फिर्ता लिने उद्घोष गर्दै, भने 'हाम्रो जमिनबाट हाम्रा छिमेकीहरूले सेना फिर्ता लैजानुस्।'

नेपाली भूमिमा छिमेकी भारतीय सेनामात्र छ, तब 'छिमेकीहरू' भन्दा के चिनियाँ सेना पनि नेपालमा छन् ? अथवा भारतलाई मात्र भन्ने आँट नभएर त्यस्तो शब्द प्रयोग गरेका हुन् ? त्यस्तै भारतले नेपालको ६० हजार हेक्टरभन्दा बढी भूमि अतिक्रमण गरेकोमा ब्यापक विरोध भइरहेको बेला अर्को छिमेकी चीनले पनि नेपाली भूमि अतिक्रमण गरेको हल्ला फैलाइएको छ। यो यथार्थभन्दा पर भारतलाई खुसी पार्ने र चाकडी गर्ने निकृष्ट हल्ला मात्र हो।

देउवाको आरोप कति सत्य छ त्यो पछि स्पष्ट हुने नै छ जसरी तत्कालीन प्रम गिरिजाप्रसाद कोइरालाले गरेको टनकपुर 'समझदारी' राष्ट्रघाती सन्धि प्रमाणित भएको थियो। त्यस्तै देउवाले टकनपुर सन्धिसमेत गाभेर गरेको महाकाली सन्धि राष्ट्रघाती सावित भएको छ।

देउवाको गम्भीर आरोपको प्रतिवाद या स्पष्टिकरण ओलीबाट आएको छैन। यद्यपि राष्ट्रघाती महाकाली सन्धिका मतियारहरूबीचको यो सन्दर्भले 'सर्पको खुट्टा सर्पले देख्छ' भन्ने आहानमात्र चरितार्थ भएको छ। यो राष्ट्रघातमा को प्रथम भन्ने प्रतिस्पर्धाकै परिणाम भएको धेरैको बुझाइ छ।

भारतले नेपालको भूमि गाभेर नयाँ नक्सा प्रकाशित गरेपछि नेपालमा ब्यापक विरोध भएको छ। त्यस नक्साबारे भारतले आफ्नो सार्वभौम सीमा निर्धारण गरेको,'नयाँ नक्साले कहीँकतै पनि नेपालसँगको सीमा परिमार्जन नगरेको' बताएको छ। तर बृटिश इन्डिया सरकारले बनाएका नक्साहरू, बृटिश–इन्डिया र नेपालबीच भएको सुगौली सन्धि र त्यसको तत्कालै बनेका नक्साहरू, नेपालमा भएका जनगणनाहरू, २०३७ सालमा




चित्र : इन्टरनेट

नेपालमा भएको जनमतसङ्ग्रहसम्म कालापानी क्षेत्रका जनताले मतदान गरेको आदि दसी प्रमाणको आधारमा भारतको भनाईले मेल खाँदैन। नयाँ नक्सा बनाएर भारतले बलमिचाइ गरी नेपालको भूमि कब्जा गरेको नै तथ्य र प्रमाणबाट दृष्टिगोचर हुन्छ।

हामी नेपालीहरू भारतको सार्वभौम सीमाको सम्मान गर्छौं, छिमेकी र 'घनिष्ठ मित्र' भएको नाताले नेपालको सार्वभौम सीमाको पनि उसले इमानदारीपूर्वक सम्मान गर्नुपर्छ। यो दुवै देशको अन्तर्राष्ट्रिय कर्तव्य हो। यसमा नेपाल इमानदार छ तर भारतको इमानदारी दिउँसै बत्ती बालेर खोज्दा पनि भेटिएको छैन। अन्यथा नेपालको ६० हजार हेक्टरभन्दा बढी भूमि भारतले अतिक्रमण गरेको कुरा आउने नै थिएन।

वर्तमानमा नेपालको सीमा पूर्व मेची र पश्चिम महाकाली हो। यो सुगौली सन्धिले निर्धारण गरेको तथ्य त्यसको धारा ५ ले स्पष्ट गरेको छ। त्यस धारामा *नेपालका राजा, महाराजा र तिनका उत्तराधिकारी, सन्तान, दरसन्तानले महाकाली नदीपारि पश्चिमका जनतासँग सम्पर्क गर्न पाउने छैनन्* लेखिएको छ। यस व्यहोराले नेपालको पश्चिमी सीमा महाकाली नदी भनी किटान गरेको स्पष्ट छ।

पश्चिमी सीमा महाकाली नदी भनेपछि यसको मुहान लिम्पियाधुरा हुन्छ। लिम्पियाधुरा मुहानबाट बगेको नदीभन्दा यता नेपाल र उता भारत हुन्छ। सुगौली सन्धि गर्ने बृटिश–इन्डिया सरकारले नै स्वीकार गरेपछि आजको भारतले पनि मान्नै पर्छ, अन्यथा भन्नु र गर्नु हरेक दृष्टिले अनुचित हुन्छ। त्यसैले भारतले नयाँ नक्सामा 'सार्वभौम सीमा निर्धारण गरेको' होइन, नेपालको सार्वभौम सीमा मिचेर विस्तारवादी नीति प्रदर्शन गरेको हो यसमा कुनै विवाद छैन।

भारतले बृटिश–इन्डिया सरकार र नेपालीबीच भएको सुगौली सन्धिको उल्लंघन गरी नयाँ नक्सा प्रकाशित गरेका मात्र होइन बेलायती उपनिवेशबाट मुक्त भएपछिको स्वतन्त्र भारतको सरकार र नेपालको राणा सरकारबीच भएको सन् १९५० को सन्धि पनि पालना गरेको छैन।

नेपालमा राणा शासनको विरोध व्यापक हुन थालेपछि सन् १९५० जुलाई ३१ (वि.सं. २००७ साउन १६ गते) मा 'नेपाल–भारत शान्ति तथा मैत्री सन्धि' भएको थियो। १० धाराको त्यस सन्धिको धारा ८ मा भनिएको छ– *जहाँसम्म यहाँ उल्लेख भएका कुराहरूको सवाल छ तिनको हकमा यो सन्धिले नेपाल सरकार र भारत सरकारको तर्फबाट ब्रिटिश सरकारको बीचमा भएका सबै सन्धिहरू, सम्झौताहरू र प्रतिज्ञापत्रहरूलाई खारेज गरेको छ।*

माथिको व्यहोराले सुगौली सन्धिले खुम्च्याएको नेपाल पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म फैलनु पर्दछ। किनभने सुगौली सन्धि भन्दा पहिले नेपालको पूर्वी सीमा मेची होइन टिस्टा र पश्चिमी सीमा महाकाली होइन काँगडासम्म थियो। तर स्वतन्त्र भारतको सरकारले गरेको १९५० को सन्धिको प्रावधानअनुसार नेपालको मेचीपारि र महाकाली पारिको भूमि भारतले नै अनधिकृत रूपमा कब्जा गरिराखेको छ।

यसरी भारतले सन् १८१६ को सुगौली सन्धि र सन् १९५० को शान्ति तथा मैत्री सन्धि दुवैको पालना नगरेको घाम जत्तिकै स्पष्ट छ। यदि उसले सुगौली सन्धि मान्ने हो भने उसले नेपालको सीमा महाकाली र मेचीको सम्मान गर्नुपर्छ। होइन स्वतन्त्र भारतले गरेको १९५० को सन्धि मान्ने हो भन्ने पूर्वमा मेचीपारि टिस्टा र पश्चिममा महाकालीपारि काँगडासम्मको भूमि छोड्नु पर्छ। यो नै राजनीतिक, तार्किक र अन्तर्राष्ट्रिय मूल्य–मान्यताको अनुकूल हुन्छ।

तर भारतले पूर्व सन्धिहरूलाई पालना नगरी उल्टो उल्लंघनमात्र होइन जबर्जस्ती नेपालको भूमि मिच्दै, कब्जा गर्दै जाने उसको नीति र व्यवहारमा न छिमेकीपन छ न मैत्रीपूर्ण, न संरा संघको इमानदार सदस्य छ नत अन्तर्राष्ट्रिय कानुनको सच्चा पालक। वस्तुतः विस्तारवादी र साम्राज्यवादी भएको तथ्यमात्र प्रमाणित गर्दछ।


xflb{s ;dj]bgf



**स्व. मरस्या पोडे**

**जन्म : २००८ | निधन : २०७६ कार्तिक २८**

यस नगरपालिकाका कर्मचारी श्यामसुन्दर पोडेका पुजनीय पिता **मरस्या पोडे**को असामयिक निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

# उत्तरी नर्वेको एक हप्ता यात्रामा जाँदा (२)



अनिता प्रजापति

**हुतुरिता** (Hurtigruten) **डायरी**

त्रोन्ह्याम (Trondheim) बाट ३०० किमि को दूरीमा रहेको Mojsoen मा ५:१५ घण्टाको रेल यात्रा गरी पुग्यौं। जहाँ उक्त रेलबाट आएका यात्रीहरूलाई स्यान्नेसोयन (Sandnessjoen) सम्म पुर्‍याउने गाडी कुरिरहेको थियो। यात्री ६ जनाजति मात्रै थियौं तर यात्रीलाई असहज नहोस् भनेर यस्तो सुविधाको बन्दोबस्त गरेको रहेछ सरकारले। हाम्रो देशमा भए त ट्याक्सीमा जानुपर्ने बाध्यता हुन्थ्यो। करिब १ घण्टाको गाडीमा बस्दा ११ किमि लामो सुरुङ र १ किमि लामो हेलगल्याण्ड पुल पार गरेपछि स्यान्नेसोयन पुग्यौं। अनिता बाक्केनले हामीलाई स्वागत गर्दै चिया दिइन् र आराम गर्न कोठा देखाइन्। हामी पुग्ने थाहा पाएपछि अनिता बाक्केन र ह्यारी बाक्केनले त्यस ठाउँको परिचय गराउन केही योजनाहरू बनाएका थिए। सोही दिन नर्वेको ठूलो र राम्रो जहाज १ बजे आइपुग्ने कुरा बताइन्। उक्त हुत्तुरिता (Hurtigruten) नामको ठूलो जहाजमा बस्ने ब्यवस्था मिलाएका रहेछन्। हामी १ बजेभन्दा केही मिनेट अघि हुत्तुरिता आइपुग्ने बन्दरगाहमा पुग्यौं। टिकट काट्दै थियौं १ बजिसकेको रहेछ जहाज अघि बढ्न थाल्यो। ९ तलाको उक्त जहाजमा हुत्तुरिता नाम ठूलो अक्षरमा लेखिएको थियो 'त्रोलफ्र्योद' (TROLLFJORD)। एक यात्रामा १०-१२ दिन लामो यात्रा गर्दो रहेछ उक्त हुत्तुरिताले। नर्वेको उत्तरबाट यात्रा सुरु गरेको उक्त हुत्तुरिता दक्षिणसम्म पुग्दा नर्वेको तटीय क्षेत्रमा पर्ने अधिकांश ठाउँहरूमा कतै १५ मिनेट, कतै आधिघण्टा, कतै एक घण्टा रोकेर यात्रीहरूलाई सो ठाउँ बारे जान्न बुझ्न पर्यटक गाइड राखेर घुमाउँदो रहेछ। हामीले स्यान्नेसोयनबाट ब्रोन्नेसुन (Bronnoysund) सम्मको टिकट काटेका थियौं। स्यान्नेसोयनबाट ३ घण्टाको दक्षिणतर्फको यात्रा रहेछ। क्रुज चढ्ने इच्छा पूरा भइरहेकोले भित्रभित्रै निकै खुशी थिएँ र बाक्केन परिवारलाई धन्यवाद दिएँ। जहाजमा यात्री बस्ने राम्रो लाउन्ज थियो। केही क्षणमा माइकिङ सुनियो इङ्लिस र नर्वेजियन भाषामा। नर्वेको प्रख्यात हिमाल 'सेभेन सिस्टर्स' (seven sisters) नामाकरण गरिएको हिमालहरू पार गर्दै थियौं, त्यसैको बारे भनिरहेको रहेछ। हुत्तुरिताको दायाँतर्फ निकै नै लोभलाग्दो गरी हिउँले झप्पक ढाकेकी 'सेभेन सिस्टर्स' हामी सबैलाई हाँसेर स्वागत गरिरहेझैं लाग्यो। निकै नै रमणीय दृश्य थियो। मजाले घाम लागेको दिन थियो जुन यो याममा कममात्रै हुन्थ्यो। शान्त निलो नर्वेजियन समुद्रको दृश्य साँच्चिकै मन लोभ्याउने खालको थियो। निलो आकासको प्रतिबिम्ब निलो समुद्रले दिइरहेको थियो। समयलाई यही रोक्न पाए हुन्थ्यो त्यस्तै भान भइरह्यो।

हुत्तुरितामा एउटा हलमा वृत्तचित्र पनि प्रदर्शन भइरहेको थियो। ध्रुबीय अनुसन्धानबारेको थियो उक्त वृत्तचित्र। एकैछिन हेरेर हामी पुनः जहाजमा भएका अन्य कुराहरू हेर्न निस्कियौं। रेस्टुरेन्ट, क्याफे, पसल, प्रदर्शनी हल पनि भित्रै थियो। हामीले पनि हुत्तुरिताको खाना खायौं। यात्रीहरू आफ्नै धुनमा रमाइरहेका थिए। रमाइलो वातावरण कति चाँडो बित्दो रहेछ हामी गन्तव्यमा पुगिसकेका रहेछौं। घडीमा ४ बजेको रहेछ। 'संसारको सबैभन्दा सुन्दर यात्रा' को रूपमा परिचित यात्राको केही अंश अनुभव गर्न पाएकोमा हामी निकै खुशी थियौं र मौसमको साथले अविस्मरणीय बनाइरहेको थियो।

ब्रोन्नेसोयनमा हामीलगायत अन्य यात्रीहरू पनि झरे। उनीहरूको यात्रा भने १ घण्टाको लागि मात्रै थियो, जहाजमा माइकिङ भएअनुसार। हाम्रो त यात्रा नै यहिं सम्मको थियो। केहिबेर घुमफिर गरेर हामी पुनः स्यान्नेसोयन फर्किन पर्ने थियो। स्यान्नेसोयनको लागि गाडी ६ बजे लाग्ने रहेछ। ब्रोन्नेसोयन पनि स्यान्नेसोयन जस्तै सानो गाउँ रहेछ। हेर्दा सबै उस्तै देखिने खालका रङ्गिविरङ्गी घरहरू। हिउँदमा सबै सेताम्मे हुने हुँदा प्रकृतिलाई सुन्दर देखाउन यस्तो रङ्गरोगन गरिएको रहेछ। ब्रोन्नेसोयन बस स्टपमा गाडी कुरिरहेको थियो। यो बसको यात्रा पनि हाम्रो लागि नौलो नै रह्यो। स्यान्नेसोयनसम्म जमिन जोडिने नभएकोले बाटो भएको ठाउँसम्म बसमा अनि बसलाई नै जहाजमा राखेर पारी पुर्‍याइन्छ अनि फेरि गाडी बाटोमा गुदाउँदो रहेछ। त्यस्तो जहाजलाई फेरी (Ferry) भनिन्छ। ३ घण्टामा हुत्तुरिताबाट आएका हामी पुनः ३ घण्टा बस-फेरी-बस-फेरी-बस गरी ९ बजे घर पुग्यौं। फेरी पनि ३ तलाको थियो। बस भित्रै बसे पनि हुने अथवा ओर्लेर डेक (deck) वा लाउँजमा बसे पनि हुने खालको थियो। १५ मिनेटको र आधि घण्टाको दुईटै फेरीमा रेस्टुरेन्टको व्यवस्था थियो। ८ बजेको सुर्यास्त फेरी बाटै हेर्दै दिन बितेको थाहानै पाएनौं। अनिता र ह्यारीलाई यस्तो राम्रो अवसर दिएकोमा

धन्यवाद दिँदै दिनलाइ बिट मार्‍यौं ।

## नर्वेको रेलबाट आर्कटिक सर्कल पार गर्दा

नर्वेको रेल उत्तरतर्फ बोदो (Bodo) सम्म मात्रै जान्छ । बोदोबाट त्रोन्ह्याम (Trondheim) पुग्न १० घण्टा लाग्छ जुन ७२९ किमि लामो लिक हो । उत्तर नर्वेबाट फर्किने क्रममा हामीले रेलको टिकट क्रोनर ८३९ (नेरु १०,९००) मा विद्यार्थी छुटमा अघिल्लो दिननै मेशिनबाट आफै काटेका थियौं, वैगन ४ को सिट नं. १ र २ । बोदो एउटा सानो शहर हो र सबै किसिमले सुविधासम्पन्न देखिन्थ्यो । ह्वेल माछा हेर्नलाई प्रख्यात यस ठाउँ बाटो, भवन, चर्च, संग्रहालयलगायतले सुसज्जित थियो । नर्दन लाइट (Northen light) हेर्न थुप्रै मान्छेहरू नर्वे जान्छन् जुन डिसेम्बर जनवरीमा यहाँबाट पनि मज्जाले हेर्न सकिन्छ । धेरैले यसलाई जीवनमा एक पटक हेर्नपर्ने दृश्यको रूपमा पनि लिइन्छ । आकाशमा हरियो प्रकाश नाचिरहेको जस्तो देखिने विशेष किसिमको प्रकाश जुन सूर्यको किरणमा पृथ्वीको चुम्बकीय प्रभावका कारण देखिन्छ । अप्रिल महिना लागिसकेको हुनाले यो मौका भने हामीले गुमायौं । यो ठाउँ पनि एउटा मूख्य बन्दरगाह रहेको हुनाले चहलपहल राम्रै थियो । सुसज्जित पुस्तकालयले मन नै लोभ्याएको थियो । पुस्तकका अलावा पढ्ने ठाउँको राम्रो व्यवस्थाले पुस्तकालयलाई आकर्षित बनाएको थियो । सफा र स्वच्छ वातावरणको त कुरै नगरौं,



gj]{hog kl/jf/;Fhxfhdf ofqf ub{}nvsf -afofF6 klxnf]

त्यसलाई अति आवश्यक चिज झैं गरी व्यवस्था मिलाएको छ । केही क्षणको घुमफिर पछि रेलमा खानलाई भनेर बर्गर प्याक गरेर रेल चढ्यौं । साह्रै कम घाम लाग्ने भएकोले घाम लागेको दिनलाई राम्रो दिन भन्दा रहेछन् सबैजना । राम्रो दिन थियो, रेल ठीक १२:३० मा बिस्तारै अघि बढ्यो । खालि खालि नै थियो रेल । हिउँले ढाकेको शहरलाइ बिस्तारै पार गर्दै फ्योर्ड (Fjord- समुद्र छिरेको ठाउँ) को बाटो हुँदै तल झर्दै गर्दा नर्वेको सौन्दर्य देखिन थाल्यो । गर्मीयाममा राम्रो देखिन्छ भन्ने सुनेको तर आफू जाडो याममा पुगेको हुँदा त्यस्तो राम्रो केही देखिन पाइएला भन्नेमा आश थिएन तर बिस्तारै रेल अघि बढे सँगै यसले नर्वेको सौन्दर्यतालाई उघारेको अनुभूति हुन थाल्यो । भिडियो र फोटो खिच्दै ती दृश्यहरू कैद गर्न थालें । हिउँले झप्पक्क ढाकेको हिमालको यति नजिकबाट रेल गुडिरहेको थियो, हिमालको छायाँ त्यही फ्योंदमा देखिन्थ्यो, साना बस्तीहरू माझ रेल अघि बढ्दै गयो । साना रुखहरूले घेरेका साना साना ताल जस्तै देखिने फ्योंदहरूमा एक कुनाबाट घामको किरण छिर्दै गरेको दृश्य सांच्चिकै मनमोहक थियो । त्यसै बखत टिकट चेक गर्ने व्यक्ति हाँस्दै हामी माझ आइपुग्यो र अभिवादन गर्दै टिकट देखाउन अनुरोध गर्‍यो हामीले पनि अभिवादन फर्काउँदै टिकट देखायौं र शुभयात्रा भन्दै अर्को यात्रीतिर लाग्यो । एकै छिनमा रेलमा उद्घोष भयो हामी आर्कटिक सर्कल पुग्न लाग्यौं भनेर । मैले पुनः मोबाइलबाट भिडियो खिच्न थालें, पूरै सेताम्मे थियो, न रुख बिरुवा, न एउटा घर, न कोही मानिस । तर झण्डै १० मिनेटसम्म हिउँको दृश्यावलोकन पछि एउटा धातुले बनाएको globe पोलमा गाडेको देख्यौं र एक जना साहसी व्यक्ति globe गाडेको ठाउँमा उभेर हामीतिर हेर्दै हाँस्दै थिए । आर्कटिक सर्कललाई चिनाउन उक्त globe राखेको अनुमान गर्दै हामीले पनि आर्कटिक सर्कल पार गरेकोमा मनमनै गर्व गर्‍यौं । रेल आफ्नै गतिमा अघि बढ्दै थियो । बीचबीच स्टेशनमा रेल रोक्दै यात्री चढ्ने र ओराल्ने पनि हुँदै थियो । तर एक ठाउँमा भने रेल ३० मिनेटको लागि रोक्ने उद्घोष सुनियो, त्यहाँ यात्री चढ्ने र ओराल्नको लागि नभई यात्रीलाई लामो समयसम्म बस्दा गाह्रो हुन्छ भनेर ताजा हावा लिनको लागि रहेछ ।

यात्राको बीच एउटा शहरमा ठूलो तेल निकाल्ने कारखाना पनि रेलबाटै देख्यौं, त्यो शहरमा भने बाक्लो बस्ती रहेछ जुन स्टेशनमा यात्री चढेको र ओर्लेकोबाट पनि सजिलै अनुमान गर्न सकिन्थ्यो । यहाँसम्म आइपुग्दा रेलका सिटहरू सबै भरिसकेको थियो । प्रायः यात्रीहरू कि त ल्यापटप कि किताब पढ्न व्यस्त थिए । मैले पनि दुईवटा ibook सुन्न भ्याएँ मोबाइलमा, किताब पढ्दा motion sickness हुने भएर पहिले नै मोबाइलमा डाउनलोड गरेकी थिएँ । सिटहरू आरामदयी नै थिए, सबै सफा सुग्घर देखिन्थे, इन्टरनेटको व्यवस्था थियो, खानेकुरा पनि किन्न पाइन्थ्यो तर महँगो हुने भएकोले हामीले पहिले नै बोकेका थियौं । पूरै हिउँले जमेको नदीको किनारहुँदै पहाडको बाटोबाट तल झर्दै गर्दा कति खेर गन्तव्य स्थल आइपुग्यो पत्तै भएन । २९३ वटा पुल, १५४ वटा सुरुङ पार गरेर बोदोबाट रेल त्रोन्ह्याम करिब रातीको १०:४५ मा पुग्यो । रेल तालिका भन्दा ४५ मिनेट ढिला पुगेको हुँदा त्रोन्ह्याम पुगेको उद्घोष सँगै ढिला भएकोमा माफी मागेको उद्घोष पनि गरियो ।

नयाँ ठाउँमा नयाँ मान्छेहरूसँगको भेट र सौहार्दपूर्ण व्यवहारले प्रभावित त थिएँ नै, साथै उनीहरूको विकास र जीवनशैली हेर्दा हामी त कति धेरै पछाडि रहेछौं जस्तो लाग्यो । सबैले सबैलाई नम्र तरिकाले बोल्ने, अनुहार जुध्यो कि हेलो

भनिहाल्ने, जे कुरामा नि धन्यवाद दिने, गाडीमा चढ्दा चालकलाई हेलो भन्ने र ओर्लंदा धन्यवाद भन्ने चलन रहेछ। हरेक वर्ष जसो कतै न कतै गइराख्दा रहेछन् प्रायः जसो नर्वेजियनहरू। यात्राबाट मान्छेको सोचाइलाई फराकिलो बनाउँछ भन्ने कुरा अनुभव गर्न पाएँ। नर्वेजियनहरू अधिकांशले अङ्ग्रेजी भाषा पनि जान्दछन्। त्यसैले भाषाको खासै समस्या थिएन तर विदेशीले नर्वेजियन भाषा बोल्यो भन्ने उनीहरूलाई सम्मान गरेको ठान्दा रहेछन् र काम गर्दा नर्वेजियन भाषा बोल्नेलाई प्राथमिकता दिँदा रहेछन्। सबै मान्छे शिक्षित र कर्तव्यबोध नभएसम्म भौतिक विकास मात्रले नपुग्ने रहेछ। नर्वेजियनहरू मैले नगरे पनि कसैले त गर्न पर्ने हुन्छ त्यसैले मैले सकेको म आफैं गर्छु भन्ने भावनाबाट प्रेरित भएको पाएँ। अन्तमा शिक्षा र सांस्कृतिक स्तर नउकासिकन जति नै विकास गरे पनि दिगो नहुने रहेछ, त्यसैले भौतिक विकास सँगै शिक्षा र सांस्कृतिक स्तर उकास्न निरन्तर लाग्नुपर्ने देखिन्छ।

## त्रोन्ह्यामको यातायात व्यवस्था

मेरो आफ्नो पी.एच.डी. पनि सार्वजनिक यातायातसँग सम्बन्धित भएको हुँदा नर्वेको यातायात व्यवस्थाबारे बुझ्नु पनि आवश्यक थियो। यातायात व्यवस्था परिवर्तन भएको ५० वर्ष भइसक्दा धेरै परिमार्जनहरू गरेका रहेछन्। अहिले त 'Right to Transport' भन्ने व्यवस्थासमेत भइसकेको रहेछ। सरकारी स्वामित्वमा निजी कम्पनीलाई सचालनको व्यवस्था दिएको रहेछ। निजी कम्पनी टेन्डर मार्फत ५ वर्षको सम्झौतामा संचालनको जिम्मा पाउँदो रहेछ तर सार्वजनिक यातायात नाफामुखी नभएको हुँदा सरकारले आर्थिक सुविधाको व्यवस्था गरिदिएको रहेछ। बाटोको कर, टोल (Toll) बाट उठेको रकमले ५०% सार्वजनिक यातायातको खर्चलाई धान्दो रहेछ। निजी कम्पनीले भने तालिकाअनुसार समयमै गाडी संचालन गरेर यात्रीलाई सुविधा दिनुपर्ने बाध्यता रहेछ। कुनै गाडी १५ मिनेटभन्दा बढि ढिला भए यात्री ट्याक्सी चढेर जान पाउने र त्यस्को भर्पाई उक्त निजी कम्पनीले गर्ने, सम्झौता मै यात्रीको सुविधाको ग्यारेन्टी गर्नुपर्ने बुँदा रहेछन्। त्यसैले सार्वजनिक यातायातबाट कुनै ठाउँमा समयमै पुग्न सकिनेमा ढुक्क हुन सकिन्छ। मोबाइलमार्फत् नै टिकट काट्न सकिने अथवा महिनावारी कार्ड टिकट लिन सकिने व्यवस्थाका साथै गाडीमै टिकट काट्न पनि सकिन्छ तर गाडीमै टिकट लिँदा अन्यभन्दा अलि बढि महँगो छ। त्यसको कारण भने गाडीमा टिकट काट्दा गाडीको समय ढिला हुने भएकोले निरुत्साहित गर्न गरेको रहेछ। गाडी ड्राइभरहरू सबै आफ्नै ड्रेस कोड अनुसारको पोशाकमा देखिन्थे। शनिबार पनि उनीहरू पोशाकमा नै हुन्थे। गाडीको ड्राइभरको समेत यति धेरै व्यवसायिकता देखेपछि नर्वे जस्तो विकसित देश कहाँ पुग्यो र हामी कुन स्तरमा छौं सोच्न बाध्य भएँ। बाटोमा एकजना पनि ट्राफिक देखिँदैनन्। ट्राफिक बत्तिले नै सबैं नियन्त्रण गरेको छ। सबै सचेत भएर नियमको पालना गर्छन्। कोही मान्छे बाटो काट्न लाग्दा रोक्नुपर्ने बाध्यता झैं गरी परैबाट बटुवालाई बाटो काट्न छोडिदिन्छन्।

बस भित्र फोहोर गर्न नपाइने, गाडी सफा हुनुपर्ने, वच्चाभएकाहरूलाई सजिलोसँग बस्न मिल्ने खालको गाडीको व्यवस्था छ। स्टपमा रोक्नको लागि डिस्प्लेमा आफ्नो गन्तव्य स्थल पुगेपछि आफै सिट संगै रहेको घण्टी बजाई निर्देशन दिने पनि व्यवस्था छ। शनिबार र आइतबार अलि कम बस चल्छन् अन्य दिनभन्दा। समय तालिकाअनुसार घरबाट निस्केको खण्डमा स्टपमा पनि कुर्न पर्दैन। तर १० सेकेन्ड मात्र ढिला भएमा वा मान्छे दौडिरहेको देखे पनि गाडी रोक्दैनन्। एक ठाउँमा ढिला भएपछि सबैतिर ढिला हुँदै जाने हुनाले बस आफ्नै समय अनुसार हिँड्छ।

सार्वजनिक यातायातको लागि छुट्टै लेनको व्यवस्था छ। निजी गाडी बढेको हुँदा सार्वजनिक यातायातलाई उत्साहित गर्न यस्तो व्यवस्था गरेका रहेछन्। साथै निजी गाडी चढ्नेहरूले करको साथै बाटो हिँडेबापत टोल (शुल्क) पनि तिर्नुपर्छ। टोल तिर्न कुनै ठाउँमा रोक्नुपर्ने आवश्यकता भने छैन्। गाडीमै स्टिकर हुन्छ, बैक खाताबाट उक्त गाडीको टोल सिधैं काटिन्छ। जम्मा गरेको पैसा सकिन लागेपछि भने टोल सेन्टरमा पुगेपछि भिन्नै किसिमको बत्ति बलेर चेतावनी दिने व्यवस्था छ। साथै पार्किङ कतै पनि निःशुल्क छैन बरु पार्किङ् शुल्क बढाउनु पर्नेमा सरकार जोड दिन्छ। निःशुल्क पार्किङ र तेलको मूल्यमा सहयोगले निजी गाडीलाई बढावा दिने हुँदा यस्तो व्यवस्थाले यातायात व्यवस्थामा समस्या आउने कुरा उनीहरू गर्छन् तर नेपालमा भने यसको उल्टो काम भइरहेको छ। सरकारले नै निःशुल्क पार्किङको व्यवस्था गरिदिएको छ र तेलको मूल्यमा सहुलियत दिएको छ। नर्वेको सार्वजनिक यातायात व्यवस्थाबारै अध्ययन गर्न अन्य देशबाट पनि आउँदा रहेछन्। दिगो विकासमा सार्वजनिक यातायातको नमुना रहेको त्रोन्ह्यामको यातायात प्रशंसनीय छ। तर यस अवस्थामा आउन भने तिनीहरूले निकै मिहिनेत र खर्च गरेको देखिन्छ।

यातायातको सुविधाको लागि बाटो फराकिलो बनाउने सोच पहिले नै विकसित देशमा प्रयोग भइसकेको तर सफल नभइसकेको कुरा Henning Larvog 'Greener Trondheim' का सचिवमण्डलका सचिव भन्छन् 'यस्तो सोचले केही समयमै गाडीको सङ्ख्या पुनः बढ्ने र फेरि पहिलेकै समस्या ठूलो लगानी पछि आउने हुँदा त्यसको सट्टा हालकै व्यवस्थालाई व्यवस्थित गर्नुपर्छ। नेपालको सन्दर्भमा हाल यस्तै भइरहेको छ। यातायात व्यवस्थालाई व्यवस्थित गर्ने नियम लागू नगरिकनै सडक फराकिलो मात्रै गर्ने सोचले कहिल्यै उँभो नलाग्ने बाटोतिर त गइराखेको होइन ? सोच्न आवश्यक देखिन्छ। (समाप्त)

# /f}hdf8n eQmk/Wlz Iff, :jf:Yo / ;+s[taf6 c?n]s]l ;Sg]<

• सुदर्शन अर्याल

निजीकरणको नाममा शिक्षा र स्वास्थ्यको सबै तालाचाबी निजी क्षेत्रलाई दिएको भए सायद यतिबेला भक्तपुर नगरपालिका पनि अरु धेरै स्थानीय तह जस्तै सरकारसँग कर्मचारीलाई खुवाउने तलबको लागि हारगुहार गरिरहेको हुन्थ्यो होला। तर, भक्तपुरले त्यो चाहेन। बरु मनाङमा जन्मिएर इन्जिनियरिङ पढ्न चाहनेहरूको होस् या कर्णालीबाट कम्प्युटर इन्जिनियरिङको सपना पूरा गर्न चाहनेको लागि होस्। सबैलाई उसले भक्तपुर नै बोलायो। तिर्न सकेको पैसा तिर्न पनि भन्यो। तर, शिक्षाबाट बञ्चित गरेन।

अहिले भक्तपुर नगरपालिकालाई कुनै निजी संस्थाको मनपरी सहनुपरेको छ न त केन्द्र सरकारसँग हारगुहार नै गर्नुपरेको छ। शिक्षा, स्वास्थ्य जस्ता अत्यावश्यक सेवामा आफैंसँग पूर्ण छ भक्तपुर। त्यसैले यो अरु स्थानीय तहभन्दा फरक छ।

***भक्तपुर नगरपालिकाबाट ३ वटा विषय अरुले पनि सिक्नै पर्ने देखिन्छ। एउटा शिक्षाको मोडल, अर्को स्वास्थ्यको मोडल र तेस्रोमा कलासंस्कृतिको मोडल।*** यो तीन कुराबाट नै भक्तपुर पूर्ण भएको हो। शिक्षाले नगरवासीलाई चेतनशील बनायो, स्वास्थ्यले उर्जावान र सक्षम बनायो, संस्कृतिले सभ्य र सुसंस्कृत बनायो। साथमा संस्कृतिले नै आयआर्जनको स्रोत पनि देखायो। यो बाहेक अरु सबै गौण भएका छन् भक्तपुरेहरूको लागि।

कुनैपनि देशका नागरिकहरूले सरकारसँग राख्ने अपेक्षा पनि यिनै हुन्। आफ्नो व्यक्तिगत पहलमा सम्भव नभएका अत्यावश्यक सेवाको पूर्ति नै नगरवासीप्रति गरेको न्याय हो। न त ठूला ठूला कायापलटको सपना न त पूरा नहुने आश्वासन नै। केवल जनताको दैनिक जनजीवनलाई सहज गराउने लक्ष्यसहित अघि बढेको भक्तपुर नगरपालिका विभिन्न पूर्वाधारको हिसाबले एउटा उदाहरणीय नगरको रूपमा विकास हुँदै आएको छ। सो नगरपालिकाको विकास यही ३ कुरामा केन्द्रित छ– स्वास्थ्य, शिक्षा र संस्कृति।

## भक्तपुरको स्वास्थ्य मोडल

भक्तपुर नगरपालिकाको स्वास्थ्य सेवाको मोडल अरु स्थानीय तहकोभन्दा भिन्न छ। कोही बिरामी भइसकेपछि अस्पतालमा भौतारिँदै जानै पर्दैन। हरेक दिन बिहान टोल टोलमा सेतो कोट लगाएर आउने नर्सहरूलाई आफू कुशल रहेको समाचार सुनाउँदै सुरु हुन्छ नगरवासीको दैनिकी।

स्थानीय जनप्रतिनिधिहरू निर्वाचित भएर आएलगत्तैदेखि नगरपालिकाले हरेक घर–घरमा निःशुल्क नर्सिङ सेवा दिन सुरु गरेको थियो। यो केवल स्वास्थ्य सेवामात्रै थिएन। नगरवासीहरूको स्वास्थ्यको बारेमा गरिएको एउटा जनगणना पनि थियो। जुन सेवाअनुसार दैनिक दुई घण्टा (बिहान ७ बजेदेखि ९ बजेसम्म) स्थानीय महिला स्वयं सेविकासहितका विभिन्न युनिटहरू टोलटोलमा र घरघरमा आउने गर्छन्। उनीहरू आएर स्वास्थ्य सम्बन्धी पारिवारिक विवरणहरू तयार नभएको भए तयार पार्छन्। अशक्त तथा वृद्धवृद्धाहरूको आवश्यकता अनुसार हेरविचार गर्छन्। घरमै अक्सिजन दिनुपर्नेहरूलाई अक्सिजन दिने र चिसो तातो सेक्ने विषयमा आवश्यक हेरविचार गर्न सिकाउँछन्। सुत्केरी आमाको स्याहार सुसार गर्न सिकाएर जान्छन्। सामान्य स्वास्थ्य समस्यामा कोही पनि अस्पताल दौडिहाल्नु नपर्ने बनाउनु नै उनीहरूको जिम्मेवारी हो।

त्योभन्दा ठूलो रोगहरू लाग्यो भने नजिकैको जनस्वास्थ्य सेवा केन्द्रमा गएर ५० रुपैयाँमा विशेषज्ञ सेवा लिन सकिन्छ। त्यहाँ १३ जना विशेषज्ञ डाक्टर, १५ जना मेडिकल अफिसर, ३९ जना प्यारामेडिक्स र अन्य कर्मचारीहरू १५ जनाले २४ सै घण्टा आकस्मिक सहितका सेवा दिनेगरेका छन्। केन्द्रको तथ्यांक अनुसार दैनिक ६०० जनासम्मले त्यहाँ सेवा लिने गरेका छन्। अति जटिल रोगबाहेक अरु सबै उपचार त्यही न्यून शूल्कमा हुने गरेको छ। यस्तै सुविधाका कारण स्वास्थ्यको दृष्टिकोणले अरुभन्दा भिन्न छ भक्तपुर।



यसबाहेक सरकारी र निजी गरी ५ वटा अस्पतालहरू यो नगरपालिका भित्रमात्रै छन्। २५ शय्याको अस्पताल आफ्नै लगानीमा बनाउनको लागि नगरपालिकाले स्वीकृति प्राप्त गरिसकेको छ। यसको निर्माणकार्य पनि तीव्र रूपमा चलिरहेको नगरपालिकाले जनाएको छ।

दैनिक घरघरमा पुगेको नर्सिङ सेवामा

संकलन गरिएको तथ्यांकअनुसार नगरपालिकाले नगरवासीहरूमा सरुवा रोगभन्दा पनि नियमित व्यायामको अभावमा हुने जटिल किसिमका रोगबाट धेरै पीडित भएको निष्कर्ष निकाल्यो । त्यसपछि विभिन्न स्थानमा निःशुल्क व्यायामशालाको सुरुवात गऱ्यो । सुरुमा ५ ठाउँमा राखेको व्यायामशालामा धेरैको आकर्षण बढेपछि अहिले १० ठाउँमा सुरु भइसकेको छ । बाँकी २ ठाउँमा राख्नको लागि सामग्री खरिद भइसकेको छ । निजी जिमखानामा गएर हजारौं तिर्दा पनि नपाउने सेवा नगरपालिकाले निःशुल्क दिएपछि अहिले एकाबिहानैदेखि ती स्थलहरूमा भीड लाग्ने गरेको छ ।

## खेलकुदमा भक्तपुर

खेलकुदतर्फ अहिले अन्तरनगर र अन्तरविद्यालय खेलकुद प्रतियोगिताहरू चलिरहेका छन् । विभिन्न ७२ विद्यालयहरूबीच यस्ता खेलकुद प्रतियोगिता हुने गरेका छन् । यसको संयोजन गर्नको लागि हरेक वडामा एउटा–एउटा वडा खेलकुद समिति गठन गरिएको छ । पैसाको कारणले खेलकुद र शारीरिक व्यायाममा सहभागी हुन नसकेकाहरूलाई निःशुल्क सेवा दिने काम पनि नगरपालिकाले गरिरहेको छ ।

अहिले नगरपालिकाले खेलकुदमा पनि पूर्णकालीन शिक्षक नै नियुक्त गरेर यस्ता शिक्षण सिकाइ गरिरहेको छ । जसअनुसार टेबलटेनिस, भलिबल, फुटबल, कराँते, बक्सिङ, जिम्नास्टिक जस्ता खेलहरू चलिरहेका छन् । 'प्या मिरे' भन्ने परम्परागत रूपमा महिलाहरूले खेल्ने खेल अहिले लोप भइसकेको छ । त्यसलाई पनि जोगाउनको लागि नियम बनाइसकिएको छ । अब बुढापाकाहरूसँग यो खेलको बारेमा बुझेर यसलाई पनि जीवन्तता दिने तयारी भइरहेको नगरपालिकाले जनाएको छ ।

## भक्तपुरको शिक्षा मोडल

शिक्षाको हिसाबले भक्तपुर जिल्ला नै धेरै पहिलेदेखि रोलमोडलको रूपमा रहेको थियो । स्थानीय तहलाई संविधानले नै शिक्षा र स्वास्थ्यको पूर्ण अधिकार दिएपनि भक्तपुर नगरपालिका आफैमा नमूना स्थानीय तह बनेको छ । महानगर र उपमहानगरपालिका जस्ता स्थानीय तहले समेत शिक्षा र स्वास्थ्यको लागि केन्द्रसँग हारगुहार गरिरहेको बेलामा भक्तपुरले आफ्नै स्वामित्वका सातवटा शिक्षण संस्था मार्फत् जनशक्ति उत्पादन गर्दै आएको छ । नगरपालिकाको स्वामित्वमा रहेका शिक्षण संस्थाहरूमा ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, शारदा मावि र शारदा कलेज रहेका छन् । यी सबै शिक्षण संस्थाहरूबाट ५ हजारभन्दा धेरै विद्यार्थीहरूले शिक्षण सेवा पाइरहेको भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले जानकारी दिए ।

अहिले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ख्वप इन्जिनियरिङ कलेजबाट स्नातक र स्नातकोत्तर तहका गरी १ हजार ५ सयको हाराहारीमा विद्यार्थीले अध्ययन पूरा गरिसके भने मनाङबाहेक ७ जिल्लाबाट अध्ययन गरिसकेका छन् । जिल्लाका ११०० विद्यार्थीहरू अध्ययन गरिरहेको प्रजापतिले जानकारी दिए । अहिले ख्वप कलेज अफ इन्जिनियरिङमा कम्प्युटर इन्जिनियरिङसमेत शूरू भएको छ । अरु पनि यस्तै ६ वटै कलेजहरूबाट नगरपालिकाले शिक्षण सुविधा दिँदै आएका छन् । सुपथ मूल्यमा विद्यार्थी अध्ययन गराउनको लागि वार्षिक सात वटै संस्थाको कूल खर्च ५०–६० करोडभन्दा धेरै आउने नगरपालिकाले जनाएको छ ।

## कला संस्कृतिमा भक्तपुर मोडल

यो नेपालकै सबैभन्दा सानो नगरपालिका हो । तर, कला र संस्कृतिको लागि खुल्ला विश्वविद्यालय पनि हो भन्दा फरक नपर्ला । कला र संस्कृतिको विविध पक्षलाई हामी यही एउटा सानो भौगोलिक सीमा भित्र पढ्न सक्छौं । केवल ३ वर्ग किलोमिटरको क्षेत्रलाई पुरानो बस्तीको रूपमा संरक्षण गर्ने नीति नगरपालिकाले लिएको छ । ती क्षेत्रमा बाहिरी मोहोडा एकै शैलीको बनाउनको लागि नगरपालिकाले विभिन्न किसिमका अनुदानको व्यवस्थासमेत गरेको छ । भित्रको डिजाइन नभएर बाहिर देखिने मोहोडा निर्माण गर्नको लागि काठ र इँटाको लागि लाग्ने खर्च नगरपालिकाले ब्यहोर्ने गरेको छ । यस अनुसार थोरैमा प्रतिघर एक लाख ५० हजार र बढीमा ५ लाख रूपैयाँसम्म अनुदान दिनुपरेको प्रमुख प्रजापतिले जानकारी दिए । यसले प्राचीन बस्तीको रूपमा रहेको सो क्षेत्रलाई रंगीचंगी




बनाएर कुरूप हुनबाट जोगाउने विश्वास नगरपालिकाको छ ।

यसरी मूर्त संस्कृति र अमूर्त संस्कृतिको संरक्षण र प्रवर्द्धनमा समेत नगरपालिकाले महत्त्वपूर्ण कार्य गर्दै आएको छ । कला र संस्कृति केवल एउटा पुस्ताको लागि मात्रै होइन भनेर नगरपालिकाले चोक र घरघरमा गएरभन्दा विद्यालयमा नै सबैलाई सांस्कृतिक बाजा, नाचगान र खेलहरूको बारेमा जानकारी दिने गरेको छ । लाखौं रूपैयाँ यही संस्कृतिको संरक्षणको लागि पुरस्कारको रूपमा समेत नगरपालिकाले खर्च गर्ने गरेको छ ।

जस्तो प्राचीन कालमा नेवारी संस्कृतिको रूपमा रहेको र लोपोन्मुख अवस्थामा रहेको 'कसिमला पाँय्' भन्ने खेल संरक्षणको लागि अहिले नगरपालिकाले धेरै ठूलो लगानी गरिरहेको छ । सुरुमा बुढापाकासँग सिकेर ३ जनालाई यो खेल

# टोलटोलमा जिमखाना

केही महिनापहिले मात्र नेपाललाई घरघरमा शौचालय भएको देश भनेर घोषणा गरियो । एक समय थियो, खासगरी २००७ पछिका केही दशक नेपालमा गाउँगाउँमा विद्यालयको माग हुन्थ्यो । कुनै समय छोरी पढाउन अपिल गर्ने नेता र सामाजिक अभियन्ताले केही वर्ष शौचालयको वकालत गर्दै बिताए । आधुनिकतामा प्रवेश गरेसँगै नेपालीले परम्परागत सामाजिक तथा पारिवारिक र व्यक्तिगत मूल्य पालना गर्दै आएका धारणा र मानिसको खाने, पिउने, बस्ने र दैनिक कर्मका अनेक पक्षलाई जाँच्न थाले । यसमा मन नपरेका पक्ष त्याग्दै गए । आफूलाई बाह्य विश्वअनुकूल बनाउँदै लगे ।

खाना बनाउन र खाने तरिका बदले । रुखासुक्खा खानामा हरियोपरियो खानाको मात्रा बढाए । पोषणयुक्त खानाप्रति ध्यान गयो । यी परिवर्तनले हाम्रो जीवनशैली बदल्दै लग्यो । यससँगै कैयन् पुराना रोगले बिदा लिए । बिफर हरायो । हैजा लगभग हराउने दिशातिर गएको छ । तर, यही क्रममा मानिसको जीवनशैली अल्छे, कुर्सीमा बसेर बिताउने, गाउँबेसी नगर्ने, खेतीपाती खासै नगर्ने दिशामा बदलिँदै गयो । खाद्यान्नमा विषादी र रासायनिक पदार्थको मिसावट थपियो । जैविक खानालाई जंक फुडले विस्थापित गर्न थाल्यो ।

आफ्नो भान्छामा मात्र पाकेको खाएर नपुग्ने गरी जीवन व्यस्त भयो । यसले नयाँ रोग लाग्ने सङ्ख्या पनि थप्दै लग्यो । मुख्यतया सुगर, उच्च रक्तचाप, मुटुको समस्या, क्यान्सर लाग्नेहरूको सङ्ख्या थपिँदै गयो । यसबाट बच्ने अहिलेसम्मको कारगर उपाय भने मानिसको सक्रिय जीवनशैली नै देखिएको छ । यसको अर्थ सबैले कोदाली खन्नु या भारी बोक्नुपर्छ भन्ने होइन । सहरमा त बिहान–साँझ हिँड्न पनि बाटाको भिडभाड, सवारी साधनको चाप र धूलोधुवाँ बाधक बनेर देखापरेको छ । यसको समाधानको उपाय भनेको सकेसम्म धेरै नागरिकको सुलभ तरिकाले व्यायामशालासम्म पहुँच विस्तार गर्नु हो ।

भक्तपुर नगरपालिकाले टोलटोलमा निःशुल्क जिमखाना निर्माण गरेपछि व्यायामकै लागि महँगो शुल्क तिर्नुपर्ने निजी जिमखानासम्म पहुँच नभएका नागरिकलाई सुविधा पुगेको छ ।

अहिलेसम्म सरकारले आममानिसलाई लक्षित गरेर यस्ता व्यायामशाला बनाउने गरेको थिएन । केही खेल मैदान र कोठाभित्र खेलिने खेलका लागि खेल रंगशाला भए पनि तिनमा गैरखेलाडीको पहुँच थिएन । यसको समाधान खोज्ने कामको अगुवाइ गरेको छ भक्तपुर नगरपालिकाले । *यसै पनि भक्तपुर नगरपालिका आफ्ना नागरिकको जीवन सहज बनाउन अनेक उपाय अवलम्बन गर्नमा अग्रणी छ ।*

स्वास्थ्य, शिक्षा, सार्वजनिक सडक र पूर्वाधार निर्माणमा जनपक्षधर काम गर्दै आएको भक्तपुर नगरपालिकाले नगरका विभिन्न टोलमा सबैले सहज रूपमा उपयोग गर्न पाउने गरी जिमखाना या व्यायामशाला बनाउन थालेको छ । यस्ता व्यायामशालामा स्थानीय वृद्धवृद्धा, बालबालिकासहित सबै उमेर समूहका नागरिकले निःशुल्क प्रवेश पाउँछन् ।

यो भक्तपुर नगरपालिकाको एक कदम अघि बढेको प्रगतिशील कार्य हो । यसले व्यायामशालाका लागि महँगो शुल्क तिर्नुपर्ने निजी जिमखानामा पहुँच नभएका नागरिकलाई सुविधा पुऱ्याएको छ । मानिसलाई मनोरञ्जन, भेटघाट र व्यायामका लागि सार्वजनिक वृत्त उपलब्ध भएको छ । देशका सबै स्थानीय तहले यस्तो अभियान चलाउने हो भने जनस्वास्थ्यका क्षेत्रमा महत्त्वपूर्ण फड्को हासिल गर्न सकिने निश्चित छ ।

*(नयाँ पत्रिका, सम्पादकीय, २०७६ मंसिर ११)*

➲➲ सिकाइयो । त्यसपछि नगरपालिकामा रहेका सबै विद्यालयका शिक्षकहरूलाई सिकाइयो । उनीहरूले विद्यार्थीलाई सिकाए । त्यसपछि नगरपालिकाले त्यसैको प्रतिस्पर्धा पनि गराइसकेको छ । यसमा पछिल्लो समय विद्यार्थीहरूको ठूलो सहभागितासमेत रहेको नगरपालिकाले जनाएको छ । गत वर्षमात्रै सो प्रतियोगितामा ८० जना सहभागी भएका थिए ।

'भक्तपुरमा मात्रै नाचिने धेरै ऐतिहासिक नाचगानहरू छन् । डाफा भजनहरू, गुठीहरू र संस्कृतिहरू छन् । त्यसलाई प्रशारण गर्ने भनेर त्यसलाई संकलन गरिसकेका छौं ।' प्रमुख प्रजापतिले भने 'केही दिन अघिमात्रै प्रत्येक वडाबाट दुई/दुई जनालाई परम्परागत बाजा सिकाउने कार्यक्रममा सहभागी गरायौं । बुढापाकाहरूबाट त्यो बाजा बजाउने कला युवाहरूलाई सिकाइएको थियो । सिकाइसकेपछि उहाँहरूलाई सम्मान स्वरूप जनही १५ हजार रूपैयाँ दिइएको थियो ।' यसबाहेक पनि भक्तपुरमा रहेका सबै संस्कृतिहरूलाई यसरी नै व्यवहारिक जीवनसँग जोडेर यसको संरक्षण गराउँदै लैजाने काम भइरहेको नगरपालिकाले जनाएको छ ।

अहिले हरेक लोपोन्मुख सांस्कृतिक गतिविधिहरू सबै विद्यालयका शिक्षकहरूलाई पहिले सिकाइन्छ । त्यसपछि उनीहरूबाट विद्यार्थीलाई सिकाउने गरिएको छ । पछिल्लो समय परम्परागत खाना बनाउन हरेक विद्यालयमा सिकाउने गरिएको छ । सोहीअनुसार योमरी बनाउने प्रतियोगिता पनि गर्ने तयारी भइरहेको प्रजापतिले बताए ।

*(अनलाइन खबर, २०७६/७/२८ बाट)*

# भक्तपुरका वडामा अब 'रनिङ मेसिन' सहितका दुइटा निःशुल्क जिमखाना

बिहान होस् वा साँझ, भक्तपुर डुल्दै हुनुहुन्छ भने तपाई सांस्कृतिक सम्पदा अवलोकन गर्दै व्यायाम पनि गर्न सक्नुहुन्छ। हिँड्दा हातखुट्टा तन्काउन, ढाड-घुँडा सोझ्याउन, कम्मर-पेटमा लागेको बोसो घटाउने प्रयास गर्न सक्नुहुन्छ। स्थानीय हुनुहुन्छ भने त गज्जबै भइहाल्यो।

कुनै भऱ्याङजस्ता, कुनै पिङ त कुनै गाडीका स्टेयरिङ जस्ता आधुनिक व्यायामका उपकरण भक्तपुरका प्रत्येक वडामा राखिएका छन्। साना केटाकेटीदेखि बुढापाकासम्म यी उपकरणमा झुण्डिरहेका देखिन्छन्। केटाकेटीलाई त व्यायाम पनि, खेल पनि।

घरभित्र बनेका जिमखाना वा योग कक्षाहरूमा झैं यहाँ पैसा भने तिर्नुपर्दैन। 'रनिङ मेसिन' सहितका यी जिमखाना नगरपालिकाले निःशुल्क उपलब्ध गराएको छ। मेयर सुनिल प्रजापतिकाअनुसार भक्तपुरका सबै वडामा नगरपालिकाले जिमखाना राखिसकेको छ।

करिब ८ महिनाअघि मेयर प्रजापतिलाई भेट्दा नगरपालिकाका दसमध्ये पाँच वडामा मात्रै जिमखाना थियो। कमलपोखरी (वडा नम्बर १०), महाकालीस्थान (६), महेश्वरी (८), सिद्धपोखरी नजिकै (१) र च्याम्हासिंह (९) मा मात्रै निर्माण सकिएको थियो।

बाँकी वडा २, ३, ४, ५ र ८ मा बनाउने तयारी भइरहेको प्रजापतिले जानकारी दिएका थिए। त्योसँगै ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेजमा पनि जिमखाना बनाउन लागिएको थियो। ती सबै ठाउँमा अहिले बनिसकेको छ।

जिमखानाबाट आएको सकारात्मक नतिजा र प्रतिक्रियाबाट हौसिएका प्रजापति आवश्यक वडामा थप एउटा जिमखाना बनाउने दोस्रो चरणको काम गर्न लागेका रहेछन्।

'वडामा एउटै मात्र हुँदा धेरै भिड लाग्यो, सबैले व्यायाम गर्न पाऊन् भनेर दुई ठाउँमा बनाउन लागेको,' प्रजापतिले भने, 'सिद्धपोखरी नजिकै हामीले फेरि बनाइसक्यौं। अरू ठाउँमा पनि आवश्यकता अनुसार बनाउँदैछौं।'

सबै वडामा पहिले नभएको 'रनिङ मेसिन' पनि राखिएको उनले जानकारी दिए।

नगरपालिकामा जिमखाना हुनुअघि कतिपय स्थानीय 'जनस्वास्थ सेवा केन्द्र' मा फिजियोथेरापी गर्न पुग्दा रहेछन्। त्यो सबैको पहुँचमा भने थिएन। मेयर प्रजापतिलाई त्यो देखेपछि ठाउँ-ठाउँमा जिमखाना खोल्ने योजना फुरेको बताउँछन्।

मेयर प्रजापतिले केही समयअघि अमेरिका पुग्दा विभिन्न ठाउँमा शारीरिक व्यायामका उपकरण राखिएको देखेका रहेछन्। त्यस्तै आधुनिक उपकरण आफ्नो ठाउँमा पनि राख्न पाए भन्ने उनलाई लागेछ।

सस्तो, सुलभ र भरपर्दो सामग्री कहाँ पाइन्छ ? थाहा थिएन। करिब डेढ वर्षअघि प्रजापतिका चिनजानका खेलाडीले कटुन्जेमा एक व्यक्तिसँग त्यस्तै उपकरण भएको जानकारी दिए।

'हामी ढिलो नगरी त्यहाँ पुग्यौं। राम्रो काममा किन बेर लाउनु,' प्रजापतिले भने, 'ती मान्छेसँग व्यायाम गर्ने उपकरण सेट नै रहेछ। हामीले हेऱ्यौं र खेल्यौं।'

मेयर प्रजापतिसँगै गएका सबैले ती उपकरण मनपराए। अनि त्यहाँबाट फर्किनुअघि उनले ती व्यक्तिलाई सोधेछन्, 'हामीलाई यस्तै सेट ल्याइदिन सक्नुहुन्छ ?'

चिनियाँ सामान व्यापार गर्ने ती व्यक्तिले ४५ दिनमै ल्याइदिन सक्ने बताएछन्।

'४५ दिन भनेको एक महिनामै उपकरण पायौं,' प्रजापतिले भने, 'त्यसपछि सुरूमा वडा नम्बर १ मा राख्यौं। अनि अरू ठाउँमा।'

सुरुआतमा नगरपालिकाले पाँचवटा मात्रै व्यायाम सेट मगाएको रहेछ। त्यो बेला प्रतिसेट १ लाख ८४ हजार रूपैयाँका दरले किनिएको थियो। हाल उपकरण मूल्य बढेर २ लाख पुगेको



छ। जडान गर्दा र 'रनिङ मेसिन' समेत राख्दा एउटै जिमखाना बनाउन करिब ३ देखि ४ लाखसम्म लाग्ने प्रजापतिले बताए।

जिमखानाहरूको रेखदेख जिम्मा सम्बन्धित वडाका खेलकुद समितिलाई दिइएको छ।

रोग लागेर उपचार गराउनुभन्दा रोगै लाग्न नदिन यस्ता जिमखानाको भूमिका महत्त्वपूर्ण भएको प्रजापति बताउँछन्। यसको महत्त्व बुझेका उनी आफैं पनि यी उपकरण प्रयोग गर्छन्। बिहान डुल्दै माहेश्वरी मन्दिर परिसर पुग्ने हो भने मेयर प्रजापति नै जिमखानामा व्यायाम गरिरहेका देख्न सकिन्छ।

'मेरो घर नै माहेश्वरीमा हो। म बिहान स-परिवार व्यायामका लागि जान्छु,' उनले भने, 'आफूले पनि व्यायाम गर्नुपऱ्यो नि। अरूलाई कस्तो लाग्यो भन्ने कुरा पहिले आफै खेलेरै धेरै थाहा हुन्छ।'

*(तस्बिर : सबिना श्रेष्ठ, सेतोपाटी, २०७६ मंसिर ३)*

# स्थानीय पाठ्यक्रम कति प्रभावकारी ?

कल्पना भट्टराई

भक्तपुरबाट हराइसकेको मौलिक खेल हो, 'कसिमला पाँय्'। परम्परागत यो खेललाई भक्तपुर नगरपालिकाले कक्षा ६ का लागि एक वर्षपहिले विद्यालय तहको पाठ्यक्रममै समेटेको छ। लुडोसँग मिल्दोजुल्दो यो खेल दुई व्यक्तिबीचमा खेलिन्छ। त्यसका लागि एउटा कागजको बोर्ड र १३/१३ वटा गोटी हुन्छन्।

पहिले भुइँमा चित्र कोरेर ढुंगाको सानो टुक्रालाई गोटीका रूपमा प्रयोग गरिन्छ। जित्नका लागि बुद्धिको प्रयोग हुने भएकाले यो खेल बौद्धिकतासँग पनि जोडिएको छ। बालबालिकाको बौद्धिक विकासका लागि पाठ्यक्रममा यो खेल राखिएको नगरपालिकाका शिक्षा शाखा प्रमुख कृष्णप्रसाद कर्माचार्यको भनाइ छ। भन्छन्, 'पाठ्यक्रममा समेटिएपछि शिक्षक र विद्यार्थी दुवैले यो खेल सिक्न पाएका छन्।'

विद्यालय तहकै पाठ्यक्रममा भक्तपुरको परिचय बनेको जुजु धौको सांस्कृतिक, आर्थिक र वैज्ञानिक महत्त्व पनि समेटिएको छ। जुजु धौ बनाउने स्थानीय प्रविधि विद्यार्थीलाई उद्योगमै लगेर सिकाइन्छ। कर्माचार्यका अनुसार पाठ्यक्रममा भक्तपुरका कला, संस्कृति, धर्म, रीतिरिवाज र ऐतिहासिक स्थल समावेश गरिएको छ।

गत वर्ष १ र ६ कक्षासम्म स्थानीय पाठ्यक्रम निर्माण गरेर पढाउन थालिए पनि पाठ्यपुस्तक भने बनाई नसकेको कर्माचार्य बताउँछन्। भन्छन्, 'पाठ्यक्रमअनुसार पढाइन्छ, पाठ्यपुस्तकको ठाउँमा सन्दर्भ सामग्रीलाई पेनड्राइभमा राखेर वितरण गरिँदै आएको छ।' ...

स्थानीय पाठ्यक्रम अन्य पाठ्यक्रमजस्तो गरी पढाउन सकिँदैन। आफ्नै वरपरको परिवेश, संस्कार, संस्कृति र इतिहासमा आधारित हुने भएकाले विद्यार्थीले भन्दा बढी मिहिनेत शिक्षकले गर्नुपर्छ। स्थानीय संस्कृति र अन्य विशेषताबारे शिक्षक स्वयंले अध्ययन अनुसन्धान गरेपछि मात्र विद्यार्थीलाई त्यसबारे पढाउन सक्छन्। ...

सबै स्थानीय तहमा विज्ञ नहुने भएकाले पाठ्यक्रम निर्माण प्रभावकारी नभएको भट्टराईको धारणा छ। शिक्षाविद् विद्यानाथ कोइराला स्थानीय पाठ्यक्रम निर्माण गर्दा कक्षा १ देखि ५ सम्मका बालबालिकालाई आफ्नो क्षेत्रको प्राकृतिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक मठमन्दिरबारे परिचित गराउने खालका विषय पाठ्यक्रमा समावेश गर्नुपर्ने धारणा राख्छन्। स्थानीय पाठ्यक्रममा भौगोलिक स्थिति, त्यहाँको वातावरण, वनस्पति, पशुपंक्षी र तिनको संरक्षण, ज्ञान र सीप दिने खालका विषयवस्तु समावेश गर्दा पाठ्यक्रम उपयुक्त हुने कोइरालाको मत छ।

उनका अनुसार विद्यार्थीको रुचि, आवश्यकता र चाहनालाई आधार मानेर पाठ्यक्रम विकास गर्नुपर्छ। 'विद्यार्थी जुन ठाउँमा हुर्के–बढे, त्यो स्थानबारे जान्नुपर्‍यो,' उनी भन्छन्, 'त्यसको महत्त्व थाहा दिनुपर्‍यो अनि मात्र तिनले आफ्नो ठाउँ चिन्छन्।' ...

पाठ्यक्रम विकास केन्द्रका उपसचिव गणेश भट्टराईका अनुसार केन्द्रीयले समेट्न नसकेका विषयवस्तु स्थानीय पाठ्यक्रमले राख्नुपर्छ। स्थानीय मूल्य, मान्यता, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै आगामी पुस्तामा हस्तान्तरण गर्न सहयोगी हुने उनको अनुभव छ।

कला, संस्कृति, सीप र प्रविधिलाई अन्यत्र फैलाउन, विद्यार्थीमा सूक्ष्म विषयवस्तुको खोज तथा अनुसन्धान गर्ने बानीको




sl;dnf kfFo;Dsf]k|lt:kwf{df eQmk'/sf ljBfyL{x¿

विकास गर्न सकिने, स्थानीय पेसा, व्यवसाय र प्रविधिको प्रवर्द्धन र संरक्षण गर्न सकिने भएकाले स्थानीय पाठ्यक्रमको प्रभावकारिता निकै रहेको शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्मा बताउँछन्। भन्छन्, 'विद्यार्थीमा क्षमताको विकास भई स्थानीय स्रोत–साधनमाथि अपनत्वको भावना बढ्छ। आफू र आफ्नो समुदायप्रति पाठ्यक्रमको माध्यमबाट अझ परिचित हुन्छन्।'

धेरैजसो विद्यालयमा स्थानीय पाठ्यक्रमका नाममा कम्प्युटर र अंग्रेजी विषय पढाइएको छ। साथै, आवश्यकतामा आधारित विषयवस्तु समेटी स्थानीय सरकारले पाठ्यक्रम विकास गरी सबै स्थानीय तहमा लागू गर्नुपर्ने शिक्षाविद् कोइराला बताउँछन्। भन्छन्, 'आफ्नो गाउँठाउँको ऐतिहासिक महत्त्व, भूगोल, संस्कृति, प्रकृति, परम्परागत ज्ञान–सीप जान्न–सिक्ने हक सबै बालबालिकालाई हुन्छ। आफूलाई नचिन्ने शिक्षा पढेर के काम ?'

*(नेपाल साप्ताहिक, मंसिर ८, २०७६ बाट केही अंश)*

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४

प्रमाणीकरण र प्रकाशन मिति : २०७४।६।२९

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ : २०७५।११।१९

(कानुनको अज्ञानता क्षम्य हुँदैन भनिन्छ। हाम्रा पाठकहरूलाई स्थानीय तहबारे सुसूचित गर्न यस अङ्कदेखि **'स्थानीय सरकार सञ्चालन ऐन २०७४'** को जानकारी क्रमशः दिँदै जानेछौँ – 'भक्तपुर' ।)

सम्वत् २०७४ सालको ऐन नं. २६

## स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, –

(क) 'अध्यक्ष' भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) 'उपप्रमुख' भन्नाले नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ।

(ग) 'उपाध्यक्ष' भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ङ) 'कार्यपालिका' भन्नाले गाउँ कार्यपालिका तथा नगर कार्यपालिका सम्झनु पर्छ।

(च) 'गाउँपालिका' भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका सम्झनु पर्छ।

(छ) 'गाउँ सभा' भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ।

(ज) 'जिल्ला समन्वय समिति' भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनु पर्छ।

(झ) 'जिल्ला सभा' भन्नाले संविधानको धारा २२० को उपधारा (१) बमोजिमको जिल्ला सभा सम्झनु पर्छ।

(ञ) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ट) 'नगरपालिका' भन्नाले संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहा-नगरपालिकालाई समेत जनाउँछ।

(ठ) 'नगर सभा' भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्छ।

(ड) 'न्यायिक समिति' भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्छ।

(ढ) 'पदाधिकारी' भन्नाले कार्यपालिकाको अध्यक्ष, प्रमुख, उपाध्यक्ष, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका अन्य सदस्य सम्झनु पर्छ।


(ण) 'प्रमुख' भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

(त) 'मन्त्रालय' भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(थ) 'योजना' भन्नाले आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ।

(द) 'वडा' भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ।

(ध) 'वडा अध्यक्ष' भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ।(**क्रमशः**)



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 43

This dissolution of the alliance, involving an abrogation of the old commercial treaty, left us, with the Nipalese, in the same negative state that we occupied previous to 1792.*

Ran Bahadur immediately availed himself of his liberty, and returned to Nipal, where he was well received by his faithful wife, the Regent Maharani. On his approach to the capital ho was mot by Damudar Pandi, at the head of a large body of troops, who had come out apparently with the intention of opposing his advance. Bira Sen Thappa, who was with the King, and exercised much influence over him, urged his master to seize that favourable opportunity to at once overthrow the Pandi, and secure the allegiance of the troops who were with him. Ran Bahadur, well knowing the loyalty of the Gorkha soldiery, advanced fearlessly to meet them, and toss- ing his cap into the air, exclaimed, "Now, my bravo Gorkhas, who's for the Sail, and who for the jandi?" The appeal was successful. The soldiers crowded round the King with acclamations and cries of devotion ; Damudar Pandi and his son, abandoned by their own troops, were seized, put in irons, and carried to the rear of the royal procession, which advanced, without further opposition, to Kathmandu; and Ran Bahadur entered his capital in triumph at the head of the very troops who had been sent to oppose him.

Damudar Pandi, his son, and a large number of the Pandi party were beheaded at the instigation, it is generally believed, of young Bhim Sen Thappa, who was appointed sole Minister,** who was at that time described by Hamilton as "being as vigorous, ambi- tious, aid unprincipled as his savage master." Ran "Bahadur, finding that the oath of fidelity to his infant, through illegitimate, son, Garwan Jodh Bikram Sah, was considered by the soldiery as still binding upon them, contented himself with the title of Regent, and under that name assumed the government of the country, though, in reality, who exercised the full powers of royalty until his death.

During his Regency ho was guilty of many acts of tyranny, and his violent conduct soon drove a number of chiefs, who were fearful lest their past connection with the

(* Although the two treaties of 1792 and 1801 were thus for- mally abrogated, yet the operation of the treaty of 1792 practically has continued ever since, only it has been strictly unilateral, or observed only by the British. Nipal goods have been, and still are, charged only two and a half per cent, ad valorem duty by us; whilst our merchandise has been, and is, subject in Nipal, under various forms ono way or the other, to treble and quad- ruple of the treaty rates. In all other respects but rate of customs duty, as observed by us only, both treaties after 1804 became a dead letter. The Nipalese profess only to levy two and a half per cent, on British goods; but tolls are not levied in one lump, nor at one time; they are collected piecemeal, and repeatedly in different places and under different forms. The merchant has no means of ascertaining the actual authority for these various charges, nor of calculating beforehand their percentage pressure on his profits. In this way the duties levied in Nipal on British articles of tria.de are Bwollen easily to from seven to ten per cent,instead of remaining at two and a half per cent.)

(** The conclusion of a Lal Mohur from Ean Bahadur to Bhim Sen, on appointing him Minister, is in these terms: — "If I violate this solemn pledged may one hundred and twenty grades of me ancestral relations be turned into tilth-boom insects of hell by the wrath of all the gods and goddesses. If, on the contrary, I keep this pledge, may the gods, in reward, give so many of my ancestors a place in heaven.")

Pandis might bring them to ruin now that Thappa influence was predominant at Court, into a conspiracy with Sher Bahadur (illegitimate half- brother of Ban Bahadur) for the purpose of again getting rid of him.

Ban Bahadur, having learnt of the existence of the plot, by the advice of Bhim Sen suddenly sent for Sher Bahadur, and suggested to him to quit the capital and join the army then engaged in the con- quest of the western hills. Sher Bahadur, having given an insulting reply, was ordered for immediate execution; instantly drawing his sword, he mortally wounded the Begent, but was the next instant him 1 self cut down by Bal Nur Singh Konwar, a Thappa chief, who, for that act of gallantry in defence of his Sovereign, was permitted ever after to wear his shield in Court in the Rajah's presence.*

General Bhim Sen Thappa immediately obtained possession of the person of the young Rajah, then only ten years old, and had him proclaimed King, with the Maharani as Regent, and himself as Premier. He forced the junior Rani, who had opposed his claims to Premiership, and always leaned towards the Pandis, to perform satti with her husband's (Ran Bahadur's) corpse; and under pretext of their having been concerned in Sher Bahadur's conspiracy, caused a large number of chiefs and sardars, opposed to him and his party, to be put to death. Bhim Sen continued as sole Minister of Nipal from this date until 1837.** The Maharani Tripur Sundari, who was his firmally, and is believed to have been bound to him by more tender ties than those of politics, lived until 1832, and maintained her influence in the Court and -mi the country undiminished until her death. She was a legitimate, but left-handed, wife of Ran Bahadur, having been the daughter of a Thappa jemadar of the troops at the capital.Her death, in 1832, was the first material blow to the power of Bhim Sen.

After the dissolution of the alliance in 1804, until 1812, the British intercourse with Nipal was of a desultory and unsatisfactory character. It consisted almost entirely of fruitless attempts to induce the Darbar to assist our border officers in the suppression of Dacoity and robbery in the Terai, and of unavailing remonstrances against the aggressions of the Nipalese on our frontier throughout its entire length. These aggressions appear to have been part of a regular system of determined, but stealthy, encroach- ment upon our territories, which had commenced in 1787, and was continued, without intermission, until 1814, when it became the immediate cause of the Nipal War.

After the death of Ran Bahadur, General Umar Singh Thappa, at the head of a Gorkha army, advanced through the western hills, conquered and annexed Kamaon and Garhwal, and established the authority of the Nipalese over the western hill states, almost to the banks of the Satlaj. **(To be continued)**

(* This Bal Nur Sing Konwar was the father of General Jang Bahadur. For this act of loyalty, he was made a Kaji, and the title and rank of Kaji made hereditary in his family. Jang himself, in accordance with this privilege, became a Kaji on his father's death about 1840. Bal Nur Sing was# wounded severely in the left shoulder at the siege of Kot Kangra, where his father was killed. Jang has in his possession the broken talwar (broken by the violence of the blow) with which his father almost cut Sher Bahadur's body in two.)

(** The Nipal chiefs might, and may, quarrel among themselves for the possession of official dignities under the Crown, but there is not an instance on record of a Gorkha chief setting Viimaolf in open defiance of the Crown for the purpose of establishing independent authority. Nor is there an instance of a Nipal taking bribes from, or selling himself for money to, the British or any other foreign State.

In 1801 Captain Knox wished to take Damudar Pandi and mane of his colleagues into our pay; but they would not listen to the proposal. In 1816, as before in 1801, our Government offered pensions to certain Nipalese sirdars, but the Darbar had foresight enough to reject the offer. )

# jif{#^ sf]ljifo ;'rL

**वर्ष ३६ अङ्क १, २०७५ मंसिर/ सङ्ख्या २६३**



१) नयाँ पुस्ताले राजनीति नगरे देशको स्थिति झन् खराब हुने
२) जुनसुकै क्षेत्रमा पनि इमानदारी आवश्यक
३) भक्तपुर नपामा बोदेबर्साइन नपा, सप्तरीका प्रमुख
४) जनताको सेवा नै ठूलो धर्म
५) 'भक्तपुर नपा अपाङ्गता भएकाहरूको पक्षमा काम गर्दैछ'
६) स्थानीय तह बलियो भए जनता पनि बलियो हुने
७) भुजु पाटी पुनःनिर्माणको शिलान्यास
८) सल्लाघारी – सूर्यविनायक सफाइ कार्यक्रम
९) नेपाल चिनाउने महत्त्वपूर्ण क्षेत्र भक्तपुर बन्ने विश्वास
१०) सांस्कृतिक बाजाको प्रतियोगिताका लागि सांस्कृतिक गुरुहरूको भेला
११) वार्षिकोत्सवमा रोबोटिक्स प्रतियोगिता
१२) सिद्धिलक्ष्मी मन्दिरको साँचो भनपालाई हस्तान्तरण
१३) नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको प्रमाणपत्र वितरण तथा धन्यवाद ज्ञापन
१४) तलातुँथी पाटी उद्घाटन
१५) भक्तपुर नगरपालिकामा ब्यास नगरपालिकाको प्रमण्डल
१६) भक्तपुर नपामा इटहरी उपमहानगरपालिकाका प्रमुख
१७) भक्तपुर चिनियाँ पर्यटकहरूका लागि तीर्थस्थल
१८) प्राविधिक जनशक्ति उत्पादनमा ख्वप इन्जिनियरिङ्ग कलेजहरूको ठूलो योगदान छ–सुनिल प्रजापति
१९) पूँजीवादविरुद्ध निरन्तर संघर्षको नीति आवश्यक – सुनिल प्रजापति
२०) भक्तपुर नगरपालिकाको बैठक निर्णय
२१) मार्क्सको पुनःआगमन – प्रो.रणधीर सिंह
२२) वडास्तरीय बजेट परिचालन तथा कार्यान्वयनसम्बन्धी कार्यविधि, २०७४ ... – हरिराम सुवाल
२३) कला, संस्कृति र सम्पदा संरक्षणमा भक्तपुर नपा – विगोल
२४) सम्पदा निर्माणमा ईँटाको ऐतिहासिक महत्त्व – ओम धौभडेल
२५) भक्तपुरका केही परम्परागत नाच (संक्षिप्त विश्लेषण) – पुरुषोत्तम लोचन श्रेष्ठ
२६) प्राचीन समयमा नेपालमा शासन गर्ने लिच्छवि शासकहरू – सह प्रा.डा. बलराम कायस्थ
२७) मधुमेह (Diabetes) – सुमि खर्बुजा
२८) सेनाको कब्जामा 'जेठो रानीपोखरी'–लीला श्रेष्ठ, मकर श्रेष्ठ
२९) सिद्धपोखरीको पुनःजीवन–थप जानकारी – श्यामसुन्दर
३०) शहरी हरियाली र व्यवस्थापन – सविन ख्याजू
३१) भक्तपुरको जनजीवन एक परिचय – न्हुछेरत्न बुद्धाचार्य
३२) भक्तपुरमा जनै पूर्णिमाको महत्त्व – प्रा.डा.शिवप्रसाद धौभडेल
३३) SKETCHES FROM NIPAL (31)–H A Oldfield
३४) 'भक्तपुर' मासिक **वर्ष ३५ को विषय सूची**
३५) 'नयाँ युग' को चर्चा (सम्पादकको पृष्ठ)

